
पुस - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क १८ | २०७६, पुस १६-२९ | पूर्णाङ्क ६६०



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १० | | |
| इजलास नं. १ | ६ | इजलास नं. १० | ९ |
| इजलास नं. २ | ७ | इजलास नं. ११ | ४ |
| इजलास नं. ३ | ११ | इजलास नं. १२ | १ |
| इजलास नं. ४ | १० | इजलास नं. १३ | ३ |
| इजलास नं. ५ | ३ | इजलास नं. १४ | २ |
| इजलास नं. ६ | ४ | इजलास नं. १५ | १ |
| इजलास नं. ७ | १५ | इजलास नं. १६ | २ |
| इजलास नं. ८ | ५ | इजलास नं. १७ | १ |
| इजलास नं. ९ | ६ | एकल इजलास | २ |
| जम्मा | | जम्मा | |

कूल जम्मा + =

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, पुस – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

## सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ८** |
| १. | उत्प्रेषण / परमादेश | संजयकुमार सुरेका वि. ऋण असुली न्यायाधिकरण कमलपोखरी, काठमाडौंसमेत | १ |
| २. | दर्ता बदर दर्ता | गोपिचन्द्र साह तेली वि. राजेन्द्र राय यादवसमेत | १ |
| ३. | उत्प्रेषण | जयप्रकाश उपाध्याय वि. पुनरावेदन अदालत बुटवलसमेत | २ |
| ४. | लिखत बदर दर्ता बदर दर्ता कायम | घनश्याम मण्डलसमेत वि. दाइजोवती मण्डलसमेत | ४ |
| ५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अञ्जुला वाग्ले | ५ |
| ६. | उत्प्रेषण | राम आधार साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५ |
| ७. | उत्प्रेषण / परमादेश | रामकली देवी साह वि. मालपोत कार्यालय, सर्लाही मलंगवा | ७ |
| ८. | मानव अपहरण तथा शरीर बन्धक | हेमकर्ण पोडेलसमेत वि. नेपाल सरकार | ७ |
| **इजलास नं. १** | | | **८ – १२** |
| ९. | उत्प्रेषण / परमादेश | मीना दाहाल वि. सीता दाहालसमेत | ८ |
| १०. | उत्प्रेषण | कैलाशकुमार ठाकुरसमेत वि. नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबारसमेत | ९ |
| ११. | उत्प्रेषण / परमादेश | डिलसुभा गुरूङ वि. उच्च अदालत पोखरासमेत | १० |
| १२. | उत्प्रेषण | राजकुमारी दास यादवसमेत वि. जगदीश यादवसमेत | १० |
| १३. | उत्प्रेषण / परमादेश | हिराकुमारी निरौला वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत | ११ |
| **इजलास नं. २** | | | **१२ – १७** |
| १४. | दृष्टिबन्धक लिखत बदरसमेत | रामहरि मुलसमेत वि. नागेन्द्र साह कानु | १२ |
| १५. | चोरी पैठारी | राजस्व अनुसन्धान विभाग, ललितपुर वि. हरिप्रसाद सिलवाल | १४ |
| १६. | उत्प्रेषण / परमादेश | डम्बर सिंह गदाल वि. जिल्ला विकास समितिको कार्यालय, इलामसमेत | १५ |
| १७. | मोही नामसारी | राम औतार राय यादव वि. कोशीला देवी | १६ |
| **इजलास नं. ३** | | | **१७ – २५** |
| १८. | घर बहाल दिलाई घर जग्गाबाट हटाई चलन | हजरत मियाँ अन्सारी वि. लक्ष्मी कुमारी पाठक (पाण्डे) | १७ |
| १९. | मिलापत्र बदर | फुलेश्वर मेहता वि. सोनाई यादव | १८ |
| २०. | हक कायम गरी जग्गा दर्ता गराई ज.ध. प्रमाणपुर्जा पाऊँ | शिव नारायण यादव वि. खुशीलाल यादवसमेत | १९ |

| | | | |
|---|---|---|---|
| २१. | जबरजस्ती करणी | मुहमद सफिक मियाँ वि. नेपाल सरकार | २० |
| २२. | मानव बेचबिखन तथा ओसारपसार | आशा परियार वि. नेपाल सरकार | २१ |
| २३. | उत्प्रेषण | प्रभुराम बास्कोटासमेत वि. पुनरावेदन अदालत इलामसमेत | २१ |
| २४. | उत्प्रेषण / परमादेश | बाबुराम दाहालसमेत वि. न्याय सेवा आयोग, कुपन्डोल, ललितपुरसमेत | २२ |
| २५. | उत्प्रेषण | मनटुटिया देवी महरासमेत वि. पुनरावेदन अदालत हेटौंडा, मकवानपुरसमेत | २३ |
| २६. | नकबजनी चोरी | नेपाल सरकार वि. रिमबहादुर लामिछाने | २४ |
| २७. | परमादेश | मनबहादुर राना वि. पुनरावेदन अदालत पाटन | २४ |
| **इजलास नं. ४** | | | २५ – ३२ |
| २८. | उत्प्रेषण | नवराज न्यौपाने वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत | २५ |
| २९. | निषेधाज्ञा | अब्दुल वाहिद मियाँ वि. जिल्ला प्रहरी कार्यालय, मोरङ विराटनगरसमेत | २६ |
| ३०. | निषेधाज्ञा | सुकदेव यादवसमेत वि. श्रीमती सति देवी यादव | २६ |
| ३१. | उत्प्रेषण | कृष्णप्रसाद भट्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २७ |
| ३२. | उत्प्रेषण | नूरमहम्मद खाँ वि. सिंचाइ मन्त्रालय, सिंहदरबारसमेत | २८ |
| ३३. | लागु औषध | नेपाल सरकार वि. तेजनाथ यादवसमेत | २९ |
| ३४. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. सन्तोष चौधरी | ३० |
| ३५. | अबन्डा जग्गा बन्डा | अजितकुमार श्रीवास्तव वि. मंगलप्रसाद श्रीवास्तव | ३१ |
| ३६. | किर्ते जालसाजी | कलमवती देवी वि. बेचु मण्डलसमेत | ३२ |
| **इजलास नं. ५** | | | ३३ – ३५ |
| ३७. | अदालतको अवहेलना | भिमसेन बस्न्यात वि. कृष्णकुमार बस्नेतसमेत | ३३ |
| ३८. | उत्प्रेषण / परमादेश | डा. किरण रेग्मी वि. मन्त्रिपरिषद्मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३४ |
| ३९. | उत्प्रेषण / परमादेश | मधुसुदन दिक्षित वि. थान्सिङ्ग गाउँ विकास समितिको कार्यालय, थान्सिङ्ग नुवाकोटसमेत | ३४ |
| **इजलास नं. ६** | | | ३५ – ३९ |
| ४०. | लेनदेन | भगवानप्रसाद श्रेष्ठ वि. जितबहादुर भन्ने जिरबहादुर छन्त्याल | ३५ |
| ४१. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. गंगाबहादुर श्रेष्ठ | ३६ |
| ४२. | जग्गा खिचोला घर भत्काई चलन | रामलगन पासवानसमेत वि. दुलारीदेवी सुडी | ३७ |

| | | | |
|---|---|---|---|
| ४३. | परमादेश | मनमाया भुजेल वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत | ३८ |
| **इजलास नं. ७** | | | **३९ – ४८** |
| ४४. | निर्णय दर्ता नामसारी बदर | श्यामबहादुर श्रेष्ठ वि. नानीछोरी श्रेष्ठसमेत | ३९ |
| ४५. | झुठ्ठा विवरण दिई नेपाली नागरिकता लिएको | नेपाल सरकार वि. दिपनारायण शुक्लासमेत | ४० |
| ४६. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. सलिना बुढा मगरसमेत | ४२ |
| ४७. | आगो लगाई गाई मारेको (गौवध) | नेपाल सरकार वि. प्रेमबहादुर दर्जी | ४३ |
| ४८. | हाडनाता जबरजस्ती करणी | पशुपति शर्मा वि. नेपाल सरकार | ४४ |
| ४९. | निर्णय दर्ता बदर हक कायमसमेत | सोमबहादुर गुरूङ वि. गणेशप्रसाद भन्ने रामलाल प्रधान | ४५ |
| ५०. | उत्प्रेषण / परमादेश | रत्ना थापा वि. विश्वबन्धु खड्कासमेत | ४६ |
| ५१. | उत्प्रेषण | गिता पोखरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत | ४७ |
| **इजलास नं. ८** | | | **४८ – ५७** |
| ५२. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. श्यामबहादुर राउतसमेत | ४८ |
| ५३. | उत्प्रेषण / परमादेश | अम्बिकादत्त मिश्र वि. जिल्ला शिक्षा कार्यालय, पर्सा वीरगन्जसमेत | ४९ |
| ५४. | कर्तव्य ज्यान | विष्णुबहादुर राना वि. नेपाल सरकार | ५१ |
| ५५. | खुन डाँका (ज्यान) | नेपाल सरकार वि. अशोक अग्रवालसमेत | ५२ |
| ५६. | मानव अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. शिवराज सोडारीसमेत | ५२ |
| **इजलास नं. ९** | | | **५७ – ६२** |
| ५७. | उत्प्रेषण / परमादेश | प्रमोदकुमार चौधरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत | ५७ |
| ५८. | उत्प्रेषण / परमादेश | कृपाश्वर खड्का वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत | ५८ |
| ५९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. प्रेमबहादुर तामाङसमेत | ५९ |
| ६०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सवितादेवी साह | ६० |
| ६१. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सर्वेश नाउसमेत | ६१ |
| **इजलास नं. १०** | | | **६२ – ७०** |
| ६२. | रोक्का बदर | मचाभाई डंगोलसमेत वि. मालपोत कार्यालय, ललितपुरसमेत | ६२ |
| ६३. | उत्प्रेषण / परमादेश | नरेश डंगोल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत | ६४ |
| ६४. | उत्प्रेषण / परमादेश | केशवबहादुर श्रेष्ठ वि. मालपोत कार्यालय, मकवानपुर | ६५ |
| ६५. | उत्प्रेषण | लक्ष्मीकुमारी शर्मा वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत | ६६ |

| | | | |
|---|---|---|---|
| ६६. | सार्वजनिक जग्गा मिची घर बनाएकोले घरसमेत हटाई पाऊँ | हेलकुमार प्रजापतिसमेत वि. भेलबहादुर ठकुरी | ६७ |
| ६७. | मिलापत्र बदर | मंगलादेवी साहसमेत वि. विणादेवी साह | ६७ |
| ६८. | अवैध रक्तचन्दन ओसारपसार | सिद्धिबहादुर कार्की वि. नेपाल सरकार | ६८ |
| ६९. | उत्प्रेषण / परमादेश | रोमा मल्ल वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ६९ |
| **इजलास नं. ११** | | | ७० – ७३ |
| ७०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार खत्री | ७० |
| ७१. | कर्तव्य ज्यान | बलिराम लोनिया वि. नेपाल सरकार | ७१ |
| ७२. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. रानी भन्ने किरण गुप्तासमेत | ७२ |
| ७३. | जबरजस्ती करणी | नेपाल सरकार वि. लोकबहादुर भुजेल | ७३ |
| **इजलास नं. १२** | | | ७३ – ७४ |
| ७४. | विना इजाजत वन पैदावर ओसारपसार | नेपाल सरकार वि. अकबर मुसलमानसमेत | ७३ |
| **इजलास नं. १३** | | | ७४ – ७८ |
| ७५. | अंश दर्ता | सावित्रीकुमारी दाहाल (खतिवडा) वि. डोरकुमारी खतिवडासमेत | ७४ |
| ७६. | लागु औषध खैरो हिरोइन | जाहिरसमेत भन्ने ताहेर हुसेन मिया वि. नेपाल सरकार | ७६ |
| **इजलास नं.१४** | | | ७८ – ८० |
| ७७. | अदालतको अवहेलना | मिनादेवी तिवारी वि. पुष्पकमल दाहाल (प्रचण्ड) समेत | ७८ |
| ७८. | नागरिकता | महावीर कामैत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ७९ |
| **इजलास नं.१५** | | | ८० – ८१ |
| ७९. | लागु औषध | नेपाल सरकार वि. ढाँसबहादुर सुनार | ८० |
| **इजलास नं. १६** | | | ८१ – ८२ |
| ८०. | हातहतियार खरखजाना | नेपाल सरकार वि. सन्तोष भन्ने यमबहादुर गुरूङसमेत | ८१ |
| ८१. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. निर्मल मल्ल | ८१ |
| **इजलास नं. १७** | | | ८२ – ८३ |
| ८२. | अंश दपोट हक कायम | हकीक खाँ वि. हनिफ खाँ | ८२ |
| **एकल इजलास** | | | ८३ – ८४ |
| ८३. | उत्प्रेषण / परमादेश | उगेन सन्दुप श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंसमेत | ८३ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-WO-११५८, उत्प्रेषण / परमादेश, *संजयकुमार सुरेका वि. ऋण असुली न्यायाधिकरण कमलपोखरी, काठमाडौंसमेत*

बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २८ ले सम्पत्ति कब्जामा लिनुपर्ने भनेको आशय दृष्टिबन्धक पास गरिएको अचल जेथा पनि फेरि कब्जा अथवा भौतिक रूपमा नियन्त्रणमा लिनुपर्ने भन्ने होइन । त्यस्तो सम्पत्ति पहिलादेखि नै कर्जादाताको वैधानिक नियन्त्रणमा रहेको हुन्छ । छुट्टै मानिस पठाएर वा प्रहरी प्रशासनको प्रयोग गरेर कब्जामा लिनैपर्ने भन्ने नियमको उक्त व्यववस्थाको मनसाय कदापि होइन । बरू चल सम्पत्तिलाई जस्तो बैंक खाताको रकम, सेयर वा यस्तै अन्य चल सम्पत्ति र जिन्सी सामानहरू थप कानूनी उपाय अवलम्बन गरेर वा भौतिक रूपले नियन्त्रणमा लिनुपर्ने अवस्था पर्न सक्दछ । यसका अतिरिक्त सम्पत्तिको कम मूल्याङ्कन गरिएको भन्ने देखिने आधार पनि छैन । किनभने मालपोत कार्यालयले गरेको मूल्याङ्कनको आधारमा मात्र बैंक, वित्तीय संस्थाले लिलाम गर्नुपर्ने भन्ने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ ले व्यवस्था गरेको पाइँदैन । सार्वजनिक रूपमा बोलपत्र गरिएको अवस्थामा त्यस्तो न्यूनतम मूल्य कायम गरिएको अङ्कको प्रभावकारी भूमिका पनि नरहने ।

ऋण असुली न्यायाधिकरणबाट प्रमाणको मूल्याङ्कन गरी तहतह भएको फैसलाउपर यी निवेदकले पुनरावेदनसम्म गरेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ सो ऋण असुली न्यायाधिकरणबाट कानूनबमोजिम भएको फैसलाबमोजिम राष्ट्रिय वाणिज्य बैंकले बिगो भराइ पाउँ भनी दरखास्त गरी निवेदकहरूले धितो दिएका घरजग्गा लिलामको सार्वजनिक सूचना प्रकाशित हुँदासमेत बेखबर रही ऋण तिर्ने, तिर्न लगाउने दायित्व पूरा नगरी बसेपछि धितोमा रहेको घर, जग्गाको कानूनसम्मत तवरबाट बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम २९(३) मा भएको व्यवस्थाबमोजिमको कार्यविधि पूरा गरी लिलामी प्रयोजनका लागि मूल्याङ्कन गरी लिलामको बोलपत्र आह्वान गरी भएको लिलामी कार्यमा कुनै कानूनी त्रुटि नदेखिँदा त्यसबाट यी निवेदकको संविधान प्रदत्त मौलिक हक वा कानूनी हकमाथि आघात परेको भन्ने अर्थ गरी ऋण असुली प्रक्रियालाई निष्प्रभावी गर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने ।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा रिट निवेदकले खराब कर्जा निर्धारित समयमा चुक्ता नगरेको कारण बैंकले कर्जा प्रवाह गर्दा लिएको निवेदकको धितो सुरक्षण ऋण असुली न्यायाधिकरणबाट कानूनबमोजिम लिलाम बिक्री भई लिलाम बिक्री भएको सम्पत्ति दाखिल खारेज गर्ने निर्णयसमेत भइसकेको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुनसक्ने स्थिति नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल साउन ३० गते रोज १ शुभम् ।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६५-CI-०८२५, दर्ता बदर दर्ता, *गोपिचन्द्र साह तेली वि. राजेन्द्र राय यादवसमेत*

नदी कटानमा परेको जग्गा वास्तविक साबिक दर्तावालाले आफ्नो कायम नगर्दै अन्य व्यक्ति अगाडि आई दर्ता गराए भन्दैमा नदीले छाडेपछि साबिक दर्तावाला वादीलाई आफ्नो जग्गा छुट्याई कायम गरी जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्न कानूनले रोक लगाएको नदेखिने।

सर्भे नापीमा सरकारी जग्गा जनिएकोले पछि विद्यालयको नाउँमा दर्ता गरेको भए पनि साबिकदेखि दाबीको जग्गा सरकारी रहेको पुष्टि नभएको, वादीको जग्गा नदी कटानमा परेको अवस्था देखिएको र वादीको दर्ता तिरो र ७ नं. फाँटवारीलाई प्रतिवादीले अन्यथा खण्डन नगरेको तथा उक्त जग्गा विद्यालयले दर्ता गर्दा साबिक दर्ता स्रेस्तावाला वादीलाई बुझेको वा मन्जुरी लिई हक छाडेको नदेखिएबाट नदी कटानमा परेको त्यस्तो जग्गा मुलुकी ऐन, जग्गा मिच्नेको २ नं. ले वादीको नाउँमा यथावत् कायम हुने देखिएपछि प्राथमिक विद्यालय लक्ष्मीपुर वेलविछवाले गरेको दर्ता कायम रहने आधार पुष्टि हुन नसक्ने।

नदी कटानको कारण नदी जनिई सर्भे नापीमा नापी भएको र नदीले छाडी आवादयोग्य भएपछि जग्गा छुट्टाई भोग गर्न लाग्दा प्रतिवादीले दाबीको जग्गा प्राथमिक विद्यालय लक्ष्मीपुर वेलविछवाको नाउँमा दर्ता भई प्रमाणपूर्जा प्राप्त गरेको बताएपछि नक्कल सारी थाहा पाएको मितिले म्यादभित्रै दर्ता बदर गर्न आएको भन्ने देखियो । जग्गा पजनीको १७ नं.मा एकाको हकको जग्गा अर्काले दर्ता गराएकोमा थाहा पाएको मितिले छ महिनाभित्र नालिस गर्नुपर्ने कानूनी व्यवस्था देखिएको र वादीले नक्कल सारी थाहा पाएको मितिले छ महिनाभित्र नै फिराद गरेको देखिँदा विद्यालयले २०३५ सालमा दर्ता गरेउपर लामो अवधि व्यतित गरी आएको भन्ने पुनरावेदन जिकिर भए पनि २०३५ सालमा दर्ता गरेको कुरा वादीलाई तत्कालै थाहा जानकारी थियो भनी पुष्टि नगरेबाट उक्त जिकिर पुग्ने नदेखिने।

शिक्षा ऐन, २०२८ को दफा १२(१) मा सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा व्यवस्थापन समिति रहने व्यवस्था रहेको छ। फिरादमा दर्तावाला विद्यालयलाई प्रतिवादी नबनाए पनि विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने सञ्चालक समितिको अध्यक्षलाई प्रतिवादी बनाएको र विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने जिम्मेवारीमा रहेको अध्यक्षले विद्यालयको हितमा प्रतिरक्षा गर्न नसक्ने भन्ने देखिएन । विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई विपक्षी बनाएपछि बेसरोकारवाला व्यक्तिलाई प्रतिवादी बनाएको भन्न सकिने अवस्था पनि देखिएन। साथै दर्तावाला विपक्षी विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्ने भूमिकामा रहेका अध्यक्षलाई प्रतिवादी बनाएपछि दर्ता प्रक्रियाको सम्पत्ति संरक्षण समितिलाई बनाइरहन पर्ने देखिन नआउने।

तसर्थ दाबीको जग्गा साबिक प्रमाण कागजातको आधारमा वादीको देखिन आई नदी उकासको जग्गा मुलुकी ऐन, जग्गा मिच्नेको २ नं. बमोजिम साबिक आधारमा वादीको कायम हुने देखिएकोले सुरू रौतहट जिल्ला अदालतको मिति २०६३।८।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६४।५।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विशाल खड्गी

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-१०२७, उत्प्रेषण, *जयप्रकाश उपाध्याय वि. पुनरावेदन अदालत*

*बुटवलसमेत*

ठहर खण्डमा निरूपित भएको विषयसमेत स्पष्ट रहेकोमा तपसिल लेखाइका क्रममा त्रुटिवश अन्यथा लेखिन गएको वा फैसलामा भएको लेखाई वा टाइपमा रहेको सामान्य त्रुटि सुधार गर्न न्याय प्रशासन ऐन, २०४८ को दफा १९(२) को प्रतिबन्धात्मक वाक्यांशसमेतबाट सकिने नै हो । तथापि अदालतबाट भएको अन्तिम भई बसेको फैसला नै फेरबदल हुने, इन्साफ नै फरक पर्ने, निरूपण भइसकेको विषय अन्यथा हुने वा उल्टाएको परिणाम आउने, अस्पष्ट विषयमा स्पष्ट पार्ने वा थप व्याख्या विवेचना गर्ने वा प्रमाणको मूल्याङ्कन गर्ने जस्ता मूलभूत कार्य भूल वा त्रुटि सुधारको नाउँमा गर्न सकिँदैन । कुनै सम्पत्ति निजी आर्जन हो, होइन भन्ने जस्तो प्रमाणको मूल्याङ्कन र कानूनी आधारमा निरूपण हुने जटिल विषय हो । कुनै अंशियारले आफ्नो जिम्माको कुनै सम्पत्ति आफ्नो निजी आर्जनको भएकोले बन्डा नलाग्ने भनी जिकिर गरिसकेकोमा पैतृक वा सगोल वा निजी के हो कानून र प्रमाणको आधारमा न्यायकर्ताले स्पष्ट रूपमा अंश लाग्ने नलाग्ने ठहर गर्नुपर्ने हुन्छ । निजी भन्ने छुट्टै विषय उठाएकोमा त्यस्तो विषयमा बोल्दै नबोलेको कारणले अन्य पैतृक वा सगोलको सम्पत्तिसरह स्वत: बन्डामा परेको मान्न नसकिने ।

उठाइएको छुट्टै विषयगत प्रश्नमा उचित र स्पष्ट निरूपण नगरिएको कारण फैसलाको ठहर खण्डबाट वादी प्रतिवादीको तायदातीमा फाँटवारीमा परेको निजी भनिएकोसमेत सबै सम्पत्ति भनी बन्डा लाग्ने हो कि जस्तो देखिएको छ भने पुन: सोही मुद्दाको तपसिल खण्ड हेरिएमा प्रस्तुत दाबीको जग्गा बन्डा लाग्नेमा परेको नदेखिएबाट बन्डा नै नलाग्ने जस्तो देखिई दुविधायुक्त अवस्था देखिने ।

फैसलाको ठहर खण्डमा निरूपण हुनुपर्ने विषय वा प्रश्नमा स्पष्ट निरूपण नगर्ने वा ठहर खण्डमा एउटा निष्कर्षमा पुगे जस्तो देखिने तर सो ठहरअनुरूप तपसिल खण्डमा नबोल्ने कार्य वा दुविधायुक्त अवस्था देखिनुले सरोकारवाला नै दिशाभ्रमित हुने मात्र होइन कि त्यस्तो कार्यले न्यायिक मार्गमा नै बाधा अवरोध सिर्जना गर्दछ । अदालतबाट भएको फैसला त्रुटिपूर्ण भए वा चित्त नबुझे कानूनद्वारा निर्दिष्ट मार्ग अवलम्बन गरी मुद्दाका पक्षद्वारा नै बदर गराउन सक्नु पर्ने हो । तथापि पुनरावेदन गर्दासमेत सुरू फैसलामा भएको त्रुटि वा दुविधा वा अस्पष्ट बेहोरालाई पक्षले नउठाउने र पुनरावेदन तहको अदालतले समेत सुरू फैसलाको त्रुटि वा दुविधा वा फैसलाको अस्पष्ट विषय वा बेहोरामा कुनै सम्बोधन नगरेपछि अन्तिम भइरहेको त्यस्तो फैसलाको त्रुटि संशोधन गर्न निवेदकको निवेदन परेको भरमा अस्पष्ट विषयमा स्पष्ट पार्ने वा थप व्याख्या विवेचना गर्ने वा प्रमाणको मूल्याङ्कन गर्ने जस्ता मूलभूत कार्य गर्न सकिने नदेखिने ।

फैसला कार्यान्वयन गर्ने कार्य फैसलाबमोजिम नै हुने हो । मुद्दामा वादी पक्षले कि.नं. ४४१ र ४५३ को जग्गालाई निजी आर्जनको भनी दाबी गरिरहेकोमा तथ्यगत आधार एवम् प्रमाणको विवेचना गरी निजी हो, होइन भनी मिति २०५६।८।२६ को रूपन्देही जिल्ला अदालतको फैसलासमेतमा स्पष्ट रूपमा केही नबोलिएबाट त्यस्तो अस्पष्ट र विवादित विषय फैसलाको लेखाइ र टाइपको त्रुटि मान्न नमिल्ने भई त्यस्तो विवादित विषय एवम् तथ्यगत व्यवहार प्रमाणको मूल्याङ्कन गर्नुपर्ने सम्पत्तिमा रिट क्षेत्रबाट प्रवेश गरी निरूपण गर्न मिल्ने देखिएन । अंशजस्तो नैसर्गिक हकको विषय र बराबर बन्डा गर्नुपर्ने कानूनी मान्यता रहेकोले सोविपरीत बन्डा हुँदा कानून र न्यायसङ्गत नहुने हुँदा अंशियाराहरूबिच बन्डा हुने नहुने सम्बन्धमा फैसलामा स्पष्ट नबोलिएको कि.नं.४४१ र ४५३ को जग्गा / सम्पत्तिमा कानूनबमोजिम नालिस गर्ने हक अंशियारालाई हुने नै हुँदा प्रस्तुत रिट निवेदन जारी

गर्नुपर्ने देखिएन। निवेदन खारेज हुने।
इजालास अधिकृतः हर्कबहादुर क्षेत्री
कम्प्युटर: विशाल खड्गी
इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री पुरूषोत्तम भण्डारी**, ०७१-CI-०७८२, लिखत बदर दर्ता बदर दर्ता कायम, *घनश्याम मण्डलसमेत वि. दाइजोवती मण्डलसमेत*

विवादित जग्गाहरू पैतृक नभई प्रतिवादीमध्येका भोला मण्डलले २०४९ सालमा लिलामबाट सकार गरी लिएको भन्ने दाबीको जग्गाको स्रोतको लिखतबाट देखिएको र सो तथ्य अन्यथा हो भनी वादीहरूले जिकिर लिई पुष्टि प्रमाणित गर्न नसकेको अवस्था देखिँदा सो जग्गाहरू पैतृक नभई स्वआर्जनको भन्ने देखिन आएबाट प्रस्तुत सन्दर्भमा तत्कालीन प्रचलित मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं आकर्षित हुने अवस्था नदेखिने।

त्यसैगरी यी प्रतिवादी भोला मण्डल दाबीको जग्गा हस्तान्तरण गर्दा घरको मुख्य व्यक्ति रहेको भन्ने देखिन्छ। तत्कालीन मुलुकी ऐन, अंशबन्डाको १९(१) मा "पिता पुर्खाका पालाको चल अचल गैरसम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, एकासगोलका छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका...को मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको छ। विवादित जग्गाहरू घर खर्चकालाई बिक्री गरेको भन्ने राजीनामाको लिखतबाट देखिन्छ। यी वादी र प्रतिवादी भोला मण्डलबिच चलेको २०६७ सालको दे.नं. २७७३ को अंश मुद्दामा उल्लिखित सम्पत्तिलाई दृष्टिगत गर्दा हस्तान्तरण भएको भनिएको सम्पत्ति कुल सम्पत्तिको आधाभन्दा कम नै रहे भएको भन्ने देखिन आउने।

अर्कोतर्फ उक्त सम्पत्ति हस्तान्तरण भएको अवस्थामा प्रतिवादी भोला मण्डलका छोरा छोरीहरू २१ वर्षभन्दा साना नाबालक अवस्थामा रहेको भन्नेसमेत देखिन आउँछ। यसरी घरको मुख्य व्यक्तिले घर व्यवहार चलाउनका लागि कुल सम्पत्तिको आधाभन्दा कम जग्गा बिक्री गरेको र सो जग्गाहरू यी वादीहरूको अंश हकलाई सङ्कुचित पार्ने उद्देश्यबाट भएको भन्ने नभई असल नियतले पारिवारिक हितको लागि गरेको स्वाभाविक व्यवहार भन्ने देखियो। यसरी कानूनको परिधिभित्र रही असल नियतले घर व्यवहार चलाउने उद्देश्यले पारिवारिक हितका लागि घरको मुख्य व्यक्तिले आफूले आर्जन गरेको सम्पत्ति बिक्री गरेको र सो सम्पत्ति कुल सम्पत्तिको आधाभन्दा कम नै देखिएको स्थितिमा सो व्यवहारलाई दूषित तवरबाट वा बदनियतपूर्वक यी वादीहरूको अंश हक मार्न वा संकुचित गर्ने प्रयोजनका लागि भएको व्यवहार भनी मान्न सकिने अवस्था नरहने।

तसर्थ उल्लिखित विवेचित आधार प्रमाणसमेतबाट वादी दाबीबमोजिम लिखत र दर्ता बदर भई वादीको नाउँमा दर्ता हुने ठहर्‍याएको सुरू सप्तरी जिल्ला अदालतको मिति २०६७।१२।१४ को फैसला उल्टी गरी वादीहरूको फिराद दाबी पुग्न नसक्ने ठहर्‍याएको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७०।८।१८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- ठाकुरप्रसाद खरेल
इति संवत् २०७५ साल फागुन २९ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७१-CI-०७८६, दृष्टिबन्धक बदर, *ममताकुमारी मण्डलसमेत वि. दाइजोवती मण्डलसमेत* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७४-CR-०६०३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. अञ्जुला वाग्ले*

जाहेरवाला राजु सिलवालले प्रतिवादी अञ्जुला वाग्लेको नेपाल बैंकमा रहेको खातामा जम्मा गरेको रकमको भौचर तथा जाहेरवालाको नाममा जारी भएका राहदानीका प्रतिलिपिहरू, मौकामा अनुसन्धान अधिकृतसमक्षको बयानमा उपस्थित भई मुद्दा पुर्पक्षका लागि जेथा जमानत राखेकी प्रतिवादी अञ्जुला वाग्ले न्यायाधिकरणको सुरू म्यादै गुजारी बसेको अवस्थालगायतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी अञ्जुला वाग्लेले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत पत्र नलिई जाहेरवालाबाट रू. ८,००,०००।– रकम लिई वैदेशिक रोजगारका लागि पलाउमा पुऱ्याई अलपत्र पारी अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्यमा विवाद नदेखिने।

जहाँसम्म प्रतिवादीले जाहेरवालालाई पलाउ भन्ने देशमा पुऱ्याई अलपत्र परी छाडेपश्चात् नेपालसम्म आउने क्रममा खर्च भएको भनी दाबी गरिएको बिगो रकम रू. २,०५,०००।- को हकमा विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ। उक्त दाबीअनुरूपको रकम जाहेरवाला आफैँले खर्च गरेको भए सोअनुरूपको बिल, भर्पाई तथा प्लेनको टिकटलगायतका वस्तुगत प्रमाणहरू वादी पक्षबाट पेस दाखिला गरी दाबी पुष्टि गर्नुपर्नेमा सोतर्फको वादी दाबी पुष्टि प्रमाणित हुन सकेको देखिएन। सोतर्फको वादी दाबीलाई अन्य स्वतन्त्र प्रमाणले समर्थन नगरेको अवस्थामा केवल जाहेरवालाको कथनलाई मात्र निरपेक्ष रूपमा प्रमाणमा ग्राह्य मान्न सकिने अवस्था देखिएन। अतः आतेजातेलगायतको खर्चसमेत प्रतिवादीबाट जाहेरवालालाई भराई दिनुपर्ने भन्नेतर्फको वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नरहने।

तसर्थ उल्लिखित आधार प्रमाणसमेतबाट प्रतिवादी अञ्जुला वाग्लेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको देखिँदा ऐ.ऐनको दफा ४३ बमोजिम कैद वर्ष ३ (तीन) र रू. ३,००,०००।– (तीन लाख) जरिवाना हुन्छ। जाहेरवालाले अभियोग मागदाबीबमोजिम बिगो रू. ८,००,०००।– (आठ लाख) र सोको ५०% ले हुने हर्जाना रू. ४,००,०००।– (चार लाख) समेत गरी जम्मा रू.१२,००,०००।– (बाह्र लाख) भराई पाउने ठहर्छ। प्लेनको टिकट र होटलको बिलको अभावमा आतेजाते रकम रू.२,०५,०००।– (दुई लाख पाँच हजार) भराइ पाऊँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।२।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ठाकुरप्रसाद खरेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री बमकुमार श्रेष्ठ**, ०७५-WO-०६८२, उत्प्रेषण, *राम आधार साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

सर्वोच्च अदालतबाट मिति २०७५।४।१३ मा निवेदकलाई प्रशासन सेवा समूहमा सेवा परिवर्तन गर्ने व्यवस्था मिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी भएको तथ्यमा विवाद छैन। उक्त आदेश कार्यान्वयन गरी पाउन निवेदकले यस अदालतको आदेशको जनाउ लिएर जनाउ साथै राखी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निवेदन दिएपछि उक्त मन्त्रालयले मिति

२०७५।४।१६ मा माननीय मन्त्रिस्तरीय निर्णय गरी निवेदकलाई सोही मन्त्रालयमा इन्जिनियरिङ सेवा मेट्रोलोजी समूहको प्राविधिक सहसचिव पदमा पदस्थापन गरेको देखिन्छ भने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निवेदकको सेवा समूह परिवर्तन गर्न लोक सेवा आयोगको परामर्श लिने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्दा मन्त्रिपरिषद्ले मिति २०७५।८।१७ मा उक्त प्रस्तावको सट्टा निवेदकलाई सोही सेवा समूहअन्तर्गत नै रहने गरी विपक्षी उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कामकाज गर्न पठाउने निर्णय गरेको देखिने।

निवेदक साबिकमा प्राविधिक सेवा समूहकै कर्मचारी भएको देखिन्छ । निवेदकले दायर गरेको ०७४-WO-०५०९ को रिट निवेदनको तथ्य खण्ड अध्ययन गर्दा निवेदक फाजिलमा परेको कारण निजले रिट निवेदन दायर गरेको भन्ने देखिन्छ । यस अदालतबाट पनि निवेदक फाजिलमा परेको अवस्थालाई मध्यनजर गरी निवेदकलाई कुनै कानूनी कारणबिना पदअनुरूपको जिम्मेवारी नदिई राख्नुलाई जायज मान्न सकिँदैन । कार्यालयमा हाजिर गराएर दिइने तलब मात्र वृत्ति विकासको स्वरूप हुन सक्दैन। सम्बन्धित पदमा कार्यरत रहँदा प्राप्त हुने अन्य सुविधा, सम्मान र सन्तुष्टि पनि कर्मचारीको कार्य उत्प्रेरणा कायम राख्ने महत्त्वपूर्ण तत्त्वहरू भएकोले कर्मचारीलाई त्यस्ता कुराहरूबाट वञ्चित गर्न मिल्दैन। तसर्थ जो जे चाहिने आवश्यक प्रक्रिया पूरा गरी निवेदकलाई रा.प. प्रथम श्रेणीको प्रशासनको पदको जिम्मेवारी दिने गरी ३ महिनाभित्र आवश्यक व्यवस्थापन गर्नु भन्नेसमेत बेहोराले निवेदकको सेवा परिवर्तन गर्ने परमादेशको आदेश भएको देखिने।

अदालतबाट भएको सो आदेश निवेदक फाजिल भएको अवस्थामा भएको थियो। निवेदकको पद फाजिलमा परेपछि निजको रोजगार गर्न पाउने हकको सुनिश्चितताको खातिर लोक सेवा आयोगसँग परामर्श लिने क्रममा कारबाही अगाडि बढाउँदा मन्त्रिपरिषद्ले सो प्रस्तावको सट्टामा निवेदकलाई सोही सेवा समूहअन्तर्गत रहने गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा कामकाज गर्न पठाउने भनी मिति २०७५।८।१७ मा निर्णय भएको र निवेदकको योग्यता क्षमताअनुसारको पद सिर्जना भई मन्त्रिपरिषद्बाट भएको सो निर्णयले निवेदककै सेवा समूहमा कामकाज गर्न पठाउने भनेपछि निवेदकको सेवाले निरन्तरता प्राप्त गरी फाजिलको अवस्था अन्त्य गरेको हुँदा निवेदकलाई प्राविधिक सेवा समूहमा नै पदस्थापन गरिसकेको अवस्थाले निवेदकको मौलिक हकमा आघात पुग्न गएको देखिएन । रोजगार गर्न पाउने अधिकारबाट निवेदकले वञ्चित हुनु परेको अवस्थासमेत देखिँदैन। यसरी निवेदकलाई प्राविधिक सेवा समूहमा नै पदस्थापन गरिसकेको अवस्था देखिँदा नेपाल प्रशासन सेवाको रा.प. प्रथम श्रेणीको पदमा सेवा परिवर्तन गरी हाजिर गराइ पाउँ भन्ने निवेदकको माग दाबीको कुनै औचित्यसमेत नदेखिने।

यस्तो अवस्थामा निवेदकको हकमा Doctrine of clean hand आकर्षित हुनेसमेत देखियो। अदालतमा न्याय माग्न आउनेले सफा हात लिएर अदालत प्रवेश गरेको देखिनु पर्छ । प्रस्तुत विवादमा यी रिट निवेदक आफू साबिक पुरानो सेवा समूहमा पदस्थापन भइसकेपछि फाजिलमा परेसरह गरी पुन: रिट निवेदन लिएर आएको कार्यलाई सफा हातले आएको मान्न मिल्ने हुँदैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७५ साल फागुन २१ गते रोज ३ शुभम्।

- यसमा यसै लगाउको ०७५-MS-००११, अदालतको अवहेलना, *राम आधार साह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,*

*सिंहदरबारसमेत* मुद्दामा यसैअनुसार फैसला भएको देखिन्छ।

७

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०६७-WO-०६२७, उत्प्रेषण / परमादेश, *रामकली देवी साह वि. मालपोत कार्यालय, सर्लाही मलंगवा*

रिट निवेदकले दर्ता गर्न माग गरेको कि.नं. ६३ र ७३ को जग्गा २०२४ सालमा सर्भे नापी हुँदा नै नेपाल सरकारको नाममा दर्ता भएको भन्ने देखियो। मालपोत ऐन, २०३४ को दफा ७ तथा दफा ३१ को कानूनी व्यवस्थाअनुसार जग्गा दर्ता सम्बन्धमा मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था रहेको देखिन्छ भने मालपोत कार्यालय, सर्लाहीले मिति २०६६।११।६ मा उक्त जग्गाको नेपाल सरकारको नाममा भएको दर्ता सम्बन्धित अदालतबाट बदर गराई ल्याएका बखत कारबाही गर्ने गरी मिसिल तामेलीमा राख्ने भनी निर्णय भएको देखिने।

रिट निवेदकले कि.नं. ६३ र ७३ को जग्गा दर्ता सम्बन्धमा मालपोत कार्यालय, सर्लाहीको मिति २०६६।११।६ को निर्णयउपर मालपोत ऐन, २०३४ को दफा ७ तथा ३१ को कानूनी व्यवस्थाअनुसार पुनरावेदन अदालतमा पुनरावेदन गरी साधारण उपचार क्षेत्रबाट उपचार प्राप्त गर्नुपर्नेमा सोतर्फ प्रयास नै नगरी रिट निवेदकले एकैपटक असाधारण अधिकार क्षेत्रमार्फत प्रस्तुत रिट दर्ता गराएको देखिने।

रिटको सैद्धान्तिक अवधारणाअनुसार साधारण उपचारको मार्गबाट उपचार प्राप्त गर्न सकिने अवस्थामा रिट क्षेत्रबाट उपचार प्रदान गर्न मिल्दैन। वैकल्पिक उपचारको व्यवस्था नभएको तथा वैकल्पिक उपचारको माध्यमबाट न्याय प्राप्त गर्न सम्भव नहुने वा प्रभावकारी नहुने अवस्था भएमा मात्र असाधारण उपचारको बाटो अवलम्बन गरी उपचार माग गर्न र प्रदान गर्न सकिने।

असाधारण उपचारको मार्ग अवलम्बन गर्ने रिट निवेदकले साधारण उपचारको मार्ग अवलम्बन गर्दा आफूले न्याय प्राप्त गर्न सम्भव नहुने तथ्यलाई औचित्यपूर्ण एवम् आधार पूर्णरूपमा प्रस्तुत गर्नुपर्दछ। तर प्रस्तुत रिट निवेदनमा निवेदकले त्यस्तो आधार र औचित्यसमेत उल्लेख गर्न सकेको देखिन नआउने।

यसप्रकार माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट मालपोत कार्यालय, सर्लाहीको मिति २०६६।११।६ को निर्णय बदर गराउन माथि उल्लेख भएअनुसार विद्यमान पुनरावेदकीय कानूनी उपचारको मार्ग अवलम्बन गर्न नमिल्ने वा सो मार्ग यसकारणले प्रभावकारी नहुने भनी उल्लेख नगरी रिट क्षेत्रमार्फत उपचार माग गरी दिएको प्रस्तुत रिट निवेदनबाट उपचार प्रदान गर्न मिलेन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७६ साल जेठ १५ गते रोज ४ शुभम्।

८

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-CR-०९१४, ०७३-CR-१३६८ र ०७३-CR-१६०३, मानव अपहरण तथा शरीर बन्धक, *हेमकर्ण पोडेल वि. नेपाल सरकार, सुरेश राई वि. नेपाल सरकार र नेपाल सरकार वि. हेमकर्ण पोडेलसमेत*

पीडितले अपहरण तथा शरीर बन्धक लिएको भनी जाहेरी दिएको देखिए पनि मिति २०६९।७।७ को वारदातमा मिति २०६९।७।२१ मा हुलाकबाट जाहेरी दर्ता गराउन जिल्ला प्रहरी कार्यालय, सुनसरीमा पठाएको देखिन्छ। वास्तविक रूपमा अपहरण तथा शरीर बन्धक लिने वारदात भएको भए निज पीडित

अपहरण मुक्त भए लगतै जाहेरी दिन नसक्नुको कारण उल्लेख गर्न सकेको देखिँदैन । यसका अतिरिक्त निजको जाहेरी बेहोरा मौकामा कागज गर्ने निजका दाजुहरू तिलकबहादुर अधिकारी र केदारबहादुर अधिकारीको अदालतसमक्ष भएको बकपत्र बेहोरा एवम् अनुसन्धानको क्रममा बुझिएका मानिसहरूको बकपत्र बेहोराबाट समर्थित हुन सकेको पाइँदैन । जाहेरी दरखास्त आफैँमा प्रमाण होइन । यो घटना वा वारदातको सूचनासम्म हो र मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म जाहेरी दरखास्तमा उल्लेख भएकै आधारमा मात्र कुनै घटना घटेको कुरा मान्न नमिल्ने । कसैलाई कसुरदार कायम गरी सजाय गर्न तथ्ययुक्त शङ्कारहित प्रमाणबाट कसुर प्रमाणित भएको हुनुपर्छ । विवादरहित प्रमाणबाट कसुर प्रमाणित नभएसम्म कसुरदार कायम गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुन जान्छ ।

मिसिल संलग्न खानतलासी तथा बरामदी मुचुल्का, प्रहरी प्रतिवेदनसमेतका स्वतन्त्र प्रमाणले प्रतिवादीहरू हेमकर्ण पौडेल र सूर्य राईको इन्कारी बयान समर्थित भएको देखिँदा अभियोग दाबीबमोजिमको अपहरण तथा शरीर बन्धक लिने वारदात घटेको नभई जुवा तास खेल्दा हारजितको विवादको क्रममा कुटपिट भएको देखिएकोले यी प्रतिवादीहरूलाई सजाय गर्ने गरी भएको फैसला कायम रहन सक्ने नदेखिने ।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणबाट वारदातको प्रकृति र अवस्थाको विश्लेषण गर्दा अपहरण तथा शरीर बन्धक लिने वारदात भएको तथ्य समर्थित नभई तास खेल्दा भएको हारजितको विवादमा भएको झगडा एव कुटपिटलाई अपहरण तथा शरीर बन्धक लिने वारदातमा जाहेरी दिई सोहीअनुसारको अभियोग पत्र दायर भएको देखिँदा प्रतिवादीहरू हेमकर्ण पौडेल, सूर्य काँडे भन्ने सूर्य राई, अजिस श्रेष्ठ, रोशन तामाङलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ५ नं. बमोजिम जनही २ वर्ष ६ महिना कैद र रू. २५,०००।- जरिवाना हुने ठहऱ्याई सुनसरी जिल्ला अदालतबाट भएको फैसलालाई कैही उल्टी गरी प्रतिवादीहरू चारैजनालाई सोही महलको ३ नं. को अन्तिम वाक्यांशबमोजिम अन्य उद्वेश्यले अपहरण गरेको र शरीर बन्धक राखेको कसुरको उद्योगमा दुई वर्ष कैद गरी जरिवानाको हकमा सुनसरी जिल्ला अदालतको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७३।९।१७ को फैसला उल्टी गरी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । यस अदालतमा पुनरावेदन नगर्ने प्रतिवादीहरू अजिस श्रेष्ठ र रोशन तामाङको हकमा पनि मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम निजहरूको पुनरावेदन उजुर परेकोसरह मानी निज प्रतिवादीहरूले पनि आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७५ साल मङ्सिर २३ गते रोज १ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७४-WO-०६९६, उत्प्रेषण / परमादेश, *मीना दाहाल वि. सीता दाहालसमेत*

म निवेदिका अंशबन्डा गरी छुट्टी भिन्न भइसकेपश्चात् घरको मुलीबाहेकका प्रत्यर्थी सुजन दाहालले गरेको कारोबार बैनाबट्टाको कागजबाट भरी पाउने ठहर भएको बिगो निवेदिकाले माइती हजुरआमाबाट २०४५ सालमा हा.व. मार्फत प्राप्त गरेको जिल्ला मोरङ बखरी ७ (क) कि.नं. ५८७ को जग्गाबाट असुलउपर गर्ने गरी सो जग्गा रोक्का राखिएकोमा सो जग्गा फुकुवा नगर्ने गरी मोरङ जिल्ला अदालतका

तहसिलदारबाट भएको मिति २०७३।११।२२ को आदेश बदर गरी रोक्का फुकुवा गर्ने गरेको मोरङ जिल्ला अदालतबाट मिति २०७४।२।५ मा भएको आदेश बदर गरी जग्गा रोक्का राख्ने गरी उच्च अदालत विराटनगरबाट मिति २०७४।११।२५ मा भएको आदेश बदर गरी मोरङ जिल्ला अदालतबाट मिति २०७४।२।५ मा भएको आदेशबमोजिम गर्नु भनी परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदन माग दाबी रहेको देखिन्छ। यस अदालतबाट लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा म्याद जारी भएकोमा विपक्षीहरूबाट लिखित जवाफ पेस हुन आएको नदेखिने।

विपक्षीहरूबाट लिखित जवाफसमेत पेस नभएको र निवेदकले उठाएका विषयवस्तुलाई सम्बोधन गर्ने गरी मोरङ जिल्ला अदालतमा मिलापत्र भइसकेको भनी रिट निवेदकको वारेसले आजै यस इजलाससमक्ष निवेदन दिएको देखिएको अवस्थामा रिट जारी गर्ने प्रयोजन र औचित्य नरहने।

अतः विवेचित आधार कारणबाट निवेदन मागबमोजिम उत्प्रेषण / परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७४-WO-०६९७, उत्प्रेषण / परमादेश, *मीना दाहाल वि. गोविन्द सुवेदीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०२४७, उत्प्रेषण, *कैलाशकुमार ठाकुरसमेत वि. नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबारसमेत*

नेपालको संविधानको धारा २४३(४) मा कुनै पनि "संगठित संस्था" का कर्मचारीको सेवाका सर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था छ । सोही धारा २४३(२) मा भएको स्पष्टीकरणमा गरिएको संगठित संस्थाहरूको परिभाषाअनुसार नेपाल सरकारको ९० प्रतिशत सेयर रहेको नेपाल टेलिकम संगठित संस्था भएको स्पष्ट छ। करारको कर्मचारीहरूको लागि खुल्ला प्रतियोगिताको परीक्षामा सहभागी गराउन पहिलाको भइरहेको विनियमको व्यवस्थालाई संशोधन गरेर सोको सट्टा "कम्पनीमा ३ वर्षसम्म अविछिन्न रूपमा करारमा कार्यरत व्यक्तिहरूको हकमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने विज्ञापनमा एकपटक उम्मेदवार हुन उमेरको बन्देज लाग्ने छैन" भनी नयाँ व्यवस्था राख्नको लागि नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको मिति २०७३।११।२४ मा बसेको सञ्चालक समितिको निर्णयबमोजिम लोक सेवा आयोगसँग मिति २०७३।११।२७ मा सहमतिको लागि पत्राचार गरेको देखिन्छ । सो पत्रको जवाफमा लोक सेवा आयोगले संगठित संस्थाका कर्मचारीको सेवा सर्तसम्बन्धी कानून, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४ को दफा ४ को खण्ड (ख) मा अस्थायी र करारमा कार्यरत कर्मचारीहरूलाई स्थायी नियुक्ति हुन उमेरको हद नलाग्ने भन्ने विषय कुनै पनि संगठित संस्थाले आफ्नो कर्मचारीको सेवाका सर्तसम्बन्धी नियम, विनियम वा निर्देशिकामा समावेश गर्न नहुने भनी भएको व्यवस्थाअनुकूल कर्मचारीको सेवा सर्तसम्बन्धी कानूनमा परिमार्जन गर्न सहमतिको लागि पठाउन पत्राचार गरेको छ। सञ्चालक समितिको मिति २०७३।११।२४ को निर्णयअनुसार कर्मचारी विनियमावलीमा संशोधन हुन नसकेकोले सो निर्णय

कानूनको स्वरूप प्राप्त गर्न सकेको नदेखिएकोले निवेदकहरूले सो निर्णयको सुविधा प्राप्त गर्न पाउने भनी लिएको माग आत्मपरक रहेको देखिने।

मिति २०७३।११।८ मा विज्ञापन प्रकाशित हुँदाको अवस्थामा विद्यमान रहेको नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, कर्मचारी विनियमावली, २०६१ को विनियम १७(४)(ख) बमोजिम यी निवेदकहरू सो विज्ञापित पदको लागि उम्मेदवार हुन चाहिने आवश्यक अधिकतम उमेर हद नाघिसकेको र मिति २०७४।११।२४ को सञ्चालक समितिको निर्णयअनुसार कर्मचारी विनियमावलीको उपर्युक्त व्यवस्था संशोधन हुन नसकेको हुँदा निवेदकहरूको दरखास्त खारेज गरेको देखिन्छ । मिति २०७३।११।८ को विज्ञापन नं. १५।०७३।७४ र १६।०७३।७४ समेतका विज्ञापनअनुसारको लिखित परीक्षालगायतका सम्पूर्ण कार्य सम्पन्न भई कर्मचारी छनौट भई पदपूर्तिसमेत भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनमा विपक्षी नै नबनाइएका ती नियुक्त भएका कर्मचारीहरूको हकविपरीत निर्णय गर्नसमेत मिल्ने नदेखिने।

तसर्थ विवेचित आधार कारणबाट यी निवेदकहरूले दिएको दरखास्त फाराम अस्वीकृत गर्ने गरी सञ्चालक समितिबाट मिति २०७४।५।२९ मा भएको निर्णयअनुसार नेपाल टेलिकमले प्रकाशित गरेको मिति २०७४।६।१ को सूचना कानूनसम्मत नै हुँदा त्यसबाट संविधान प्रदत्त निवेदकहरूको कुनै हक अधिकारमा आघात परेको मान्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७४-WO-०४१०, उत्प्रेषण / परमादेश, *डिलसुभा गुरूङ वि. उच्च अदालत पोखरासमेत*

वादी डुपकुमारी राना भन्ने दुपकुमारी राना र प्रतिवादी महेश गुरूङ भएको लेनदेन मुद्दामा निवेदक डिलसुभा गुरूङका नाममा दर्ता रहेको कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ८ को कि.नं. ६५ र ऐ. वडा नं. १६ को कि.नं. ७९ र १३२ का जग्गाहरू कास्की जिल्ला अदालतको मिति २०७४।२।३१ को आदेशबाट रोक्का भएको तथ्यमा विवाद छैन । सो आदेशउपर अ.बं. १७ नं. बमोजिम उच्च अदालतमा निवेदन पर्दा मिति २०७४।८।७ मा जिल्ला अदालतको मिति २०७४।२।३१ को आदेश सदर भएको देखिन्छ। सो आदेश भएपश्चात् निवेदकले प्रस्तुत रिट निवेदन लिई यो आदेशमा प्रवेश गरेको देखिने।

निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीले बहसको क्रममा निवेदनमा विवाद देखाइएको कि.नं. ६५ र ७९ र १३२ को जग्गाहरू फुकुवा भइसकेको जानकारी गराएको र रोक्का जग्गा फुकुवा गरी दिनेबारे कास्की जिल्ला अदालतले मिति २०७४।१२।१४ मा लेखेको पत्रको प्रतिलिपिसमेत पेस गरेका छन्। उक्त प्रतिलिपिबाट विवादका जग्गाहरू फुकुवा गर्न पत्राचारसमेत भइसकेको देखिँदा उक्त जग्गा फुकुवाको माग लिई दायर भएको प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिन आउने।

तसर्थ विवेचित आधार कारणले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-११२३, उत्प्रेषण, *राजकुमारी दास यादवसमेत वि. जगदीश यादवसमेत*

प्रस्तुत निवेदनमा रविन्द्रनाथ यादवसमेतका व्यक्तिहरू भारतीय नागरिक रहेको र निजहरू गा.वि.स. जिझौलमा कहिले उपस्थित नभएका, कसैले नचिनेका अन्यत्र निवासीलाई अनधिकृत तवरले गा.वि.स. झिझौलबाट जिल्ला औरही वडा नं. ४ बस्ने हाम्रो नातामा फुपू पर्ने वौवावतीसँग हजुरआमाको सम्बन्ध छ भनी नाता प्रमाणित प्रमाणपत्र प्रदान गरिएको हुँदा गा.वि.स. कार्यालय, झिझौल, सिराहाबाट भएको उक्त काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने नै मुख्य जिकिर रहेको देखिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५९ मा कसैले कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी गाउँ विकास समिति वा नगरपालिकामा निवेदन दिन आएमा अध्यक्ष वा प्रमुखले जाँचबुझ गरी ठीक ठहरेमा तोकिएको दस्तुर लिई नाता प्रमाणित प्रमाणपत्र दिन सक्ने छ भन्ने व्यवस्था रहेको छ । मिसिल संलग्न प्रमाण कागजहरूबाट रविन्द्रनाथ यादवसमेतका व्यक्तिहरूको नाता सम्बन्ध प्रमाणित गरिपाउँ भनी गा.वि.स. कार्यालय, झिझौल, सिराहामा निवेदन पर्न आएको भन्नेमा विवाद देखिँदैन । निजहरूको उक्त निवेदन परेपछि गा.वि.स. कार्यालयले सम्बन्धित वडामा आवश्यक जाँचबुझ तथा स्थानीय मानिसहरू बुझी, मुचुल्का गराई उल्लिखित कानूनी प्रक्रिया पूरा गरी उक्त प्रमाणपत्र प्रदान गरेको देखिने ।

कुनै अधिकारप्राप्त निकायद्वारा गरिएको निर्णयउपर चित्त नबुझेमा माथिल्लो निकाय वा अदालतमा पुनरावेदन गर्न पाउने गरी व्यक्तिको पुनरावेदकीय अधिकारलाई कानूनले नै संरक्षण गरेको हुन्छ । अन्य कुनै वैकल्पिक मार्ग प्रयोग गर्ने अवस्था नरहेमा मात्र रिट क्षेत्राधिकारको प्रयोग गरी कुनै व्यक्ति अदालत प्रवेश गर्न पाउने कुरामा द्विविधा छैन । प्रस्तुत विवादमा नातै नभएको व्यक्तिले नातामा परेको भनी निवेदन दिई जालसाजीपूर्वक तवरबाट नाता प्रमाणित प्रमाणपत्र लिएको भए सो प्रमाणपत्र बदरतर्फ मुद्दा गर्न जान पाउने यी पुनरावेदक / निवेदकहरूको हक कानूनले नै सुरक्षित गरेको अवस्थामा यी पुनरावेदक / निवेदकहरूले सो मार्ग प्रयोग नगरी रिटको माध्यमबाट अदालत प्रवेश गरेको देखिन्छ । साथै प्रस्तुत विवाद सिराहा जिल्ला अदालतमा विचाराधीन रहेको भन्ने बेहोरा स्वयम् निवेदकहरूको निवेदन तथा विपक्षीहरूको लिखित जवाफसमेत रहेबाट उक्त विचाराधीन निर्णय बदर जालसाजसम्बन्धी मुद्दाहरूमा ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत निवेदनमा पुनरावेदन अदालत राजविराजबाट भएको आदेशलाई अन्यथा भन्न मिल्ने नदेखिने ।

अतः विवेचित आधार कारणबाट झिझौल गा.वि.स. मा रविन्द्रनाथसमेतका व्यक्तिले दिएको निवेदन, गा.वि.स. ले गरेको मुचुल्का एवम् दिएको प्रमाणपत्र ठीक बेठीक, सही वा गलत के हुन् भनी प्रमाण नै नबुझी निर्णय गर्न सकिने अवस्था नरहेको सन्दर्भमा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१।१४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-११८५, उत्प्रेषण / परमादेश, *हिराकुमारी निरौला वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरसमेत*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ मा "कर्मचारीले बढुवाको लागि उम्मेदवार हुन तोकिएबमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको र बढुवा हुने तहभन्दा एक तहमुनिको पदमा रही कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको हुनुपर्नेछ" भन्ने व्यवस्था

छ। त्यसैगरी नेपाल स्वस्थ्य सेवा नियमावली, २०५५ मा "आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाका लागि जुन सेवा समूह वा उपसमूहको रिक्त पदमा बढुवा गरिने हो सो रिक्त पदको एक तह मुनिको पदमा ऐनको दफा २६ बमोजिमको सेवा अवधि र अनुसूची–७ मा तोकिएबमोजिमको शैक्षिक योग्यता पुगेका सेवाका कर्मचारी उम्मेदवार हुन सक्नेछन्" भन्ने व्यवस्था गरेको देखिने।

उल्लिखित कानूनी व्यवस्थाबमोजिम यी पुनरावेदक / निवेदिकाले नवौं तहको आन्तरिक प्रतियोगितात्मक परीक्षामा सामेल हुनको लागि निज आठौं तहमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने भन्ने देखिन्छ । मिसिल संलग्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.६०१९ मिति २०६९।१।१२ को पत्रबाट यी पुनरावेदक। निवेदिकाको मिति २०६९।१।१२ मा आठौं तहमा स्तरवृद्धि भएको पाइयो। निजको आठौं तहमा स्तरवृद्धि भएको मितिबाट लोक सेवा आयोगको अस्पताल नर्सिङ प्रशासक, स्वस्थ्य जनरल नर्सिङ, नवौं तहको लागि दरखास्त दिने अन्तिम मिति २०७०।७।१९ गणना गर्दा ऐ. ऐनको दफा २६ ले तोकेको तीन वर्ष सेवा अवधि पुगेको देखिन आएन । लिखित परीक्षा र अन्तरवार्तामा समेत यी निवेदिका संलग्न रहेको हुँदा निजको हकमा योग्यताक्रम सूचीबाट नाम हटाउन मिल्दैन भन्ने जिकिरतर्फ विचार गर्दा, योग्यतम व्यक्तिको नियुक्ति बढुवा स्वतन्त्र र निष्पक्ष रूपबाट गर्ने प्रयोजनार्थ लोक सेवा आयोगको सिर्जना भएको पाइन्छ । नयूनतम् योग्यता नपुगेको व्यक्तिको नियुक्ति वा बढुवा हुन गएमा सम्बन्धित सेवा समूहमा कार्यरत अन्य कर्मचारीमा नैराश्यता उत्पन्न हुन जान्छ। असक्षम र योग्यता नपुगेको बढुवा हुन गएमा त्यस्तो कर्मचारीको बढुवा गैरकानूनी भई जुनसुकै बखत रद्द गर्न मिल्ने अधिकार विधायिकाले लोक सेवा आयोगलाई प्रदान गरेकोसमेत पाइन्छ । लोक सेवा आयोगको कुनै पनि परीक्षामा उम्मेदवारले पेस गरेको विवरण गलत प्रमाणित भएमा वा दरखास्त फाराम छानबिन गर्दा उम्मेदवारको दरखास्त फाराम रीतपूर्वकको नदेखिएमा त्यस्तो दरखास्त फाराम जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिने व्यवस्था लोक सेवा आयोग ऐन, २०६६ तथा नियमावली, २०६७ ले गरेको छ । सो कानूनी व्यवस्थाबमोजिम नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६क.(२), दफा २६ र नियम ८१ को परिप्रेक्षमा एक तहमुनि तीन वर्ष पुग्नु पर्नेमा निवेदिकाको बढुवाको लागि न्यूनतम सेवा अवधि नपुगेकोले निजको दरखास्त फारामलगायतका परीक्षाहरू रद्द गर्ने गरी आयोगबाट मिति २०७१।४।१६ मा भएको निर्णय कानूनसम्मत नै देखिने । यस अवस्थामा लोक सेवा आयोगको मिति २०७१।४।१६ को निर्णय र मिति २०७१।४।४ को ९२-९६।०७१-७२ को सूचना उत्प्रेषणको आदेशद्वारा बदर गरी बढुवा नियुक्ति दिई पदस्थापना समेत गर्नु भन्ने परमादेश जारी गरिपाउँ भन्ने निवेदिकाको पुनरावेदन जिकिर र यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।९।९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

## इजलास न. २

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०६५-CI-०६६१ र ०६५-CI-

०७९५, दृष्टिबन्धक लिखत बदरसमेत, *रामहरि मुल वि. नागेन्द्र साह कानु र सुशील वनस्पति प्रा.लि. वि. नागेन्द्र साह कानु*

वादी नागेन्द्र साह कानुसमेत र प्रतिवादी सुशील वनस्पति प्रा.लि.समेत भएको २०४८ सालको दे.नं.१८०९ को लिखत बदर मुद्दामा पर्सा जिल्ला अदालतबाट भएको फैसलाउपर वादीहरूको तर्फबाट २०५० सालमा दे.पु.नं.१७५८ को पुनरावेदन परी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादीहरू मन्तुरीया देवी कनुइन र नागेन्द्र साह कानुको हकमा २०४७।८।२१ को र.नं.१६५२ को राजीनामाको लिखत ६ भागको २ भाग लिखत बदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलाउपर प्रतिवादीहरूको पुनरावेदन नपरी अन्तिम भएर बसेको देखियो । पुनरावेदन अदालत हेटौंडाबाट भएको उक्त फैसलाबमोजिम दाखिल खारेज गरिदिनु भनी पर्सा जिल्ला अदालतले च.नं.१९५४ मिति २०५८।८।४ को पत्रबाट मालपोत कार्यालय, पर्सालाई पत्राचार गरेको देखियो । फैसलाबमोजिम दाखेल खारेज गरिदिन अदालतबाट पत्र लेखिसकेपछि सो पत्रबमोजिम फैसला कार्यान्वयन गर्ने गराउने कर्तव्य मालपोत कार्यालयको हो । अदालतबाट अन्तिम भएको फैसलाबमोजिम दाखिल खारेजलगायत स्रेस्ता बनाई दिने कार्य जग्गा पजनीको महलको २क बमोजिम जहिलेसुकै गराउन पाउने हुन्छ । मालपोत कार्यालयले अदालतको फैसलाबमोजिम दाखिल खारेज नगरेपछि नै पुनरावेदक वादी पूर्व फैसला कार्यान्वयनको सिलसिलामा धितो बदरसमेतका लागि अर्को फिराद लिएर अदालत प्रवेश गरेको देखिन आयो । यसरी पूर्व फैसला कार्यान्वयनको सिलसिलामा प्रस्तुत मुद्दा परेको अवस्थामा फैसला कार्यान्वयन गर्ने निकायले गरेको ढिलाइको कारण अन्तिम भएको फैसला निष्क्रिय हुन नसक्ने र त्यसरी फैसला कार्यान्वयन गर्ने निकायबाट ढिलाइ भएको फाइदा प्रतिवादीहरूले पाउन नसक्ने ।

विवादित जग्गा मिति २०४७।८।२१ मा र.नं.१६५२ को राजीनामाको लिखत पारित गरिदिएउपर वादीहरूले लिखत बदरका लागि दाबी गर्न पाउने म्यादभित्र प्रतिवादी सुशील वनस्पति उद्योगले विवादको जग्गा विपक्षी नेपाल बैंकलाई धितो पारित गरिदिएको देखिन आयो । बैंकले धितो कच्चा नै भएको खण्डमा पनि ऋणीको अन्य सम्पत्तिबाट पनि असुलउपर गर्न सक्ने नै हुन्छ । यसरी एकातिर लिखत बदरको लागि वादीहरूले दाबी गर्न पाउने म्यादभित्र प्रतिवादी सुशील वनस्पति उद्योगले विपक्षी नेपाल बैंक सिटी अफिस वीरगन्जलाई विवादित जग्गा धितो दिएको देखिएको र अर्कोतर्फ लिखत बदर मुद्दाको कार्यान्वयनको सिलसिलमा प्रस्तुत धितो दृष्टिबन्धकको लिखत बदर मुद्दा परेको देखिँदा प्रतिवादी सुशील वनस्पति उद्योगले दाबीको जग्गा दृष्टिबन्धक धितो राखेको तथ्य वादीले पहिलेको मुद्दाबाट वा अन्य जरियाबाट थाहा पाएको भन्न नमिल्ने हुँदा ६ भागमध्ये २ भागको दृष्टिबन्धक धितो बदरको वादीले माग गरे तापनि आमाको अपुताली आफूले मात्र खान पाउने भनी कुनै प्रमाणबाट वादीले पुष्टि गराउन नसकेको तथा लिखत बदरमा फिराद गर्ने ४ जना नै वादीहरू सगोलमा रहेको अवस्थामा यी वादीले मात्र अपुताली पाउने भनी यस मुद्दाबाट भन्न सकिने अवस्था नभएकोले लिखत बदर मुद्दामा भएको फैसलाबमोजिम ६ भागमध्ये वादीको १ भागसम्मको दृष्टिबन्धक धितो बदर हुने गरी पुनरावदेन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

हदम्यादविहीन फिराद दाबी खारेज हुनुपर्ने भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरतर्फ विचार गर्दा एकातर्फ लिखत बदर गराउन पाउने म्यादभित्र प्रतिवादीहरूले धितोको लिखत पारित गरी लिए दिएको देखिएको र अर्कोतर्फ २०४८ सालको

लिखत बदर मुद्दाको कार्यान्वयनको सिलसिलामा प्रतिवादीले फैसला कार्यान्वयन नभएपश्चात् धितो दृष्टिबन्धक बदरको लागि प्रस्तुत मुद्दा परेको देखिँदा अन्य जरियाबाट यी वादीले धितो दृष्टिबन्धकको लिए दिएको जानकारी पाएको भनी मान्न नमिलेकोले प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट हदम्यादको अभाव देखाई फिराद दाबी खारेज गरेको पर्सा जिल्ला अदालतको मिति २०६२।१२।७ को फैसला सो हदसम्म उल्टी गरी लिखत बदर मुद्दामा भएको फैसलाबमोजिम ६ भागमध्ये वादीको १ भागसम्मको दृष्टिबन्धक धितो बदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६५।५।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७३ साल फागुन २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०६८-CR-०९००, चोरी पैठारी, *राजस्व अनुसन्धान विभाग, ललितपुर वि. हरिप्रसाद सिलवाल*

भन्सार जाँचपास गरेको सामान ल्याउँदै गरेको ना२ख ८७१३ नं. को ट्रकमा भन्सार नतिरेका ५००० थान क्यामेरासमेत प्रतिवादीले ल्याउँदै गरेको अवस्थामा फेला परेको, उक्त क्यामेरा विदेशमा निर्मित भएकोमा विवाद नभएको र उक्त क्यामेरा उषा ओभरसिजसँग खरिद गरेको भए उषा ओभरसिजले भन्सार महसुल तिरेको प्रज्ञापन पत्रसमेतका कागजातहरू पेस गर्न नसकेकोले प्रत्यर्थी प्रतिवादी हरिप्रसाद सिलवालले ५००० थान क्यामेरा चोरी पैठारी गरेको देखिन आउने।

प्रस्तुत मुद्दामा प्रतिवादीले चोरी पैठारी गर्न दुरूत्साहन गरेको वा सो गर्न सहयोग गरेको नभई चोरी पैठारीको कसुर गरेको देखिन्छ। राजस्व न्यायाधिकरण काठमाडौंलाई लेखिएको राजस्व अनुसन्धान विभागको च.नं. २१६४ मिति २०६६।११।२८ को पत्रबाट मिति २०६६।४।११ मा भएको निर्णयको ठहर खण्डको अन्त्यको जरिवाना हुने ठहर खण्डमा भन्सार ऐन, २०१९ को दफा ३४ को उपदफा ८ को "खण्ड (क)" हुनुपर्नेमा मानवीय त्रुटिका कारणले टाइपिङ गल्ती भई "खण्ड ख" हुन गएको भन्नेसमेत देखिएकोले उक्त फैसलाको ठहर खण्डमा त्रुटिवश उल्लेख भएको भन्सार ऐन, २०१९ को दफा ३४ को उपदफा ८ को "खण्ड ख" को त्रुटि सच्याई "खण्ड क" कायम गरेको देखिन आयो। प्रत्यर्थी प्रतिवादी हरिप्रसाद सिलवालले ५००० थान क्यामेरा चोरी पैठारी गरेको ठहर गरी भन्सार ऐन, २०१९ को दफा ५(४) को कसुरमा सोही ऐनको दफा ३४ को उपदफा ८(क) बमोजिम चोरी पैठारी गरेको क्यामेरा जफत हुने र बिगोबमोजिम रू. ८,५२,१५०।- जरिवाना गर्ने गरी राजस्व अनुसन्धान विभागबाट फैसला भएको देखिएकोमा उक्त फैसलामा सो ऐनको दफा ३४ को उपदफा ८(ख) उल्लेख भएको कारणले सोही दफा ३४ को उपदफा ८(ख) बमोजिम सजाय नगरेको भन्ने आधारमा चोरी पैठारीको कसुर खम्बिर भइरहेकोमा दुरूत्साहन वा सहयोग गरेकोमा सजाय हुने दफा प्रयोग गरी राजस्व अनुसन्धान विभागको मिति २०६६।४।११ को फैसला केही उल्टी हुने ठहर गरी प्रत्यर्थी प्रतिवादीलाई भन्सार ऐन, २०१९ को दफा ३४ को उपदफा ८(ख) बमोजिम रू. ५००।- जरिवाना गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेको देखिएन। प्रत्यर्थी प्रतिवादीलाई सोही ऐनको दफा ३४ को उपदफा ८(क) बमोजिम सजाय हुने देखिन आउने।

प्रत्यर्थी प्रतिवादी हरिप्रसाद सिलवालले ना.

२ ख ८७१३ नं. को ट्रकमा प्लास्टिक बडी भएका ५००० थान MV989 मोडेलका क्यामेरा भन्सार नतिरी ल्याई चोरी पैठारी गरी भन्सार ऐन, २०१९ को दफा ५(४) बमोजिमको चोरी पैठारीको कसुर गरेको ठहर गरी बरामद क्यामेरा जफत गर्ने गरी राजस्व अनुसन्धान विभाग र राजस्व न्यायाधिकरण काठमाडौंबाट फैसला भएको देखिन्छ । उक्त कसुरमा प्रतिवादीलाई सजाय गर्दा राजस्व अनुसन्धान विभागको निर्णयमा चोरी पैठारीको दुरूत्साहन गरेको वा सहयोग गरेकोलाई सजाय हुने दफा भन्सार ऐन, २०१९ को दफा ३४ को उपदफा ८(ख) उल्लेख भए पनि दफा ३४ को उपदफा ८(क) अनुसारको सजाय गरेको र सो निर्णयमा दफा ३४ को उपदफा ८(क) उल्लेख हुनुपर्नेमा टाइपिङ गर्दा त्रुटि हुन गई दफा ३४ को उपदफा ८(ख) उल्लेख भएकोले सो त्रुटि सच्याई दफा ३४ को उपदफा ८(क) कायम गरेको भन्ने राजस्व अनुसन्धान विभागको पत्रबाट देखिन्छ । यसरी प्रत्यर्थी प्रतिवादीले चोरी पैठारीको दुरूत्साहन गरेको वा सो गर्न सहयोग गरेको नभई चोरी पैठारीको कसुर गरेको पुष्टि हुन आएकोले उक्त कसुरमा आकर्षित हुने दफाअनुसार सजाय गरेको राजस्व अनुसन्धान विभागको निर्णय केही उल्टी गरी उक्त निर्णयमा उल्लेख भएको सोही ऐनको दफा ३४ को उपदफा ८(ख) अनुसार सजाय नगरेको भन्ने मात्र आधारमा आकर्षित नै नहुने सोही ऐनको दफा ३४ को उपदफा ८(ख) प्रयोग गरी प्रतिवादीलाई रू. ५००।- जरिवाना गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको देखिने।

अतः प्रकरणहरूमा विवेचना गरिएबमोजिम प्रत्यर्थी प्रतिवादी काठमाडौं एक्सपोर्ट एण्ड इम्पोर्टका सञ्चालक हरिप्रसाद सिलवालले रू.८,५२,१५०।- बराबरका ५००० थान क्यामेरा चोरी पैठारी गरी भन्सार ऐन, २०१९ को दफा ५(४) को कसुरमा सोही ऐनको दफा ३४ को उपदफा ८(क) बमोजिम क्यामेरा जफत हुने र प्रतिवादीलाई बिगोबमोजिम रू.८,५२,१५०।- जरिवाना हुने ठहरी भएको राजस्व अनुसन्धान विभागको मिति २०६६।४।११ को निर्णय मिलेको देखिएकोमा उक्त निर्णय केही उल्टी गरी प्रतिवादीलाई सोही ऐनको दफा ३४ को उपदफा ८(ख) बमोजिम रू.५००।- जरिवाना गर्ने हदसम्मको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६७।५।३१ को फैसला सो हदसम्म नमिली त्रुटिपूर्ण देखिँदा उक्त फैसला उल्टी हुने र प्रत्यर्थी प्रतिवादी हरिप्रसाद सिलवाललाई क्यामेरा चोरी पैठारी गरी भन्सार ऐन, २०१९ को दफा ५(४) बमोजिमको कसुरमा सोही ऐनको दफा ३४ को उपदफा ८(क) बमोजिम क्यामेरा जफत गरी क्यामेराको बिगो बराबर रू.८,५२,१५०।- जरिवाना हुने ठहऱ्याएको राजस्व अनुसन्धान विभागको मिति २०६६।४।११ निर्णय सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-WO-००७०, उत्प्रेषण / परमादेश, *डम्बर सिंह गदाल वि. जिल्ला विकास समितिको कार्यालय, इलामसमेत*

निवेदक कम्पनीको तर्फबाट फिक्कल उ.मा.वि. फिक्कलको इलामको भवन निर्माण सम्झौताको परेको निवेदनमा लामो समयपछि बेहोरा मनासिब देखी मिति २०६८।११।४ का निर्णयानुसार मागबमोजिम तत्कालका लागि म्याद थप भई पत्राचार भएको देखिन्छ । उक्त थपिएको म्यादभित्र निर्माणको पूरा कार्य विविध कारणले सम्पन्न हुनसक्ने अवस्था छैन, निर्माण कार्यको हर्जानासहित २०६९ साल चैत्र मसान्तसम्मको म्याद थप गरिपाउन को कसको के कति कमीकमजोरीका कारण निर्माण कार्यमा विलम्ब

भएको र अब बहन गर्नुपर्ने दायित्वसमेत उल्लेख गरी मिति २०६८।१२।२३ मा निवेदकबाट पुन: म्याद थपको लागि निवेदन परेकोमा लामो समयपछि मिति २०६९।२।२ को निर्णयले २०६९ साल श्रावण मसान्तसम्मको लागि दैनिक ०.०१ प्रतिशतका दरले हर्जाना / क्षतिपूर्ति लिने सर्तमा म्याद थप भई पत्राचार भएको देखिने।

तत्पश्चात् मिति २०७०।३।२ को निर्णयले निवेदक कम्पनीलाई निवेदनमा उल्लेख भएबमोजिम कारबाही गरी सोको जानकारी गराइएको पाइयो। साथै यसै विषयमा संघीय मामिला तथा स्थानीय विकास मामिला मन्त्रालयमा समेत उजुरी परी विपक्षी जिल्ला विकास समितिको कार्यालयबाट राय साथ विवरण पठाउँदा सम्झौताको ८१.५३ प्रतिशत काम सम्पन्न भएको र बाँकी कामको लागि १४ दिनको समय दिइएको बेहोरा लेखी पठाइएकोसमेत देखिने।

निवेदक डम्बर सिंह गदालले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम ०.०१ प्रतिशत हर्जाना तिरेर पनि निर्माण कार्य गर्न सहमत भई म्याद थपको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ बमोजिम निर्धारित समयभित्रै निवेदन गरेको र सोबमोजिम म्याद थप भएकोसमेतका आधारमा निवेदक उक्त बाँकी काम गर्न अनिच्छुक रहेको भन्ने नदेखिने।

रनिङ बिलबमोजिमको रकम भुक्तानी लिन बाँकी रहेको भन्ने सम्बन्धमा सो रकम भुक्तानी लिइसकेको देखियो। निवेदकले धरौटीबापत राखेको रकम र बाँकी काम सम्पन्न गर्नको लागि लाग्ने थप रकम रू.१,२२,१५१।३० (एक लाख बाइस हजार एक सय एकाउन्न रूपैयाँ तीस पैसा मात्र) माग गरिएको र अरू चाहिँ निवेदक स्वयम्ले म्याद थपको समयमा नियमानुसार हर्जाना स्वरूप तिर्न बुझाउन सहमत भई कबुल गरेको रकम जोडिएको देखिने।

त्यस्तै आफूलाई कालो सूचीमा राख्न खोजेको भन्ने सम्बन्धमा भएको कारबाहीतर्फ हेर्दा जिल्ला विकास समितिको कार्यालयबाट सिफारिस गर्ने निर्णयसम्म भएको हो, त्यसमा थप केही गरे भएको छैन भनी कालोसूचीमा राखी नसकेको बेहोरा विपक्षीको लिखित जवाफमा उल्लेख भएको देखिँदा निवेदकलाई कालोसूचीमा राखी नसकेको अवस्थामा सिफारिससम्मको निर्णय मात्रले निवेदकलाई कालो सूचीमा राखेको भन्न मिल्ने स्थिति नहुँदा कार्यान्वयनमा नआएको त्यस्तो निर्णय स्वतः निष्क्रिय हुँदा उत्प्रेषणको आदेशले बदर गरिरहन नपर्ने।

तसर्थ माथि उल्लिखित आधार, कारणबाट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । सो ठहर्नाले परमादेशको आदेशसमेत जारी हुन सक्तैन । रिट निवेदन खारेज भएकोले मिति २०७०।८।९ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृत : भिमप्रसाद भुसाल
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७३ साल कात्तिक २२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-१०४९, मोही नामसारी, *राम औतार राय यादव वि. कोशीला देवी*

दाबीको जग्गाको मोही रामस्वरूप राय यादवको मिति २०५३।९।६ मा स्वर्गवास भएपछि वादी प्रतिवादीहरू कसैले पनि मोही नामसारी सम्बन्धमा कुनै कारबाही गरेको मिसिल संलग्न कागजातबाट देखिँदैन । मोहीसम्बन्धी कुनै कारबाही नभएकै अवस्थामा मिति २०५३।९।२४ मा भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन भई जग्गाधनीले पत्याएको अवस्थामा छोरा बुहारीमा समेत मोही हक

सर्ने व्यवस्था भएको देखिन्छ । हालको जग्गाधनी जगरनाथ राय यादवले मोही रामस्वरूप राय यादवका छोरा अवध राय यादवलाई मोही पत्याएको र निजको मृत्युपश्चात् निजको श्रीमती कोशीला देवीलाई मोही पत्याएको र निजले नै जग्गा जोतभोग गरी कुत बुझाउँदै आएकोले निजको नाममा मोही नामसारी गर्न मन्जुरी जनाई प्रतिउत्तर फिराएको देखिन्छ। कि.नं. २३२ को साबिक जग्गाधनी प्रतिवादी सुरेन्द्र साहले भूमिसुधार कार्यालयमा प्रतिउत्तर नफिराई म्याद गुजारी बसेकोमा पुनरावेदन अदालत हेटौंडामा दाबीको जग्गामा मोही राम स्वरूपको मृत्युपछि निजको छोरा बुहारी कोशीला देवीलाई मोहीमा पत्याई निजले नै जोतभोग गरी बाली बुझाउँदै आएकोले वादी कोशीला देवीको नाममा मोही नामसारी हुनुपर्ने भनी लिखित प्रतिवाद गरेको देखिन्छ। यसरी जग्गाधनीलाई कानूनले मोही पत्याउने अधिकार दिएको र सो अधिकार प्रयोग गरी साबिकका जग्गाधनी सुरेन्द्रप्रसाद साह र हालका जग्गाधनी जगरनाथ राय यादवसमेतले मोही पत्याई जग्गा जोतभोग गरी कुत बालीसमेत यी वादीले हालका जग्गाधनीलाई बुझाउँदै आएको अवस्थामा मोही नामसारी गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भूमिसुधार कार्यालय, रौतहटबाट भएको फैसला उल्टी गरी दाबीको जग्गा वादी कोशीला देवीको नाममा मोही नामसारी हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

दाबीको जग्गाका मोही रामस्वरूप राय यादवको मृत्यु भएपछि मोही नामसारी सम्बन्धमा कुनै कारबाही नभएको अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन भई बुहारीलाई पनि मोही हक प्राप्त हुनसक्ने कानूनी व्यवस्था गरेको जग्गाधनीले छोरा बुहारीलाई मोही पत्याएको अवस्थामा बुहारीको नाममा पनि मोही नामसारी हुनसक्ने नै देखिँदा पति पत्नी वा छोरामध्ये जग्गावालाले पत्याएको व्यक्तिले मात्र मोही हक पाउँछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार कारणबाट साबिक कि.नं. २३२ कित्ताकाट भई कायम दाबीको कि.नं.९४३ को जग्गा मोही नामसारी गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई भूमिसुधार कार्यालय, रौतहटबाट मिति २०६६।३।२६ मा भएको निर्णय उल्टी गरी दाबीको जग्गा वादी कोशीला देवीको नाममा मोही नामसारी हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।७।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर :- हर्कमाया राई

इति संवत् २०७३ साल पुस १७ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ।

- ०६७-CI-१०५०, मोही नामसारी, राम *औतार राय यादव वि. कोशीला देवी*
- ०६७-CI-१३५६, मोही नामसारी, *राम औतार राय यादव वि. कोशीला देवीसमेत*
- ०६७-CI-१३५७, मोही नामसारी, *रामऔतार राय यादव वि. कोशीला देवीसमेत*

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CI-१०१८, घर बहाल दिलाई घर जग्गाबाट हटाई चलन, *हजरत मियाँ अन्सारी वि. लक्ष्मी कुमारी पाठक (पाण्डे)*

प्राङ्न्यायको सिद्धान्त आकर्षित हुन विवादको विषय एउटै, कार्यकारण एउटै, मुद्दाका पक्षहरू एउटै, सक्षम अदालतबाट सुनुवाई भई अन्तिम रूपमा निर्णय

गरेको जस्ता उपर्युक्त तत्त्वहरू विद्यमान भएको हुनुपर्ने अनिवार्यता देखिन्छ । मुद्दा मामिलामा प्राङ्न्यायको सिद्धान्त आकर्षित हुन केही खास अवस्थाहरू विद्यमान हुनुपर्ने देखिन्छ जसअनुसार पहिले दायर भएको र पछि दिइएको मुद्दामा दाबीको विषय समान हुनुपर्ने, पहिले दायर भएको र पछि दिइएको मुद्दामा मुद्दा गर्नुपर्ने कारण र मागिएको उपचार समान हुनुपर्ने, पहिले दायर भएको र पछि दिइएको मुद्दामा मुद्दाका पक्षहरूको अवस्था र हैसियत समान हुनुपर्ने, पहिलेको कारबाहीमा दाबी गरिएको विषयमा अन्तिम निर्णय भएको हुनुपर्ने, त्यस्तो निर्णय कानूनबमोजिम सक्षम निकाय / अदालतबाट भएको हुनुपर्ने, पहिलेको मुद्दाको काम कारबाहीमा पक्षको तर्फबाट उचित प्रतिनिधित्त्व भएको हुनुपर्ने, पहिले दायर भएको मुद्दामा सम्बन्धित पक्षले सुनुवाइको पर्याप्त र उचित अवसर पाएको हुनुपर्ने देखिने।

साबिकको मुद्दामा हदम्याद, हकदैया वा क्षेत्राधिकारको प्रश्नमा नभई प्राविधिक त्रुटि कि.नं.१६८ र कि.नं.१६ को कारणले खारेज भएको देखिन्छ । अर्थात् प्रमाण बुझ्ने क्रममा मालपोत कार्यालयबाट दर्ता स्रेस्ता झिकाउँदा हेमप्रसाद पाठकको नाममा खैरहनी गा.वि.स. वडा नं.८(क) कि.नं.१६८ को क्षे.फ.०-०-१३ भएको स्रेस्ताबाट देखिएको, कि.नं.१६ को जग्गा भएको नदेखिएको भनी मालपोत कार्यालयको च.नं.५९३६ मोठ ३ मिति २०६४।१।८ मा दर्ता स्रेस्ता प्राप्त हुन आएको देखियो । त्यस्ता प्राविधिक त्रुटि कतिपय अवस्थामा पक्षहरूले सजिलैसँग संशोधन गर्न सकिने गरी प्रचलित कानूनले पक्षहरूलाई सुविधा दिएकै पनि छ । सो मुद्दामा सो त्रुटि संशोधन नगरिएको कारणले मात्र खारेज भएको अवस्था देखिएको छ । यसबाट सारवान् तवरले कुनै हकअधिकार स्थापित भएको अवस्था पनि देखिँदैन । साबिक मुद्दामा दाबीको जग्गाको कि.नं. १६ गलत उल्लेखन गरेको कारणले खारेज हुने र पछिल्लो प्रस्तुत मुद्दामा सोही कि.नं. १६ उल्लेखन गर्दा अघिल्लो दाबीको विषयवस्तु यही हो भनी खारेज गर्दा अघिल्लो र पछिल्लो मुद्दाको विषयवस्तुको सामन्जस्यतामा नै अन्योल हुन जाने र यस्तो अवस्थाले पक्षले विवादको निरूपण हुन नपाउने अवस्था पनि सिर्जना हुन जाने हुँदा सोतर्फ समयमा नै पक्षहरूसमेत सचेत हुनुपर्ने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट साबिकमा १६ नं. कित्तामा रहेको घरको विवाद भएकोमा सोहीतर्फ तहकिकात भई सो कित्ता वादीको नाममा दर्ता नदेखिएको आधारमा खारेज भएको र प्रस्तुत मुद्दामा कि.नं.१६८ को घर सम्बन्धमा नै दाबी लिई आएबाट प्रस्तुत विवादमा अ.बं.८५ नं. को तत्त्वहरू विद्यमान नदेखिँदा सुरू जिल्ला अदालतबाट मिति २०६९।०३।०३ मा अ.बं.१८० नं. बमोजिम खारेज हुने ठहर्‍याई भएको फैसला मिलेको नदेखिँदा बदर गरी कानूनबमोजिम जे जो बुझ्नुपर्छ बुझी ठहर निर्णय गर्नु भनी पक्षहरूलाई तारेख तोकी सुरू मिसिल चितवन जिल्ला अदालतमा पठाइदिनु भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।०९।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख २४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CI-११९४, मिलापत्र बदर, *फुलेश्वर मेहता वि. सोनाई यादव*

वादी प्रतिवादीहरूबिच एउटै विवादका विषयमा अन्य मुद्दासमेत परेको अवस्थामा सो मुद्दालाई समेत एकैसाथ राखी विवादित सबै विषयको सम्बन्धमा निर्णय गर्नुपर्ने हुन्छ । मोहियानी हकको प्रमाणपत्र पाऊँ भन्ने मुद्दासमेत साथै राखी विवादित विषयका

सम्बन्धमा प्रचलित कानूनी व्यवस्थासमेतका आधारमा निर्णय गर्नुपर्नेमा मिलापत्रमा उल्लिखित जग्गा दाबीको जग्गाको जोताहाको अस्थायी निस्सासँग नभिडेको भन्ने आधारमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई भएको सुरू भूमिसुधार कार्यालय, सुनसरीको निर्णय मिलेको नदेखिँदा उक्त फैसला बदर गरी मोही कायम मुद्दा र मिलापत्र बदर मुद्दा एकैसाथ राखी जो जे प्रमाण बुझी निर्णय गर्नु भनी पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार, प्रमाणसमेतबाट मोही हक कायम गरिपाउँ भन्ने मुद्दा र मिलापत्र बदर गरी दुई मुद्दा विपक्षी / वादी सोनाइ यादवले दिएकोमा मोही हक कायम मुद्दा बाँकी राखी मिलापत्र बदर मुद्दा फैसला गरेको मुलुकी ऐन, अ.बं.१९२ नं. समेतको त्रुटि देखिँदा भूमिसुधार कार्यालय, सुनसरीको मिति २०६९।५।६ को फैसला बदर गरी अब दुवै मुद्दाहरू साथै राखी जो जे प्रमाण बुझ्नु पर्ने हो, बुझी कानूनबमोजिम फैसला गर्नु भनी पक्षहरूलाई तारेख तोकी मिसिलसमेत सुरू भूमिसुधार कार्यालय, सुनसरीमा पठाइदिने ठहर्‍याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।०५।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख २४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-०१५४, हक कायम गरी जग्गा दर्ता गराई ज.ध. प्रमाणपुर्जा पाऊँ, *शिव नारायण यादव वि. खुशीलाल यादवसमेत*

सुगिया देवीको मिति २०४०।११।१० मा मृत्यु भएपछि उक्त जग्गा नामसारीतर्फ प्रतिवादीहरूको निवेदन परी मालपोत कार्यालयबाट सूचनासमेत प्रकाशित गरी सरजमिन गराई प्रतिवादीहरूका नाउँमा नामसारी हुने गरी २०४४।९।३ मा निर्णय भएको देखिन्छ । उक्त नामसारी निर्णयउपर कुनै कारबाही नभई उक्त कारबाही अन्तिम भएर रहेको देखिन्छ । जतुवा कठकुप्पाको वडा नं. २क कित्ता नं.११५ को जग्गा फिल्डबुक उतारबाट श्रीप्रसाद राजवंशीको भन्ने देखिन्छ भने दाबीमा उल्लिखित कि.नं.११५ को जग्गा अगमी यादवको भन्ने कैफियत महलमा उल्लेख भएको देखिन्छ। सोही फिल्डबुकमा कि.नं.१०७ को जग्गा अगमलाल यादवको भन्ने उल्लेख भई अगमी यादव वडा नं.५ मा बस्ने भनी र अगमलाल यादव वडा नं.६ मा बस्ने भनी स्पष्ट रूपमा उल्लेख भएको छ । अगमलाल यादव र अगमी यादवको छुट्टाछुट्टै दर्ताको अवस्थासमेत सो फिल्डबुकबाट देखिन्छ। अगमलाल यादवको वतन वडा नं.६ भन्ने पेस भएको नागरिकताको प्रतिलिपिबाट स्पष्ट देखिन्छ । दाबीका जग्गासँग सम्बन्धित फिल्डबुकमा उल्लिखित बेहोरासमेतका प्रमाणको आधारमा वडासम्म संशोधन गरी सच्चाई दिने गरी मिति २०६४।११।१९ मा निर्णय भएको देखिन्छ। वादीले २०५३ सालमा दाबीको जग्गाको दर्तातर्फ कारबाही चलाउनुअघि नै २०४४।९।३ मा कि.नं.११५ को जग्गा प्रतिवादीहरूको नाउँमा नामसारी भएको हुँदा अघिल्लो नामसारी निर्णय बदर नभएसम्म सोही जग्गाका सम्बन्धमा उक्त निर्णयका आधारमा भएको दर्तासमेत बदर हुनसक्ने अवस्था नरहने।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट दाबीमा उल्लिखित वडा नं.५(च) को कि.नं.११५ को जग्गा साबिकमा अगमी यादवका नाउँमा स्रेस्ता कायम रहेको फिल्ड बुक उतारबाट पनि अगमी यादव र अगमलाल यादव अलगअलग व्यक्ति भन्ने देखिएको अवस्थामा वादी दाबी नपुग्ने गरी फैसला गर्नुपर्नेमा प्रतिवादीहरूको नाउँको दर्ता

बदर गरी वादीका नाउँमा दर्ता कायम हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।२।२९मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रस्तुत मुद्दामा वादीको दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।०६।०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल वैशाख २४ गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-CI-०१५३, लिखत बदर दर्ता बदर दर्ता कायम, *शिवनारायण यादव वि. खुशीलाल यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-२१३८, जबरजस्ती करणी, *मुहमद सफिक मियाँ वि. नेपाल सरकार*

पीडितले मौकामा कागज गर्दा प्रतिवादीले आफूलाई विभिन्न प्रलोभन डरत्रासमा पारी पटकपटक जबरजस्ती करणी गरी यौन सम्बन्ध राखेको र अप्राकृतिक यौन सम्बन्धसमेत राखेको भनी उल्लेख गरेको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण हुँदा योनिको झिल्ली च्यातिएको नपाइएको, दुवै औंला सजिलैसँग पठाउन सकिने, योनि झिल्ली पहिलेदेखि नै फाटेको, योनि मार्ग पनि खुकुलो रहेको भन्नेसमेत बेहोराको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन्छ । स्वास्थ्य परीक्षण गर्ने डाक्टरले अदालतमा बकपत्र गर्दा पीडितको Hymen intact नभएको भन्ने उल्लेख गरेको देखिन्छ। यसबाट अविवाहित पीडितमाथि यौन क्रियाकलाप भएको देखिने।

पीडित तथा जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीले कुनै कसुर अपराध नगरेको भनी मौकाको जाहेरी तथा कागजविपरीत उल्लेख गरी लेखाएको देखिन्छ । तर, पीडित प्रतिवादीको घरमा घरेलु कामदारको रूपमा काम गर्ने बालिका देखिन्छ । सो कुरालाई स्वयम् प्रतिवादीले स्वीकार गरेका छन्। पीडित अविवाहित छिन्। निजको स्वास्थ्य परीक्षण प्रतिवेदन, डाक्टरको बकपत्रसमेतबाट जाहेरी दरखास्त र पीडितको मौकाको कागज समर्थित भएको पाइन्छ । वारदातपछि केही समयको अन्तरालमा अदालतमा बकपत्र हुँदा घरेलु कामदारको रूपमा काम गर्ने बालिका एवम् निजको परिवार घरमालिकको प्रभावमा पर्नु अस्वाभाविक देखिँदैन। यस्तो अवस्थामा अनुसन्धानको क्रममा खडा गरिएका कागजातहरू यी पुनरावेदक प्रतिवादीलाई फसाउने नियतले खडा गरिएका हुन् भन्ने जिकिर युक्तिसङ्गत देखिएन । प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको देखिने।

प्रस्तुत मुद्दाको वारदात मिति २०६९।७।१५ मा भएको देखिन्छ । पीडितको विद्यालयको भर्ना रजिस्टरमा २०५१।८।२२ को जन्म मिति भनी उल्लेख भएको पाइन्छ। त्यसैगरी निजको नागरिकतामा पनि सोही मिति नै उल्लेख भएको पाइयो । निजको जन्म दर्तामा २०५२।८।२२ भनि उल्लेख भएको देखिन्छ । निजको स्वास्थ्य परीक्षण गराउँदा १५ देखि १७ वर्षभित्रको भनी उल्लेख गरेको देखिन्छ । यसरी विद्यालयको भर्ना रजिस्टर, नागरिकता र जन्म दर्ताको प्रमाणपत्रबाट समेत पीडित वारदात हुँदा १६ वर्ष नाघिसकेको देखिँदा निजको उमेर १५ वर्ष नै हो भनी जबरजस्ती करणीको महलको ३ नं. को देहाय ३ बमोजिम सजाय गर्न नमिल्ने।

अतः विवेचित आधार र कारणबाट प्रतिवादी मुहमद सफिक मियाँलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद र ऐ. महलको ९क नं. अनुसार थप १ वर्ष कैद सजाय र ऐ.

महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई दुई लाख रूपैयाँ क्षतिपूर्ति भराई दिने ठहर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७१।७।२५ को फैसला केही उल्टी भई निज प्रतिवादीलाई ऐ. महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद सजाय हुने। पीडितलाई प्रतिवादीबाट दुई लाख रूपैयाँ क्षतिपूर्ति भराई दिने पुनरावेदन अदालत पोखराको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१२०६ र ०७३-CR-१३७२, मानव बेचबिखन तथा ओसारपसार, *आशा परियार वि. नेपाल सरकार र नेपाल सरकार वि. आशा परियार*

पीडितहरूको अदालतबाट प्रमाणित बयानमा आफूहरूलाई विभिन्न प्रलोभन दिई भारतमा लैजाने उद्देश्यका साथ बुटवलबाट नवलपरासी महेशपुरसम्म लगी गएको भनी उल्लेख गरी लेखाएको देखियो । तर, पीडित घ कुमारीले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीले आफूलाई लगेको नभई ज्याला मजदुरी गरी पैसा कमाउने उद्देश्यका साथ आशा परियार साथी हुँदा निजसँगै गएको हो भनी उल्लेख गरेको देखियो। निजको बकपत्रबाट समेत निज प्रतिवादीसँगै बुटवलदेखि नवलपरासीको महेशपुरसम्म गएको तथ्य स्थापित हुन आएको देखियो । पीडितहरूको घर परिवारलाई कुनै जानकारी अनुमतिसमेत लिई लगेको भन्ने मिसिलबाट देखिँदैन । यसबाट पीडितहरूलाई नेपालको बुटवलबाट नवलपरासीको महेश्वर चोकसम्म प्रतिवादीहरूले लिई गएको देखिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी आशा परियारलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा ४(२)(६) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १५(१)(ङ)(२) अनुसार १० वर्ष कैद र रू.५०,०००।– जरिवानासमेत हुने साथै सोही ऐनको दफा १७ अनुसार प्रतिवादीबाट पीडितले जनही रू. २५,०००।– का दरले क्षतिपूर्तिबापतको रकम भराई पाउने ठहऱ्याई सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।१२।०२ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।४।२५ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई यी पुनरावेदक / प्रतिवादी आशा परियारलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(च) बमोजिम २ (दुई) वर्ष कैदको सजाय हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल असार ४ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०९०४, उत्प्रेषण, *प्रभुराम बास्कोटासमेत वि. पुनरावेदन अदालत इलामसमेत*

निवेदक प्रभुराम सापकोटासमेतलाई बाहेक गरी सुरू पाँचथर जिल्ला अदालतबाट तायदाती फाँटवारी माग गर्ने आदेश भएकोमा उक्त आदेश बदर गरी सबै अंशियारबाट बन्डा हुने सम्पत्तिको तायदाती फाँटवारी माग गर्ने गरी पुनरावेदन अदालत इलामबाट आदेश भएकोमा निवेदक प्रभुराम बास्कोटासमेतले पुनरावेदन अदालतको आदेशमा चित्त नबुझाई यस अदालतमा रिट निवेदन दायर गरेको देखियो। निवेदक तथा प्रत्यर्थीतर्फबाट बहसको क्रममा उपस्थित कानून व्यवसायीहरूले यिनै निवेदक / प्रतिवादी र विपक्षी /

वादी भई चलेको ०७४-RI-०३५३ को अंश चलन मुद्दामा यस अदालतबाट मिति २०७४।१०।१९ मा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको छ । उक्त मुद्दामा यस अदालतबाट मिति २०७४।१०।१९ मा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको र प्रस्तुत निवेदनमा उठाइएका विषयवस्तुसमेत सोही मुद्दाबाट हेरिने हुँदा प्रस्तुत निवेदनको औचित्य समाप्त भएकोले खारेज हुनुपर्छ भनी बहसको क्रममा उक्त आदेशको प्रतिलिपिसमेत पेस गरेको पाइने।

तसर्थ, यिनै पक्ष विपक्षउपरको अंश चलन मुद्दा उच्च अदालत विराटनगर, अस्थायी इजलास इलामबाट फैसला भएकोमा निवेदक / प्रतिवादी प्रभुराम बास्कोटासमेतले यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउनको निवेदन दर्ता गरी दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको देखिँदा सो मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेकाले निवेदनको मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत्र १४ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-१०६१, उत्प्रेषण / परमादेश, *बाबुराम दाहालसमेत वि. न्याय सेवा आयोग, कुपन्डोल, ललितपुरसमेत*

न्याय सेवा आयोगको बढुवा सूचना प्रकाशित भएको मितिभन्दा पहिला नै यी निवेदकहरूको निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवा उम्मेदवार हुन चाहिने न्युनतम् सेवा अवधि पुगिसकेको देखिएको र बढुवामा सम्मिलित हुन नपाउँदा निजहरूको वृत्ति विकासमा अवरोध सिर्जना भई अपूरणीय क्षति हुने हुँदा बढुवाको निम्ति निवेदकहरूको दरखास्त फाराम लिई बढुवा प्रक्रियामा सहभागी गराउनु भनी यस अदालतबाट मिति २०७३।१२।२२ मा विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी भएको पाइने।

अन्तरिम आदेशपश्चात् विपक्षी न्याय सेवा आयोगले निवेदकहरूको ५ वर्ष अवधि पुगिसकेको समेत आधारमा निजहरूबाट समेत दरखास्त लिई प्रक्रिया अगाडि बढाई बढुवा समितिबाट निवेदकहरूको दरखास्तसमेत मूल्याङ्कन गरी न्याय सेवा आयोगको मिति २०७४।१।१४ को निर्णयबमोजिम बढुवा सूचना प्रकाशित भई निवेदकहरूमध्येका बाबुराम दाहाल र ठगीन्द्र कट्टेलसमेतको नेपाल सरकारको मिति २०७४।३।२२ को निर्णयअनुसार बढुवा पदस्थापन भइसकेको देखिने।

विदुर काफ्लेको हकमा विचार गर्दा न्याय सेवा आयोगको मिति २०७३।१२।४ मा प्रकाशित सूचनामा विज्ञापन नं. ११।०७३।७४, जेष्ठता र कार्यसम्पादनबाट हुने बढुवामा २ सिट, विज्ञापन नं.१२।०७३।०७४ कार्यक्षमता मूल्याङ्कनबाट हुने बढुवामा ३ सिट मात्र माग गरी सूचना प्रकाशित गरेको देखिन्छ । यी निवेदक विदुर काफ्ले कानूनमा स्नातकोत्तर गरी मिति २०६८।१०।१५ मा न्याय सेवाको न्याय समूह द्वितीय श्रेणीको पदमा र निवेदकमध्येका बाबुराम दाहाल र ठगीन्द्र कट्टेलको मिति २०६८।९।८ मा नियुक्ति भई यी निवेदकभन्दा करिब १ महिना ८ दिन अगाडि निवेदकमध्येका बाबुराम दाहाल र ठगीन्द्र कट्टेलको नियुक्ति भएको देखियो। तसर्थ यी निवेदकसमेतलाई बढुवा प्रक्रियामा सहभागी गराएकोमा अन्य निवेदकभन्दा पछि नियुक्ति भएकोसमेतबाट यी निवेदकको सेवा अवधि कम देखिई उक्त विज्ञापनको बढुवामा छनौट हुन नसकेबाट निजको हकमा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने भई रिट निवेदन खारेज हुने।

तसर्थ निवेदकहरूमध्येका बाबुराम दाहाल र ठगीन्द्र कट्टेलको सेवा अवधि ५ वर्ष पुगिसकेको अवस्थामा निजहरूलाई समेत विपक्षी न्याय सेवा आयोगले बढुवा प्रक्रियामा सामेल गराई निजहरूसमेतको बढुवा पदस्थापन भइसकेको र निजहरूको निवेदन मागदाबी पूरा भइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल कार्तिक २१ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-१०६५, उत्प्रेषण, *मनटुटिया देवी महरासमेत वि. पुनरावेदन अदालत हेटौंडा, मकवानपुरसमेत*

विपक्षीहरू तपसी महरा र दिनेशकुमार यादवसँग कपाली तमसुक हुँदाका बखत निवेदकहरूसमेत सगोलमा थिए वा थिएनन् ? यिनीहरूबिच अंशबन्डा भएको थियो थिएन भन्ने सम्बन्धमा विचार गर्दा, यी निवेदक मनटुटियादेवी, अकलु महरा, देवल महरा, तेजी महरा विपक्षी रमुनी देवी महरा र तपसी महरा आमा, दाजु भाउजू, जेठाजु नाताको भएकोमा नातामा विवाद देखिँदैन । विपक्षीमध्येका तपसी महरा घरको मुली भई निजले घर व्यवहार चलाउन भनी विपक्षी दिनेशकुमार यादवसँग १ वर्षको भाखा राखी मिति २०६६।९।१४ गतेका दिन नगद रू.२,६४,८००।– (दुई लाख चौसट्ठी हजार आठ सय) रूपैयाँ कर्जा लिई कपाली तमसुक गरेको उक्त तमसुकबाट देखिने।

कपाली तमसुक भएको ५ वर्षपछि यी विपक्षी रमनी देवी, निवेदक अकलु महरा एवम् मनटुटिया देवीसमेतका बिचमा मालपोत कार्यालय, रौतहटबाट मिति २०७१।०६।०७ मा रीतपूर्वकको बन्डापत्र गरेको देखिन्छ । यी निवेदकहरूले हामी निवेदक विपक्षीहरूबिच २०६० सालमा घरसारमा बन्डापत्र भएको हो भने तापनि रीतपूर्वक २०७१ सालमा बन्डापत्र भएको देखिएको हुँदा सोभन्दा अगाडि निवेदकहरूसमेत सगोलमा रहेको भन्ने देखिन्छ । यी निवेदकहरू सगोलमा रहेकै अवस्थामा घरको मूली रमनी देवी रोहवरमा साक्षी बसी घर व्यवहार चलाउनसमेत २०६६।९।१४ मा कपाली तमसुक गरी ऋण लिएको भनी घरको मुख्य अंशियारसमेतले स्वीकार गरेको देखिने।

सगोलमा छँदा खाएको ऋण असुलउपर गर्न लेनदेन मुद्दामा सुरू अदालतबाट निवेदकहरूको समेत जग्गा रोक्का गरेको आदेश पुनरावेदन अदालत हेटौंडाबाट सदर भएको उक्त आदेशले निवेदकहरूको संवैधानिक अधिकारमा हनन् भएको नदेखिँदा कायम गरेको बिगो भरिभराउमा दण्ड सजायको २६ नं. को कानूनी व्यवस्थाले सगोलको सम्पत्ति रोक्का रहेकोलाई कानूनविपरीत भन्न मिल्ने अवस्था नरहने।

अतः उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट घरको मुख्य व्यक्ति रमनी देवी भई निजलाई रोहवरमा साक्षी राखी मिति २०६६।९।१४ मा विपक्षीमध्येका तपसी महरा र दिनेशकुमार यादवबिच नगद रू.२,६४,८००।– (दुई लाख चौसट्ठी हजार आठ सय) रूपैयाँको तमसुक भएकोमा तमसुकमा तोकिएको समयभित्र साँवा ब्याज नबुझाएकोले निज तपसी महरालाई विपक्षी बनाई लेनदेन मुद्दा दायर गरी निवेदकहरूको नाउँमा रहेको जग्गासमेत रोक्का गरेकोमा फुकुवा गर्न मिलेन भनी सुरू रौतहट जिल्ला अदालतको मिति २०७२।१।१७ को आदेश मिलेको देखिई सदर गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।२।२८ मा भएको आदेश मिलेकै देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु

परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-CR-०५६७, नकबजनी चोरी, *नेपाल सरकार वि. रिमबहादुर लामिछाने*

वादीकै साक्षी वस्तुस्थिति मुचुल्काका मानिस यमलाल शर्माले प्रतिवादीहरूले चोरी गरेका हुन् जस्तो लाग्दैन, प्रतिवादीहरू जिम्मा रहेको रूपैयाँ हराएको हुनाले प्रतिवादीहरूले तिर्नुपर्ने हो समेत भनी बकी लेखाएको, त्यस्तै वादीको अर्को साक्षी घटना विवरणका मानिस भीमबहादुर लामिछानेले मिति २०६७।८।३ गते राति चोरी भएको हो, को कसले चोरी गरे भन्न सक्तिन, प्रतिवादीहरू जिम्मा रहेको रूपैयाँ हुनाले यिनीहरूले तिर्नुपर्छ भनी गाउँमा दबाब दिँदा नमानेपछि रिडी प्रहरीमा ल्याएको हो, रिडी प्रहरीमा ल्याएपछि सहकारीको रकम दाखिल गरे छुट्कारा पाइन्छ भनी प्रतिवादीहरूका घरका मानिसहरूले रूपैयाँ दाखिल गरेका हुन्, प्रतिवादीहरू जिम्माको रकम भएकाले निजहरूले तिर्नुपर्छ भनी र वादी पक्षकै साक्षी वस्तुस्थिति मुचुल्काका मानिस दीवाकर पाण्डेले संस्थाको रकम चोरी भएको हो, क-कसले चोरी गरे थाहा भएन, प्रतिवादीहरूले चोरी गरेजस्तो लाग्दैन, आफूहरू जिम्मा रहेको रकम सुरक्षित राख्न नसकेको हुनाले हराएको रकम निजहरूले तिर्नुपर्ने हो भनी बकी लेखाएकोसमेतबाट अभियोग दाबी वादी नेपाल सरकारका साक्षीबाट निर्विवाद पुष्टि भएको मान्न सकिने स्थिति नरहने। माथि उल्लेख गरिएअनुसार बरामदी मुचुल्कासमेत शङ्काको घेराभन्दा बाहिर रहेको पाइएन भने प्रतिवादीहरूका साक्षीहरूले प्रतिवादीहरूको अदालतको इन्कारी बयान जिकिरलाई समर्थित हुने गरी स्पष्टसँग बकी लेखाइदिएको देखिन्छ। यसप्रकार वादी नेपाल सरकारको पुनरावेदन जिकिरअनुसार अभियोग दाबी मिसिल संलग्न प्रमाणबाट निर्विवादरूपमा पुष्टि भएको मान्न मिल्ने देखिएन। लगाइएको अभियोग शङ्कारहित तवरबाट पुष्टि नभएको अवस्थामा प्रतिवादीहरूलाई कसुरदार कायम गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्त प्रतिकूल हुन जाने।

अत: विवेचित आधार, कारण एवम् प्रमाणसमेतबाट प्रतिवादीहरूले चोरी गरेका हुन् भन्ने वादी नेपाल सरकारको अभियोग दाबी विवादरहित तवरबाट पुष्टि हुन आएको नदेखिएकोले अभियोग दाबीअनुसार निजहरूलाई कसुरदार कायम गरी दाबीबमोजिम सजाय गर्ने गरी सुरू गुल्मी जिल्ला अदालतले मिति २०६८।२।२६ मा गरेको फैसला उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत बुटवलबाट मिति २०६९।३।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७४ साल चैत ६ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-WO-०९१७, परमादेश, *मनबहादुर राना वि. पुनरावेदन अदालत पाटन*

रिट निवेदक र उक्त लेनदेन मुद्दाकी प्रतिवादी सुशिला रानाको बिचमा रहेको उक्त लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने गरी मिति २०७२।४।१९ मा मिलापत्र भएको देखिन्छ। उक्त मितिको मिलापत्रभन्दा अगावै यी विपक्षीमध्येका नरबहादुर थापासँग मिति २०६४।१२।२० मा रू.६,००,०००।- र मिति २०६५।१।२४ मा रू.१०,००,०००।- निज सुशिला

रानाले लिए खाएको ऋणका सम्बन्धमा उक्त सम्बन्ध विच्छेदको मिलापत्र हुनुपूर्व नै लेनदेन मुद्दा दायर भई मिति २०७२।०२।०४ मा फैसला भइसकेको देखिएको हुँदा यी रिट निवेदक र ऋणी सुशिला राना एकासगोलका पति पत्नीको सम्बन्ध रहेकै अवस्थामा उक्त लेनदेन मुद्दाको विवादले प्रवेश पाइसकेको देखिने।

मिति २०६४।१२।२० र मिति २०६५।१।२४ मा लिएको सो ऋण कर्जाको रकमका सम्बन्धमा लेनदेनको विवादले प्रवेश पाइसकेको र वादीले सोबमोजिमको रकम भराई लिन पाउने ठहरी फैसला भइसकेको अवस्थामा मिति २०७२।४।१९ मा आफूहरूका बिचमा रहेको लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद हुने गरी गरिएको सोही मिलापत्रका आधारमा सो रकम तिर्नु बुझाउनु पर्ने दायित्व अब आफूमा नरही केवल विपक्षी सुशिला रानाको मात्र रहने हो भनी निवेदकले आफ्नो नाउँमा रहेको सम्पत्तिबाट असुल हुनु नपर्नेतर्फ इङ्गित गर्दै आफ्ना नाउँको घर जग्गा फुकुवा हुनुपर्ने जिकिर लिएको देखिन आउने।

तसर्थ विवेचित आधार, प्रमाणसमेतबाट ललितपुर जिल्ला अदालतबाट मिति २०७२।८।४ मा भएको आदेश तथा "**सुशिला रानाको अंश हकसम्म रोक्का राखी कानूनबमोजिम गर्नु**" भन्ने हदसम्मको पुनरावेदन अदालत पाटनको मिति २०७२।११।२८ को आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी आफ्नो नाम दर्ताको उक्त कि.नं.३८५ को सम्पूर्ण घर जग्गा फुकुवा गरी दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको जिकिरअनुसार गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०५२६, उत्प्रेषण, *नवराज न्यौपाने वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

निवेदकले विपक्षी मन्त्रालयसमक्ष सरूवा मिलानको लागि निवेदन गरेको भनी दाबी गरे तापनि त्यससम्बन्धी कुनै प्रमाण निवेदनसाथ पेस गरेको देखिँदैन । विपक्षी स्वास्थ्य सेवा विभागको लिखित जवाफबाट पनि निवेदकले एक तहमाथिको अधिकारीसमक्ष निवेदन गरेको भन्ने नदेखिने।

वस्तुतः सरूवा कर्मचारीको अधिकार नभई सुविधासम्मको विषय हो । तसर्थ कुनै पनि कर्मचारीको सरूवा गर्दा प्रचलित कानूनको प्रतिकूल नहुने गरी कर्मचारीको सुविधा र संस्थाको आवश्यकता र औचित्यतालाई मध्यनजर गरी सरूवा हुनु र गरिनुपर्दछ । लामो अवधि एउटै स्वास्थ्य चौकीमा कार्यरत यी निवेदकलाई सोही जिल्लाभित्रकै अर्को स्वास्थ्य चौकीमा सरूवा गरिएको अवस्था छ। सोही नियमावलीको नियम ३५ ले सरूवा भएको कर्मचारी सरूवा भएको कार्यालयमा म्यादभित्र हाजिर हुन जानु पर्ने छ भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । कानूनसम्मत भएका सरूवाको पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुन्छ। सरूवा भएको दुवै स्थानमा कर्मचारीको दरबन्दी र पदनामअनुसार नै सरूवा गरिएको भन्ने स्वास्थ्य सेवा विभागको लिखित जवाफ बेहोरा रहेको र सरूवा मिलान गर्ने जिम्मेवारी विपक्षीहरूको रहे भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। रिट निवेदन

खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६९-WO-०३५७, उत्प्रेषण, *कृष्णभक्त न्यौपाने वि. गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-०६५५, निषेधाज्ञा, *अब्दुल वाहिद मियाँ वि. जिल्ला प्रहरी कार्यालय, मोरङ विराटनगरसमेत*

पुनरावेदन अदालत विराटनगरमा चलेको ०७१-WO-००२१ को निवेदक महम्मद महफूज मियाँ भएको निषेधाज्ञाको निवेदनमा जिल्ला प्रशासन कार्यालय, मोरङको लिखित जवाफसाथ संलग्न अभियोग पत्रको प्रतिलिपिबाट वाहिद मियाँ र महफूज मियाँउपर हातहतियार खरखजाना मुद्दाको कारबाही चलेको भन्ने देखिन्छ। वाहिद मियाँको नाउँमा म्याद जारी भई सो म्याद घर दैलोमा टाँस गरी तामेल गरेको भन्ने देखिन आउँछ। यी निवेदकले आफू उक्त मुद्दा र म्यादमा भनिएको वाहिद मियाँ नभई छुट्टै व्यक्ति अब्दुल वाहिद मियाँ हुँ भनी निवेदनमा जिकिर लिएको देखिने।

निवेदक उक्त हातहतियार खरखजाना मुद्दाको प्रतिवादी वाहिद मियाँ हुन् होइनन् भन्ने तथ्य जिल्ला प्रशासन कार्यालय, मोरङमा चलेको उल्लिखित हातहतियार खरखजाना मुद्दाबाट निरूपण हुने विषय देखिन्छ। यी निवेदक उक्त हातहतियार खरखजाना मुद्दाको प्रतिवादी नभएको तथ्यको प्रमाण निजले नै पुऱ्याउनु पर्ने हुन्छ। हातहतियार खरखजाना मुद्दाको प्रतिवादी यी निवेदक हुन् होइनन् भन्ने तथ्य सम्बन्धमा प्रमाण बुझी प्रस्तुत निषेधाज्ञा मुद्दाबाट निरूपण हुने विषय नभएकोले निवेदकको मागअनुसार निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिन नआउने।

अतः विवेचित आधार र कारणहरूबाट जिल्ला प्रशासन कार्यालय, मोरङमा चलेको हातहतियार खरखजानासम्बन्धी मुद्दाको प्रतिवादी यी निवेदक हुन् होइनन् भन्ने विषयको निरूपण सोही मुद्दाबाट नै हुने भएको उल्लेख गरी मिति २०७२।३।१४ मा प्रस्तुत रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-१७६२, निषेधाज्ञा, *सुकदेव यादवसमेत वि. श्रीमती सति देवी यादव*

निवेदिकाको नाउँमा दर्ता रहेको जिल्ला सप्तरी, गा.वि.स. प्रसबनी, वडा नं. ५(क) कि.नं. ४४५ को ०–४–१६ जग्गा मिति २०६७।१०।२३ मा गितादेवी दासबाट खरिद गरी लिएको देखिन्छ। यी पुनरावेदकको तर्फबाट जग्गाधनी सति देवी यादवलाई मोहीको हैसियतले कुत बुझाएको भन्ने देखिएको छैन । मोहीसम्बन्धी विवाद भूमिसुधार कार्यालय, सप्तरीमा कारबाहीमा रहेको भन्ने देखिन्छ। निर्विवाद मोही हक स्थापित नभएसम्म मोहीको हैसियतले जग्गा भोग गर्न पाउने हकको सिर्जना नहुने।

मोहीको हैसियतले जग्गा भोगचलन गर्न मोहियानी हक निर्विवाद रूपमा स्थापित भएको हुनुपर्छ। विवादित जग्गाको मोही हकसम्बन्धी विवाद भूमिसुधार कार्यालय, सप्तरीमा कारबाहीयुक्त अवस्थामा रहेको भन्ने देखिएकोले विवादित जग्गामा मोहीको हैसियतले

जग्गा भोगचलन गर्ने हक यी पुनरावेदकहरूमा रहेको भन्ने देखिन आएन । पुनरावेदकहरूको मोही हक स्थापित नै नभएको जग्गामा जग्गाधनीको भोगचलनलाई हटक गर्ने अधिकार यी पुनरावेदकहरूमा रहेको भन्ने देखिन नआउने ।

अतः उल्लिखित प्रमाणबाट विवादित कि.नं. ४४५ नं. को जग्गामा मोहीको प्रमाण पाउँ भन्ने विषयमा भूमिसुधार कार्यालयमा पुनरावेदकले दाबी लिएको र सो मुद्दा विचाराधीन अवस्थामा रहेको देखिएको हुनाले मोहीको प्रमाणपत्र पाउने नपाउने विषय सोही मुद्दाबाट निरूपण हुने नै हुँदा मोहीको हक स्थापित नभएको जग्गामा जग्गाधनी निवेदिकाको जोतभोग गर्ने हकमा बाधा नगर्नु नगराउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई मिति २०७१।१२।०१ मा पुनरावेदन अदालत राजविराजबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०३१५, उत्प्रेषण, *कृष्णप्रसाद भट्ट वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक कार्यालयको प्रतिनिधि बनी सडेगलेको विष्फोटक पदार्थ सडाउने सिलसिलामा मिति २०४८।५।३० का दिन घाइते भएको तथ्य स्थापित देखिन्छ । उपचारपश्चात् निजको कानको जाली पुरिएको तर कान कम सुन्ने भएको र अन्य शारीरिक चोटपटक सामान्यतया ठिक भइसकेको भन्ने मेडिकल बोर्डको मिति २०४८।१२।१९ को राय प्रतिवेदन देखिन्छ । उक्त प्रतिवेदनबाट निवेदक अशक्त अपाङ्गता भएको व्यक्ति रहे भएको भन्ने देखिन आएको छैन । यसका साथै निज अशक्त अपाङ्गता भएको परिचय खुल्ने कुनै प्रमाण पेस गर्न सकेको पनि पाइँदैन । तसर्थ निवेदक अशक्त अपाङ्गता भएको व्यक्ति रहे भएको प्रमाणित हुन नआएकोले निवेदकले लिएको प्रस्तुत दाबी सम्बन्धमा थप विवेचना गरिरहनु नपर्ने ।

निवेदकको सरूवा निजामती सेवा ऐन, २०४९ को दफा १८(३) को खण्ड (क) मा उल्लेख भएको दुई वर्षको अवधि पूरा भएपछि सरूवा भएको पाइयो । तसर्थ निवेदक कार्यरत रहेको कार्यालयमा न्यूनतम २ वर्षको अवधि पूरा भएपछि निजको सरूवा भएको देखिएकोले भूमिसुधार तथा व्यवस्थापन विभागबाट मिति २०७३।६।१४ मा भएको सरूवा उल्लिखित निजामती सेवा ऐन, २०५० को दफा १८(३) को खण्ड (क) मा भएको कानूनी व्यवस्थाअनुरूप नै भएको पाइने ।

राजपत्र अनङ्कित र श्रेणीविहीन निजामती कर्मचारी अनन्तकाल अथवा लामो अवधिसम्म एउटै कार्यालयमा कामकाज गर्न पाउने हकको सुनिश्चित गरेको देखिन्न । निवेदकले सोही जिल्लाको अन्य कार्यालयमा सरूवा गरी पाउन माग दाबी लिएको पनि देखिँदैन । तसर्थ उल्लिखित कानूनी व्यवस्थाले निवेदकलाई मद्दत गर्न सक्ने नदेखिने ।

तसर्थ निवेदक कार्यरत कार्यालयबाट निजामती सेवा ऐन, २०५० को दफा १८(३) को खण्ड (क) बमोजिमको न्यूनतम् अवधि पूरा भएपछि निजको सरूवा भएको देखिएको र सो सरूवाबाट निवेदकको संवैधानिक र कानूनी हकको हनन् भएको नपाइएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-WO-०२१९, उत्प्रेषण, *नूरमहम्मद खाँ वि. सिंचाइ मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक कार्यरत रहेको विभागअन्तर्गतको आयोजना कार्यान्वयन समूहको पद र सरूवा भएको निर्देशनालयको निर्देशक पदहरू समानस्तरका पदहरू हुन् भन्ने देखिन्छ । तसर्थ निवेदकले प्रथम श्रेणीको पदमा बढुवा भएपश्चात् मन्त्रालय, विभाग वा केन्द्रीय, क्षेत्रीय र जिल्लास्तरीय कार्यालयको प्रमुख भई कामकाज गरेको नदेखिएको र निजलाई समानस्तरको पदमा सरूवा गरेको देखिएकोले निवेदकको सरूवालाई उल्लिखित नियम ३६(१२) को कानूनी व्यवस्थाको विपरीत भन्न नमिल्ने ।

निवेदकलाई सरूवा गरिएको सिंचाइ व्यवस्थापन निर्देशनालय, चितवनको निर्देशक पद सिंचाइ विभागका महानिर्देशक (विभागीय प्रमुख) प्रति जवाफदेही हुने पद हो । निजलाई कनिष्ठ कर्मचारीको मातहतमा नभई सिंचाइ विभागका महानिर्देशकको मातहतको कार्यालयमा सरूवा गरिएको हो भन्ने सिंचाइ मन्त्रालयको लिखित जवाफ देखिन्छ । सिंचाइ विभागका महानिर्देशक निवेदकभन्दा वरिष्ठ कर्मचारी रहे भएको भन्ने देखिन आएकोले यी निवेदकलाई कनिष्ठ कर्मचारीको मातहतमा रहने गरी सरूवा गरिएकोसमेत देखिन नआउने ।

निर्वाचन आचार संहिताको उद्देश्य निर्वाचन आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट सम्पन्न गर्नका लागि सरोकारवालाहरूले पालना गर्नुपर्ने आचरणहरूलाई व्यवस्थित गर्नु हो भन्ने देखिन्छ । निर्वाचन आचार संहिता निर्वाचन आयोगले निर्वाचनको समयमा तोकेको निकायलाई तोकेको अवधिभर लागू गरेको हुन्छ । यसरी लागू भएको आचार संहिता पालना गर्नु सम्बन्धित सरोकारवाला निकाय तथा व्यक्तिहरूको कर्तव्य बन्दछ । निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ मा आयोगले बनाएको आचार संहिता पालना भए नभएको सम्बन्धमा आयोगले आवश्यकतानुसार संयन्त्र निर्माण गरी जाँचबुझ तथा अनुगमन गर्ने र आचार संहिता पालना नभएको वा उल्लङ्घन भएको देखिएमा सो काम तुरून्त रोक्न वा बदर गर्नका लागि आयोगले सम्बन्धित दल, उम्मेदवार, व्यक्ति, संस्था वा निकायलाई आदेश दिने र आचार संहिता उल्लङ्घन गर्नेलाई निर्वाचन आयोगले जरिवानासमेत गर्न सक्ने कानूनी व्यवस्था देखिने ।

निर्वाचन आयोगले लागू गरेको आचार संहिता पालना भए नभएको अनुगमन जाँचबुझ गरी हेर्ने व्यवस्था मिलाउने र पालना नभएको वा उल्लङ्घन भएको देखिए त्यस्तो काम तुरून्त रोक्ने वा बदर गर्ने अधिकार निर्वाचन आयोगको रहे भएको देखियो। तसर्थ, निर्वाचन आचार संहिता पालनासम्बन्धी विषय निर्वाचन आयोगले हेर्नु पर्ने विषय देखिएको र आचार संहिताको अन्यथा गम्भीर उल्लङ्घन भएको कारणबाट निर्वाचन परिणाममा गम्भीर असर परेको भनी विवाद प्रस्तुत हुन आएको अवस्थामा निर्वाचनको वैधता परीक्षण गर्दा अदालतबाट मूल्याङ्कन र विवेचना हुने सान्दर्भिक विषयसम्म देखिएको हुँदा अहिले यो सरूवासम्बन्धी रिट निवेदनको सन्दर्भमा थप विवेचना गर्नु मनासिब नदेखिने ।

अतः नेपाल सरकार, सिंचाइ मन्त्रालयका माननीय मन्त्रीस्तरबाट मिति २०७४।५।१४ मा भएको सरूवा निर्णयबाट निवेदकको संवैधानिक र कानूनी हकको हनन् भएको नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

इति संवत् २०७५ साल वैशाख २ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०७११, लागु औषध, *नेपाल सरकार वि. तेजनाथ यादवसमेत*

प्रतिवादी राकेश साहका हकमा लिइएको पुनरावेदन जिकिरतर्फ हेर्दा निजले सुरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको भए पनि मिसिल संलग्न बरामदी मुचुल्का, निजको मौकाको बयान, प्रतिवादी तेजनाथ यादवको मौका तथा अदालतमा भएको बयान, प्रतिवेदक प्र.ना.नि.कैलास के.सी. ले अदालतमा गरेको बकपत्र तथा बरामद भई आएको वस्तुहरू लागु औषध हुन् भन्ने परीक्षण प्रतिवेदनसमेतका आधारमा यी प्रतिवादी राकेश साहबाट बरामदी मुचुल्कामा उल्लेख भएको लागु औषध बरामद भएको पुष्टि हुन आउने।

प्रतिवादी राकेश साहले सहप्रतिवादी तेजनाथ यादवको मोटरसाइकलको पछाडि सवार रही औषधि किन्न भनी गएकोमा भारतको लौकहाबाट लागु औषध ७५ बोतल कोरेक्स तथा २०० पिस नाइट्रोजन ट्याब्लेट खरिद गरी ल्याएको तथ्य स्थापित भइरहेको छ। लागु औषध बरामद भएको तथ्य स्थापित भएको अवस्थामा बरामद भएको प्रतिबन्धित लागु औषधको कारोबारमा संलग्न नरहेको प्रमाण प्रतिवादीले नै पुऱ्याउनुपर्ने उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा यस अदालतबाट *ने.का.प.* २०७५, अङ्क ८, नि.नं. १००६७, सङ्गबहादुर तामाङ विरूद्ध नेपाल सरकार भएको लागु औषध मुद्दामा "कानूनले लागु औषधको कसुरलाई Possessory Crime को रूपमा परिभाषित गरी प्रमाणको भार प्रतिवादीमा निहित राखिदिएको र प्रतिवादीले लगाएको ट्र्याकसुटको खल्तीबाट ५९ ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको अवस्थामा निजको अदालतको इन्कारी बयानलाई मात्र आधार मानी अभियोग दाबीको कसुर निजले गरेको रहेनछ भनी मान्न नमिल्ने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

जहाँसम्म सुरू जिल्ला अदालतले यी प्रतिवादी राकेश साहलाई गरेको कैद जरिवानाको सजाय घटाएको पुनरावेदन अदालतको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर छ, सो सम्बन्धमा हेर्दा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ मा सो ऐनको दफा ४ अन्तर्गत निषेध गरेको कार्य गर्ने व्यक्तिलाई अपराधको मात्राअनुसार सजाय गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ। सोही दफा १४ को स्पष्टीकरणमा "अपराधको मात्रा" भन्नाले "लागु औषधको प्रकृति, परिमाण, सञ्चय, खरिद बिक्री, ओसारपसार वा निकासी पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा संगठन, अभियुक्तहरूले प्रयोग गर्ने हातहतियार वा बलको प्रयोग तथा नाबालकलाई आपराधिक कार्यमा गराइएको संलग्नता, शैक्षिक, सामाजिक र सांस्कृतिक संगठन जस्ता संस्थालाई माध्यम बनाई गरिएको कारोबार, सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदको दुरूपयोग गरी गरिएको कारोबारको आधारमा निर्धारण गरिने अपराधको मात्रा सम्झनुपर्छ" भन्ने उल्लेख भएको देखिएको छ। यी प्रतिवादीउपर लागु औषध नियन्त्रण ऐन, २०३३ को १४ को उपदफा (१) को खण्ड (झ) अन्तर्गत सजायको दाबी लिएको देखिन्छ। उक्त खण्ड (झ) मा दुई वर्षदेखि दश वर्षसम्म कैद र एकलाख रूपैयाँदेखि बीस लाख रूपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको देखिन्छ । यी प्रतिवादीबाट बरामद भएको लागु औषधको प्रकृति, परिमाण, यसभन्दा अघि लागु औषधको कारोबार गरेको अवस्था, कारोबारमा संलग्न संगठन गिरोहसमेतको आधारमा उल्लिखित तजबिजी सजाय निर्धारण गर्नुपर्ने हुन्छ । यी प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण र कसुरको प्रकृतिसमेतका आधारमा गरेको न्युनतम् सजायलाई

अन्यथा भन्ने अवस्था देखिन नआउने।

अर्का प्रतिवादी तेजनाथ यादवलाई सफाइ दिएतर्फ लिइएको पुनरावेदन जिकिरतर्फ हेर्दा निज प्रतिवादीले मौकामा तथा अदालतमा बयान गर्दा आफ्नो साथी अजय यादवले एउटा साथीलाई औषधी लिन भारत जानु पर्‍यो भनी फोनमा भनेको र नचिनेको व्यक्ति राकेश साहलाई लिई गएको, निजले नै औषधि किनेको भनी आफू लागु औषध खरिद गर्ने कार्यमा संलग्न रहेको तथ्यमा इन्कार रही बयान गरेको देखिएको, बरामदी मुचुल्कामा यी प्रतिवादीसँग लागु औषध बरामद भएको भन्ने पनि देखिएको छैन । प्रतिवादी तेजनाथ यादवउपर लिएको दाबी पुष्टि हुने भरपर्दो प्रमाणको अभाव देखिन्छ । लागु औषध खरिद बिक्री वितरण गर्ने कार्यमा संलग्न रहेको भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन सकेको देखिन आएन । यसरी लागु औषध खरिदकर्ता सहप्रतिवादी राकेश साहलाई आफ्नो मोटरसाइकलमा अर्काको अनुरोधमा औषधी किन्न भनी लगिदिएकै आधारमा कसुरदार ठहर गर्न न्यायोचित नदेखिने।

यसरी प्रतिवादी तेजनाथ यादवले मौकामा तथा अदालतमा समेत बयान गर्दा लागु औषध खरिद गरेको तथ्यमा इन्कार रहेको, मौकामा भएको खानतलासी तथा बरामदी मुचुल्कामा यी प्रतिवादीसँग कुनै लागु औषध बरामद भएको भन्ने तथ्य स्थापित नभएको, सहप्रतिवादी राकेश साहले पनि निजले पैसा दिएको वा खरिद गर्न सहयोग गरेको भनी बयान गरेको नदेखिएकाले यी प्रतिवादी तेजनाथ यादवका हकमा दाबी प्रमाणित हुने भरपर्दो प्रमाणको अभावमा निजलाई सफाइ दिने ठहर गरेको सुरू सिराहा जिल्ला अदालतको मिति २०७१।१२।१७ को फैसला सदर गरेको र प्रतिवादी राकेश साहलाई गरिएको सजायको हकमा बरामदी लागु औषधको परिमाणसमेतको आधारमा सुरू अदालतले गरेको कैद जरिवाना घटाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (झ) अनुसार २ वर्ष कैद र रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादीहरूमध्ये तेजनाथ यादवलाई अभियोग दाबीबाट सफाइ दिनेगरी ठहर भएको हदसम्म सुरूको फैसला सदर गरी अर्का प्रतिवादी राकेश साहका हकमा सुरूले गरेको सजाय घटाई केही उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०७३।३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-CR-०३७६, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. सन्तोष चौधरी*

प्रतिवादी सन्तोष चौधरीबाट ब्राउन सुगर लागु औषध २ ग्राम ३०० मिलिग्राम र नाइट्राभेट १५ ट्याब्लेट बरामद भएको र सो बरामदी लागु औषध सेवन गर्न खरिद गरेको भनी कारोबार गर्ने सोच बनाएको भन्नेसम्म उल्लेख भएको देखिएको छ । लागु औषध कारोबारको लागि सोच बनाउनु मात्र कारोबारको कसुर हुन सक्दैन । यी प्रतिवादीले लागु औषधको कारोबार गर्ने गरेको भन्ने तथ्य अनुसन्धानबाट खुल्न आएको नदेखिने।

यसरी प्रतिवादी सन्तोष चौधरीले अनुसन्धान अधिकारी र अदालतमा गरेको बयान, बरामद भई आएको लागु औषधको परिमाण तथा मिसिल संलग्न

कागजातहरूबाट निजले लागु औषधको कारोबार गरेको भन्ने स्थापित भएको अवस्था नदेखिएको र सेवन गर्नका लागि नै उल्लिखित परिमाणको लागु औषध ब्राउन सुगर र नाइट्राभेट ट्याब्लेट खरिद गरेको देखिन आउने।

प्रतिवादी सन्तोष चौधरीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड (छ)(१) बमोजिम पाँच वर्ष कैद र पाँच हजार जरिवाना तथा सोही दफाको उपदफा (१) को खण्ड (झ) बमोजिम दुई वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवानासमेत हुने ठहर गरी मिति २०७२।१२।२१ मा रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई पुनरावेदक प्रतिवादी सन्तोष चौधरीलाई लागु औषध सेवनको कसुरमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १(एक) वर्ष कैद हुने ठहऱ्याई भएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिलसंलग्न प्रमाणहरूसमेतबाट यी प्रतिवादी सन्तोष चौधरीले अभियोग दाबीबमोजिम कसुर अपराध गरेको नदेखिई लागु औषध सेवनसम्म गरेको ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।१०।१७ को फैसला सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७२-CI-०८३३, अबन्डा जग्गा बन्डा, *अजितकुमार श्रीवास्तव वि. मंगलप्रसाद श्रीवास्तव*

वादीले दाबीको कि.नं. ३२, ४८, र २४३ को घर जग्गा आधा आधा भोगचलन गरी आएको भनी उल्लेख गरेको तथ्यलाई प्रतिवादीले प्रमाणसहित खण्डन गरेको देखिँदैन। विवादमा रहेको कि.नं. ३२ र ४८ को जग्गा दुवै पक्षले भोग गरेको तथ्य सुरू मिसिल संलग्न २०७०।११।१ मा भएको नाप नक्सा मुचुल्काबाट पुष्टि नै रहेको देखिन्छ । कि.नं. २४३ को जग्गा वादीको श्रीमती सकुन्तलाको नाममा मोही जनिएको भन्ने वादीले फिराद साथ पेस गरेको कित्ता नम्बर प्रमाणित पत्रबाट देखिएको छ। विवादित घर जग्गा बन्डापश्चात् प्रतिवादीले आफ्नो एकलौटी हक स्थापित गराएको भन्न सकेको देखिँदैन। मुलुकी ऐन, अंशबन्डा को ३५ नं. मा "...लिखत नभए पनि हिसाब शान्ति दुवै थरको भोग भएकोमा जहिले सुकै पनि..." नालेस लाग्न सक्ने कानूनी व्यवस्था रहेको र उल्लिखित नाप नक्सा मुचुल्का एवम् दर्ता स्रेस्तासमेतबाट दाबीको जग्गाहरू यी वादी प्रतिवादी दुवैथरले हिसाब शान्ति भोगचलन गरी आएको देखिएको र त्यसरी हिसाब शान्तिले भोगचलन गर्ने व्यक्तिले आफ्नो भाग हिस्सामा जहिलेसुकै दाबी गर्न सक्ने नै हुँदा वादी दाबी अन्यथा नदेखिने । प्रतिवादीले भोगअनुसार नै बन्डा छुट्याई लिन पाउने फैसला हुनुपर्ने भनी पुनरावेदन जिकिर लिएको सन्दर्भमा विचार गर्दा संयुक्त भोगचलन गरी आएको घर जग्गाको निकास, सन्धि सर्पन, घर जग्गाको मौद्रिक हैसियतसमेत विचार गरी बन्डा गर्नुपर्ने हुन्छ। वादीले दाबी गरेको घर जग्गाको तर्फलाई प्रतिवादीले स्वीकार गरेको अवस्था प्रतिउत्तरबाट नदेखिएकोले बन्डा छुट्याउँदा दुवै पक्षलाई निकास, सन्धि सर्पन पर्ने गरी छुट्याउनु न्यायोचित हुने हुँदा वादी दाबीको घरजग्गा नरम गरम मिलाई वादीले आधा आफ्नो हक छुट्याई लिन पाउने भनी गरेको फैसला अन्यथा नदेखिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट सुरू रौतहट जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी कि.नं. ३२, ४८, र २४३ का जग्गाहरू नरम गरम मिलाई आधा घर जग्गा वादीले आफ्नो हक छुट्याई लिन पाउने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।२।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल असार १ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** ०७२-CR-११३४, किर्ते जालसाजी, *कलमवती देवी वि. बेचु मण्डलसमेत*

वादी कलमवती देवीको नाउँमा दर्ता रहेको कि.नं. २३५ को जग्गा साबिक जग्गाधनी महेशबहादुर मल्लबाट र.नं.१०७८८ मिति २०६७।१०।९ मा राजीनामाको लिखत पारित गरी वादी कलमवती देवीले लिएको देखिने। उक्त जग्गा खरिद गर्दा फिल्डबुक र जग्गाधनी प्रमाण पुर्जाको मोही महलमा कसैको नाम नरहेको भनी वादीले दाबी लिएकोमा सो जग्गा सर्भे नापी भएको बखत घरबाहिर रहेकोले मेरो हजुरबुबाले मोहीको महलमा नाम लेखाउन नसकेको मात्र हो । १ नं. लगत भरी २ नं. अनुसूची प्रकाशित हुँदा मेरो हजुरबुबाको नाम कायम रहेकोले ४ नं. जोताहाको अस्थायी निस्सा प्रदान भइसकेको छ भनी विपक्षी बेचु मण्डलले लिएको जिकिरलाई वादीले अन्यथा हो भनी प्रमाणित गर्न सकेको नदेखिने।

वादी कलमवती देवीले मिति २०६८।६।२५ को सर्जमिन मुचुल्का बदर गर्न W०-३४४ को रिट निवेदन दिएकोमा सो निवेदन खारेज भइसकेपछि मात्र यो किर्ते जालसाज मुद्दा दायर भएको र प्रतिवादीमध्येका बेचु मण्डलले १ नं. लगत, २ नं. अनुसूचीसमेत राखी गा.वि.स.को कार्यालय, सिस्वा वेल्हीमा दिएको निवेदनको आधारमा उक्त कार्यालयबाट मिति २०६८।६।२५ मा विवादित कि.नं. २३५ को जग्गामा गई मुचुल्का गरेको र सोही मुचुल्काका आधारमा गा.वि.स. ले सिफारिस गरेको देखिएको छ। दाबी प्रमाणित गर्नुपर्ने दायित्व दाबी लिने वादीले पूरा गर्नुपर्ने हुन्छ । प्रतिवादी बेचु मण्डलले दिएको निवेदनका आधारमा स्थलगत सर्जमिन हुँदा सर्जमिन गर्ने व्यक्तिहरूले आफूले देखे जानेको कुरा उल्लेख गरी लेखाएको बेहोरा र सोही बेहोराको आधारमा सिफारिस गरेको देखिन्छ । किर्ते जालसाजीको कसुर कायम हुनको लागि नगरे नभएको झुट्टा कुरा गरे भएको हो भनी कागज बनाए वा बनाउन लगाई त्यस्तो झुट्टा कागजबाट कसैको हक मेट्ने वा नोक्सान हुने अवस्था देखिनु पर्ने हुन्छ। प्रतिवादी बेचु मण्डलको हजुरबुबा मुनि खंगले मोहीमा भरेको १, २ नं. लगत तथा प्राप्त गरेको जोताहा अस्थाई निस्सासमेतको प्रमाणहरूको आधारमा साबिकदेखि बसोबास गरेको जग्गाको मोही हकमा कारबाही चलाउने प्रयोजनको लागि दिएको निवेदनको सन्दर्भमा भएको स्थलगत सर्जमिन एवम् सोको आधारमा भएको सिफारिस प्रक्रियागत विषय भएको र सोही आधारमा मात्र वादीको हक समाप्त हुने अवस्था नहुने हुँदा पुनरावेदन अदालत राजविराजले फिराद दाबी नपुग्ने ठहऱ्याएको फैसला अन्यथा नदेखिएकोले यी पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित आधार र कारणबाट समेत पुनरावेदन अदालत राजविराजबाट वादीको फिराद दाबी नपुग्ने गरी भएको मिति २०७१।१२।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल असार १ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-१४७०, अदालतको अवहेलना, *भिमसेन बस्न्यात वि. कृष्णकुमार बस्नेतसमेत*

यिनै पुनरावेदक निवेदक र प्रत्यर्थीहरू कृष्णकुमार बस्नेतसमेत विपक्षी भएको संवत् २०७० सालको Wo-०५७६ को निषेधाज्ञायुक्त परमादेशको निवेदनमा मिति २०७१।१२।४ मा पुनरावेदन अदालत पाटनबाट भएको आदेश हेर्दा मुख्यतः निवेदकको घरमा आई ढोका फुटाउने, त्रासपूर्ण वातावरण सिर्जना गर्ने, बाटो ढुकी हिँड्न नदिनेसमेत कानून प्रतिकूल हुने गरी धरपकड नगर्नु नगराउनु र निजहरूको जिउ धनमा कुनै क्षति नपुऱ्याउनु भन्नेसमेत निषेधाज्ञाको आदेश जारी भएको देखिने।

विपक्षीहरूले उक्त आदेशको पालना नगरी पुनः मिति २०७२।४।२ मा मेरो घरमा आई म तथा मेरो श्रीमती मैया अधिकारीलाई कुटपिट गरी घरमा बस्न पाउँदैनौ भनी भाँडाकुँडा फाली अदालतको आदेशको अवहेलना गरेको भन्ने नै पुनरावेदक निवेदकको मुख्य पुनरावेदन जिकिर रहेको छ। निवेदक पुनरावेदकले यस अदालतसमक्ष दायर गरेको पुनरावेदनमा भाँडाकुँडा छरिएका केही फोटाहरू संलग्न गरेको र सोही आधारमा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेश भएको देखियो। तर सुरू अवहेलनाको निवेदन साथ त्यस्ता फोटाहरू पेस गर्न सकेको नदेखिने।

वस्तुतः अदालतको आदेश मुद्दाका सम्बन्धित पक्षहरूले बाध्यात्मक रूपमा पालना गर्नुपर्दछ । अदालतको आदेशको पालना नगरी त्यसको उपेक्षा गर्ने वा बर्खिलाप कार्य गर्नु दण्डनीय हुन्छ। पुनरावेदक / निवेदकले अँगालेको तत्काल प्रचलनमा रहेको न्याय प्रशासन ऐन, २०४८ को दफा १८ को कानूनी व्यवस्था सोही प्रयोजनको लागि हो भन्नेमा द्विविधा हुनुपर्ने कारण छैन। अदालतको अवहेलना गर्नेलाई उक्त ऐनको दफा १८ को उपदफा (२) मा दण्ड सजायको समेत व्यवस्था भएको देखिँदा फौजदारी प्रकृतिको अवहेलना मुद्दामा अदालतको अवहेलना भयो भनी अदालतमा प्रवेश गर्ने पक्षले नै आफ्नो दाबी पुष्टि गर्न सक्नुपर्दछ। अवहेलना मुद्दामा अदालत संयमित रूपमा प्रस्तुत हुने हुँदा आफ्नो आदेशको अवज्ञा वा उल्लङ्घन भएको ठोस र वस्तुनिष्ठ प्रमाणको अभावमा सामान्यतः यस प्रकारको आदेश जारी नगरिने।

पुनरावेदक र प्रत्यर्थीहरू बाबु छोरा नाताका व्यक्ति भएको र निजको जेठी श्रीमती प्रत्यर्थीहरूको आमाको मृत्यु भएपछि पुनरावेदकले मैया अधिकारीसँग दोस्रो विवाह गरेका कारण निजहरूबिच वादविवाद भएको भन्ने देखिन्छ । साथै लिखित जवाफ हेर्दा काठमाडौं जिल्ला अदालतमा अंश मुद्दा चलेको भन्ने पनि देखिन आउँछ। त्यसमा पनि विपक्षीहरूले अदालतको आदेशको अवज्ञा गरेको छैन भनी लिखित जवाफमा स्पष्ट जिकिर लिएको र पुनरावेदकले अदालतको आदेशको विपक्षीहरूले अवहेलना गरेकै हुन् भनी ठोस प्रमाणसहित निवेदन गर्न सकेको नदेखिँदा सुरूमा पेस नगरेको पुनरावेदन साथमा पेस गरेका र खिचिएको मितिसमेत यकिन नभएका फोटाहरूको आधारमा विपक्षीहरूले अदालतको अवहेलना गरेको ठहऱ्याउन मिल्ने अवस्था नदेखिने।

तसर्थ निवेदन दाबी पुष्टि गर्न नसकेको भन्नेसमेत आधारमा निवेदकको दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।६।१६ को आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-WO-०११५, उत्प्रेषण / परमादेश, *डा. किरण रेग्मी वि. मन्त्रिपरिषद्मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकारले स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १९ को व्यवस्थाबमोजिम सचिव नियुक्त नभएसम्म नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दैनिक काम कारबाहीलाई सहज रूपमा अगाडि बढाउन नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका श्री शान्तबहादुर श्रेष्ठलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सरूवा गर्ने निर्णय गरेको र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १९ बमोजिमको प्रक्रिया अवलम्बन गरी सचिव पदमा नियुक्ति हुने नै छ भन्ने बेहोरा उल्लेख भएको देखिने ।

तसर्थ विवेचित आधार कारणबाट निवेदिकाको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताले इजलाससमक्ष निवेदिकाको सचिव पदमा पदोन्नति भइसकेको स्वीकार गर्नु भएकोले निवेदिकाको संविधान तथा कानूनप्रदत्त हक अधिकारको हनन हुने गरी नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट नेपाल प्रशासन सेवाका शान्तबहादुर श्रेष्ठलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिव पदमा सरूवा गरी पदस्थापन गर्ने निर्णय र सोअनुसार निजलाई दिइएको पत्रसमेत बदर गरिपाउँ भनी निवेदिकाले माग गरेको पद निजले प्राप्त गरिसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिएकाले निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर ३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०७०४, उत्प्रेषण / परमादेश, *मधुसुदन दिक्षित वि. थान्सिङ्ग गाउँ विकास समितिको कार्यालय, थान्सिङ्ग नुवाकोटसमेत*

निवेदकले सम्बन्ध विच्छेदको लागि गा.वि.स. को कार्यालयमा निवेदन दिएपछि उक्त कार्यालयबाट २०७०।१०।७ मा वडा मुचुल्कासमेत भएको देखिएको र सोही वडा मुचुल्काको बेहोरा खुलाई मिति २०७०।१०।९ मा जो जससँग सम्बन्ध राख्दछ भनी सिफारिससम्म गरेको देखिने ।

गाउँ विकास समितिको कार्यालयमा सम्बन्ध विच्छेदका लागि निवेदन दिएको र सो निवेदन १ वर्षसम्म गा.वि.स.ले आफ्नो कार्यालयमा प्रक्रिया पुऱ्याउने प्रयोजनका लागि राख्न सक्ने कानूनी व्यवस्था रहेको देखिने ।

निवेदकले प्रस्तुत मुद्दामा उठाएको सम्बन्ध विच्छेदसम्बन्धीकै विवाद रहेको मुद्दा गा.वि.स.मा प्रक्रियारत रहेको र जिल्ला अदालतमा सिफारिस साथ पठाउने समय नै बाँकी रहेको अवस्थामा गाउँ विकास समितिले जो जससँग सम्बन्ध राख्दछ भनी विपक्षी कार्यालयले गरिदिएको सिफारिस पत्रले मात्र यी पुनरावेदकको के कस्तो हक अधिकारमा आघात पुगेको हो भन्ने कुरा निवेदनमा प्रस्ट रूपमा खुलाउन नसकेको अवस्थामा निवेदक मागबमोजिमको आदेश जारी हुन नसक्ने भनी रिट निवेदन खारेज हुने गरी भएको पुनरावेदन अदालत पाटनको आदेश अन्यथा नदेखिने ।

लोग्ने स्वास्नीको महलको १ क नं. ले तोकेको अवधि १ वर्ष व्यतित हुन समय बाँकी नै रहेको अवस्थामा गा.वि.स.को आफ्नो रायसहितको प्रतिवेदन जिल्ला अदालतमा पठाउन बाँकी नै रहेको, वडा कार्यालयको मुचुल्काको बेहोरा खुलाई जो जससँग

सम्बन्ध राख्दछ भनी जारी गरेको पत्रबाट निवेदकको कुन कानूनप्रदत्त हक हनन हुन गएको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

अत: उल्लिखित आधार कारणसमेतबाट रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।३।४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगदिशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CI-०९९५, लेनदेन, *भगवानप्रसाद श्रेष्ठ वि. जितबहादुर भन्ने जिरबहादुर छन्त्याल*

धनी वादी भगवानप्रसाद श्रेष्ठ र ऋणी प्रतिवादी जितबहादुर छन्त्याल भई मिति २०५४।८।६ मा व्यापार खेलो गर्ने प्रयोजनका लागि भनी १ वर्षको भाखा राखी रू.२२,२२,४८५।– को कपाली तमसुकको कागज गरी वादी प्रतिवादीबिच लेनदेन गरेको उक्त तमसुकबाट देखियो । तमसुकबमोजिम लिएको रकमको साँवा ब्याज नदिएकाले रकम दिलाई भराउनका लागि सुरू जिल्ला अदालतमा वादीले फिराद दायर गरेको पाइयो। दाबीको मिति २०५४।८।६ गते वादीले पेस गरेको सक्कल लिखत प्रतिवादी जितबहादुर भन्ने जिरबहादुर छन्त्याललाई मुलुकी ऐन अ.बं.७८ नं. बमोजिम सनाखत बयान गराउँदा तमसुकको श्री बेहोरा र मिति बन्दमा भएको ल्याप्चे सहिछाप मेरो हो। मैले साहू भगवानप्रसाद श्रेष्ठसँगबाट रू.५,००,०००।– मात्र लिएको हो। अरू बढी रकम मैले लिएको होइन भनी बयान गरेको देखिन्छ । उक्त बयान बेहोराबाट प्रतिवादीले वादीबाट रकम नै नलिई तमसुक गराएका हुन् भनी भन्न मिल्ने अवस्था देखिएन। साथै वादीसँग कारोबार नै नभएको भनी प्रतिवादीले भन्न सकेकोसमेत देखिँदैन। प्रतिवादीले दाबीबमोजिमको रकम नलिएको भनी बयान गरेको देखिए पनि सोको तथ्ययुक्त आधार र कारण खुलाउन सकेको पाइँदैन। वादीले पेस गरेको दाबीको सक्कल कपाली तमसुक हेर्दा रीतपूर्वकको भई म्यादभित्रको देखिन आयो। सनाखत बयानका क्रममा आफूले रू.५,००,०००।– लिएको र सो रकम तिरी बुझाइसकेको फट्टा तमसुक पेस गरेको छु भनी उल्लेख गरेकोमा उक्त फट्टा तमसुक भनी पेस गरेको कागजमा के कुन प्रयोजनको लागि कसले रकम बुझाएको हो जस्ता बेहोरा खुलेको देखिँदैन। यस अवस्थामा उक्त फट्टा तमसुक प्रस्तुत तमसुककै सन्दर्भमा तयार भएको हो भनी मान्न मिलेन। उक्त फट्टा भनिएको कागजलाई वादीले स्वीकार गरेको अवस्थासमेत देखिँदैन। तसर्थ उक्त कागजमा उल्लिखित रकम दाबीको रकमबापत नै तिरे बुझाएको हो भनी मान्न मिल्ने अवस्था पनि देखिएन । प्रतिवादीले आफूले रक्सी खाई अचेत अवस्थामा ल्याप्चे सहिछाप गरेँ। झुक्याई सहिछाप गराएका हुन् भनी अदालतसमक्ष सनाखत बयान गरे तापनि झुक्याएउपरमा मौकामा कहिँकतै उजुरी गरेको भनी भन्न सकेको पनि नपाइने।

प्रतिवादीले वादीसँग रू.२२,२२,४८५।– नलिई रू.५,००,०००।- मात्र लिएको र सोको सावाँ ब्याज तिरी बुझाइसकेको भनी प्रतिउत्तर तथा सनाखत बयानमा जिकिर लिए तापनि सुरू जिल्ला अदालतबाट रू.५,००,०००।- प्रतिवादीबाट वादीले भरी पाउने ठहर गरी भएको फैसलालाई चुनौती दिई प्रतिवादीले पुनरावेदन गर्न नसकेबाट सुरू फैसला प्रतिवादीले चित्त बुझाइसकेको अवस्था देखियो । आफूले रकम तिरी बुझाइसकेको अवस्था भएको भए सुरू फैसलामा

चित्त बुझाई बस्नुपर्ने अवस्था आउँदैन थियो । यस अवस्थामा प्रतिवादीको भनाइ पत्यार लाग्दो नदेखिने।

तसर्थ विवेचित आधार प्रमाणहरूबाट वादीले प्रतिवादीबाट सावाँ रू.५ लाख र सोको ब्याज मात्र भरी पाउने ठहरेको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत बागलुङबाट मिति २०६६।१२।३० मा भएको फैसला उल्टी भई वादीले प्रतिवादीबाट लिखतबमोजिमको सावाँ रू.२२,२२,४८५।– र सोको कानूनबमोजिमको भरी भराउ मितिसम्मको ब्याजसमेत भराई लिन पाउने।

इजलास अधिकृत: उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-११४१, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. गंगाबहादुर श्रेष्ठ*

प्रतिवादी प्रेम भन्ने गंगाबहादुर श्रेष्ठले दुर्गा वि.क. लाई साली र दीप भन्ने नविन श्रेष्ठलाई दुर्गाको श्रीमान् भनी पीडितहरू शैलुजा खुलाल र सुनीता खतिवडासँग परिचय गराई भारतबाट सस्तो मूल्यमा सामान ल्याई नेपालमा बिक्री गर्ने प्रलोभन देखाई दुवैलाई काठमाडौंबाट पटना र त्यहाँबाट मुम्बई लगी भारतीय रूपैयाँ रू.८०,०००।– (असी हजार) मा बिक्री गरी आएकोमा आफूहरू त्यहाँबाट भाग्न सफल भई भारतीय प्रहरी र रेस्क्यु फाउण्डेसनको सहयोगमा नेपाल आउन सफल भएको भनी पीडितहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। सोही बेहोरालाई समर्थन हुने गरी प्रतिवादी गंगाबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ। प्रतिवादीको उक्त बयानमा निजका सहोदर सालो नविन र निजको श्रीमती दुर्गाको सल्लाह र योजनाबमोजिम निज जाहेरवालीहरूलाई भारतको बैंगलोरबाट साडी, कुर्ताहरू सस्तोमा ल्याई यहाँ बेच्दा फाइदा हुन्छ भनी पटकपटक भनी निजहरूलाई सहमत गराई त्यसपछि निजहरूलाई लिई मिति २०६४।६।८ मा हेटौंडा पुग्यौं । त्यहाँबाट पटना हुँदै बम्बईमा लगी भारतीय रू.८० / ८० (असी / असी) हजारमा बिक्री गर्ने सल्लाह गरी सोहीबमोजिम बिक्री गरी आयौं भनी उल्लेख भएको पाइयो । प्रतिवादीमार्फत नै पीडितहरूको भेट योजनाबद्ध रूपमा अन्य प्रतिवादीहरूसँग भएको र सोही योजनाअनुरूप प्रतिवादी प्रेम भन्ने गंगाबहादुर श्रेष्ठसमेतले मुम्बइसम्म लगी प्रतिवादीहरूलाई बेचबिखन गरेको तथ्य मिसिल संलग्न पीडितहरू र प्रतिवादीको कसुरमा साबिती भई गरेको बयानबाट पुष्टि हुन आउँछ । प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कार रही आफूले जाहेरवालाहरूलाई नचिनेको र निजहरूलाई भारत लगी बिक्रीसमेत नगरेको भन्ने जिकिर लिएको पाइन्छ। तर पीडित जाहेरवालाहरूले निजउपर दिएको किटानी जाहेरी र किटानी बकपत्र अन्यथा हो भन्ने कुनै प्रमाणद्वारा पुष्टि गर्न सकेको पाइँदैन। यस अवस्थामा पीडितहरूले मौकामा दिएको जाहेरी दरखास्त एवम् अदालतबाट प्रमाणित बयानमा यिनै प्रतिवादीले आफूहरूलाई भारत लगी बिक्री गरेको भन्ने भनाइलाई विश्वासप्रद मान्नुपर्ने।

प्रतिवादी र पीडितको बयान, यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा प्रमाण ऐन, २०३१ को दफा १०(१) समेतलाई विचार गर्दा पीडितहरूलाई मुम्बईमा लगी बेचबिखन गर्ने कार्यमा मुख्य भूमिका यिनै प्रतिवादी प्रेम भन्ने गंगाबहादुरको रहेको भन्ने पुष्टि भएको देखिन आउने।

प्रतिवादीलाई सुरू जिल्ला अदालतबाट कसुरदार ठहऱ्याई भएको फैसला र सो फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलासमेतमा चित्त बुझाई प्रतिवादीले पुनरावेदन नगरेको, निजले

आफूउपरको कसुर स्वीकार गरेको बसेको अवस्था छ । त्यस्तै निज प्रतिवादीले पीडित जाहेरवालीको बयान तथा आरोपलाई समेत अन्यथा प्रमाणित गर्न सकेको छैन । प्रतिवादीले पीडितहरूलाई बेच्ने कार्यमा प्रत्यक्ष रूपमा संलग्न नरहेको भनी वा कसुर आफूले गरेको छैन भन्ने कुराको कुनै पनि प्रमाण पुर्‍याउन सकेको नदेखिने ।

उल्लिखित अवस्थामा प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत ऐ. दफा ४(१) (क), ४(२) (क) र (ख) तथा दफा २२ बमोजिमको नै कसुर अपराध गरेको देखियो । सोही ऐनको १५(१)(क) मा “मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना” हुने भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रतिवादीले पीडितहरूलाई भारतमा लगी बेच्ने कार्य गरेको पुष्टि भएको देखिएको हुँदा निजलाई सोही दफाबमोजिम  कैद र जरिवाना हुने देखिन आयो । सोही ऐनको दफा १७(१) मा “अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने छ” भन्ने व्यवस्था रहेको सन्दर्भमा सोहीबमोजिम पीडित तथा जाहेरवालाहरू नेहा भन्ने शैलुजा खुलाल र स्मृती भन्ने सुनीता खतिवडालाई प्रतिवादीबाट क्षतिपूर्तिसमेत भराई पाउने अवस्था देखियो । उल्लिखित अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर्‍याई सजाय गर्नुपर्नेमा मतियार ठहर गरेको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब नदेखिने ।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादी प्रेम भन्ने गंगाबहादुर श्रेष्ठ पीडितहरूलाई भारतमा लगी बिक्री गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिँदा अभियोग दाबीबमोजिम सजाय गर्नुपर्नेमा सो नगरी मानव बेचबिखन तथा ओसार पासार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम मतियार ठहर गरी ५ (पाँच) वर्ष कैद र रू.३०,०००।– (तीस हजार) जरिवाना हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।१२।३० मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।७।१ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई ऐ. ऐनको १५(१)(क) बमोजिम बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने । साथै ऐ. ऐनको दफा १७(१) बमोजिम कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्तिबापत पीडितले प्रतिवादीबाट भराई पाउने ।

इजलास अधिकृतः- सुभद्रा जि.सी.

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल साउन २८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०६७-CI-१३७१, जग्गा खिचोला घर भत्काई चलन, *रामलगन पासवानसमेत वि. दुलारीदेवी सुडी*

वादी दुलारीदेवी सुडीको नाम दर्ताको जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि हेर्दा दाबीको कि.नं.४१४ को जग्गाको क्षेत्रफल ०-२-११$^{१}/_{२}$ उल्लेख भएको देखियो । मिति २०६४।६।१७ गतेको सुरू जिल्ला अदालतबाट भएको नाप नक्सा मुचुल्काको न.नं.५ मा ०-२-९-० जग्गा कि.नं.४१४ अन्तर्गतको वादीको घरजग्गा भनी उल्लेख भएको छ । उक्त घरजग्गा वादीकै भोगमा रहेको नक्सा मुचुल्काबाट देखिन आयो । नक्सा मुचुल्का अनुसार न.नं.३ र न.नं.६ को ०-०-३-४ र ०-३-४-१३$^{१}$।$_{२}$ जग्गा, विवादित भनिएको न.नं.१, १(क), १(ख) को ०-०-२-११$^{१}$।$_{४}$ र ०-०-२-१३$^{१}$।$_{२}$ तथा न.नं.२ को ०-०-३-२$^{३}$।$_{४}$ जग्गा प्रतिवादीहरूको भोगमा रहेको देखिन आउँछ । यसरी न.नं.२, ३, ६, १, १(क),१(ख) को समग्र क्षेत्रफल जोड्दा ०-३-१६-

१३ हुन आयो । अर्थात् प्रतिवादीहरूको कि.नं.३९ को कुल क्षेत्रफल ०-४-५$^{१}/_{२}$ भन्दा कम भोगमा रहेको देखियो। वादीले आफ्नो कि.नं.४१४ को ०-२-११$^{१}/_{२}$ जग्गा मध्ये ०-०-९$^{१}/_{२}$ जग्गा खिचोला भएको भनी दाबी लिएकोमा नक्सा मुचुल्काबाट वादीको भोगमा (न.नं.५) ०-२-९-० जग्गा रहेबाट ०-०-२$^{१}/_{२}$ जग्गा मात्र कम देखिन आउँछ यस अवस्थामा वादीको कथनमा सत्यता देखिन नआउने।

जहाँसम्म वादीको कम रहेको ०-०-२$^{१}/_{२}$ जग्गा प्रतिवादीले खिचोला गरेको हुन् कि भन्नेतर्फ हेर्दा वादी प्रतिवादी दुवैको जग्गाको क्षेत्रफल घटेको नक्सा मुचुल्काबाट देखिन्छ । तर तुलनात्मकरूपमा वादीको भन्दा प्रतिवादीको जग्गा नै बढी घटेको भन्ने देखियो । प्रतिवादीले वादीको दाबीअनुसारको जग्गा खिचोला गरेको भए निजको जग्गाको क्षेत्रफल बढ्नु पर्नेमा निजको जग्गाको क्षेत्रफल घट्न गएको देखिएबाट वादीको दाबीअनुसार प्रतिवादीले खिचोला गरेको भन्ने देखिन आएन । साथै सर्जमिन मुचुल्काका सबै (वृद्ध सँधियारहरू) व्यक्तिहरूले विवादित घर वादीले दाबी लिएजस्तो ५ महिनाअगाडि निर्माण भएको नभई २०X२५X३० वर्ष अगाडि नै निर्माण भएको हो भनी बेहोरा लेखाएबाट पनि वादीको दाबी खम्बिर हुन सकेको नपाइने।

अतः प्रतिवादीले वादीको जग्गा खिचोला गरेको देखिन नआएकोले वादी दाबीअनुरूप ०-०-९$^{१}/_{२}$ जग्गाबाट प्रतिवादीको खिचोला मेटाई उक्त जग्गामा बनेको घरसमेत हटाई चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६७।६।१३ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल जेठ १८ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-WO-१२९२, परमादेश, *मनमाया भुजेल वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत*

दाबीको कि.नं.७०१ को जग्गा निज रिट निवेदिकाका नाउँमा दर्ता नभएको कुरा रिट निवेदिका स्वयम्ले स्वीकार गरेको देखिन्छ । रिट निवेदिकाले विपक्षी मालपोत कार्यालयमा हकहस्तान्तरण गर्न जाँदा सो जग्गाको मोठ स्रेस्ता नै कायम नभएको भन्ने जवाफ दिएकोले मोठ स्रेस्ता कायम गर्नु भनी मालपोत कार्यालयको नाममा परमादेश जारी गरिपाउँ भनी माग गरे तापनि आफू के कुन मितिमा मालपोत कार्यालयमा गएको हो रिट निवेदनमा खुलाउन सकेकी छैनन् । सो पुष्टि हुने कुनै प्रमाण रिट निवेदनसाथ पेस गर्न सकेको पनि देखिँदैन । यसैगरी उक्त जग्गाको मोठ स्रेस्ता आफ्नो नाममा कायम गरिपाउँ भनी रिट निवेदिका मालपोत कार्यालय गएको र मालपोत कार्यालयले सो कार्य गर्न इन्कार गरेको भनी रिट निवेदिकाले भन्न सकेको समेत नदेखिने।

परमादेशको आदेश सार्वजनिक दायित्व पूरा गर्नुपर्ने पदाधिकारी वा निकायहरूले कानूनद्वारा तोकिएको दायित्व पूरा नगरेमा त्यस्तो दायित्व पूरा गर्न दिइने आदेश हो। तर प्रस्तुत रिट निवेदनमा रिट निवेदिकाले विपक्षी मालपोत कार्यालयले आफूलाई कानूनले तोकेको दायित्व पूरा नगरेको तथ्य नै पुष्टि गर्न सकेको नपाइने।

अत: रिट निवेदिकाले कि.नं.७०१ को जग्गाको मोठ स्रेस्ता कायम गराउन गएको र मालपोत कार्यालयले सो कार्य गर्न इन्कार गरेको भन्ने तथ्य नै Prima facie को रूपमा पुष्टि गर्न सकेकोसमेत नदेखिँदा रिट निवेदिकाको मागबमोजिम परमादेशको

आदेश जारी गर्नु मुनासिब नदेखिने।
इजलास अधिकृत: सुदीपकुमार भट्टराई
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल असार २० गते रोज ४ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६६-CI-०२५६, निर्णय दर्ता नामसारी बदर, *श्यामबहादुर श्रेष्ठ वि. नानीछोरी श्रेष्ठसमेत*

प्रत्यर्थी वादीहरूले आफ्नो पति-पिता मिति २०३४।१२।२ मा परलोक हुनुभएपछि काठमाडौं चपली गा.वि.स. वडा नं. ९ को कि.नं. २७४, बालाजु २(ख) कि.नं. २२२, धापासी कि.नं. १०५, १०६ समेतका जग्गाहरू वादीहरूले आफ्नो नाउँमा एकलौटी दर्ता गरी लिनुभएको भनी पुनरावेदक प्रतिवादीले प्रतिउत्तरपत्र र पुनरावेदनपत्रमा जिकिर लिएको देखिन्छ । वादीहरूले उल्लिखित जग्गाहरू दर्ता गराएको होइन वा २००५ सालको अंशबन्डाबाट प्राप्त भएको होइन भनी भन्न सकेको अवस्था पनि देखिँदैन । साथै समान पुस्ताका अंशियारहरू काजिबहादुरसमेत कि.नं. १०५ र कि.नं.१०६ को जग्गा अंशबापत लिई मिति २०३७।१२।१६ मा वादीहरूलाई गरिदिएको अंशछोडपत्रसमेतले पुनरावेदक प्रतिवादीले लिएको उल्लिखित जिकिरलाई समर्थन गरेको देखिने।

पुनरावेदक प्रतिवादीले मिति २०३८।७।४ मा विवादका ७ कित्ता जग्गा दर्ता गर्नुपूर्व नै मिति २०३७।१२।१६ मा वादीहरूका पति-पिता जितबहादुर श्रेष्ठको जेठी श्रीमतीपट्टिका छोरा काजिबहादुरसमेतले वादीहरूलाई अंशछोडपत्र गरेको देखिन्छ । यसरी अंशछोडपत्रको कागज गर्दा पिता पुर्खाबाट आफूले अंश पाउने के कति सम्पत्ति छ भनी अंशियारहरूले सामान्य जानकारी राखेका हुन्छन् भनी गरिने अनुमान स्वाभाविक नै हुन्छ। अंशछोडपत्र गरिदिने अंशियारहरूले पिता पुर्खाबाट पाउने के कति सम्पत्ति अंशबन्डाको सम्पत्तिको हो भन्ने सामान्य जानकारीसमेत नराखी आफ्नो अंशहक नै मार्ने गरी आफू समानका अंशियारहरूलाई अंशछोडपत्रको कागज गरिदिएका होलान् भनी गरिने अनुमानलाई समेत मिसिल संलग्न कुनै पनि कागज प्रमाणले समर्थित गरेकोसमेत देखिँदैन । यसरी मिति २०३७।१२।१६ मा भएको अंशछोडपत्रमा समेत मूलपुर्खाको नाममा दर्ता हुन बाँकी सम्पत्ति रहेको भनी उल्लेख नभएको आधारबाट समेत पुनरावेदक प्रतिवादीले दर्ता गराएका ७ कित्ता जग्गाहरू निज पुनरावेदकका पिता पुर्खाको जग्गा हुन् भन्ने थप पुष्टि गर्ने।

कि.नं. २७४, २२२, १०५, १०६ समेतका जग्गाहरू २००५ सालको बन्डापछि हामी वादीहरूका पति-पिताले प्राप्त गरेको जग्गा हुनसक्ने अवस्था छ । बन्डाभित्रको जग्गा भए मौकैमा पुनरावेदकले दाबी गर्नुपर्ने भनी वादीले लिखित प्रतिवादमा उल्लेख गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा २६ मा देवानी मुद्दामा आफ्नो दाबी प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्थाबमोजिम वादीले दाबी लिएको कुरा प्रमाणित गर्न आवश्यक प्रमाण वादी आफैँले पुऱ्याउनु पर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा सो पुऱ्याउन नसकी प्रतिवादीमा प्रमाणको भार सार्दैमा वादीको दाबी प्रमाणित हुनसक्ने अवस्था पनि नदेखिने।

२०२१ सालमा भएको नापीमा दाबीको ७ कित्ता जग्गाहरूको किसानको बेहोरामा मानबहादुर श्रेष्ठको हो, कुत तिरी जोती खाई आएको भनी दाबीका ७ कित्ता जग्गा जोत्ने व्यक्तिले नापीको समयमा

लेखाइदिएको उक्त बेहोरालाई महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा रवि प्रधान विरूद्ध सुनमाया श्रेष्ठसमेत भएको ने.का.प.२०७२, अंक १२, नि.नं.९५०७ मा प्रतिपादित सिद्धान्तसमेतका आधारमा फिल्डबुकको किसानको बेहोरामा जोताहाका व्यक्तिहरूले जग्गा धनीको नाम बेहोरामा पुनरावेदक प्रतिवादीका बुबा मानबहादुर श्रेष्ठ उल्लेख भएको बेहोरालाई प्रस्तुत मुद्दामा महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिने।

तसर्थ २००५ सालको अंशबन्डापत्रमा पिता शेरबहादुरको कूल सम्पत्तिमा छोराहरू मानबहादुर र जितबहादुरको आधाआधा अंश लाग्ने भनी उल्लेख बेहोरा, वादीहरूले फिरादपत्र बेहोरामा बन्डापत्रबमोजिमका आफ्नो भागका जग्गाहरू दर्ता गराइसकेको भनी उल्लिखित बेहोरा, फिल्डबुकमा जोताहाका व्यक्तिहरूले किसानको महलमा मानबहादुर श्रेष्ठ भनी उल्लेख गरिदिएको बेहोरा, पुनरावेदकले विवादका ७ कित्ता जग्गा दर्ता गर्नुपूर्व नै वादीहरूको बिचमा भएको अंशछोडपत्र कागजमा वादीहरूको पिताको नाममा दर्ता हुन बाँकी सम्पत्ति रहेको भनी उल्लेख नभएको बेहोरासमेतका आधार कारणबाट मानबहादुर श्रेष्ठ नाउँको लगतको आधारमा मानबहादुर परलोक भइसकेकोले निजको हकवाला छोरा पुनरावेदक प्रतिवादी श्यामबहादुर श्रेष्ठको नाममा दाबीका ७ कित्ता जग्गाहरू दर्ता गर्ने मालपोत कार्यालय, काठमाडौंको मिति २०३८।७।४ को निर्णय अन्यथा गरिरहनु पर्ने नदेखिएको स्थितिमा पुनरावेदन अदालत पाटनबाट जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी विवादित जग्गाको आधी वादीहरूको नाममा दर्ता हुने ठहर गरी भएको फैसला सदर गरिपाउँ भन्ने प्रत्यर्थी वादीहरूका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट काठमाडौं जिल्ला गोंगबु वडा नं. ८ कि.नं. ९३, १०३, ११५ ऐ.धापासी गा.वि.स.वडा नं.८(क) कि.नं.१९०, ऐ.खडका गा.वि.स. वडा नं.६ (क) कि.नं. ६, ऐ. काठमाडौं महानगरपालिका वडा नं.२३(ग) कि.नं.६३, ऐ.बालाजु गा.वि.स.वडा नं.३(क), कि.नं. १२ समेतका दाबीका ७ कित्ता जग्गाहरूको हकमा पुनरावेदन अदालत पाटनबाट मिति २०६६।३।७ मा काठमाडौं जिल्ला अदालतको वादी दाबी नपुग्ने गरी भएको फैसला उल्टी गरी आधी जग्गा पुनरावेदक वादीहरूको नाउँमा दर्तासमेत हुने भनी भएको फैसला मिलेको नदेखिँदा पुनरावेदन अदालत पाटनको फैसला उल्टी भई वादी दाबी नपुग्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: प्रकाशदत्त भट्ट

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल फागुन १३ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०२५७, लिखत बदर, *श्यामबहादुर श्रेष्ठ वि. नानीछोरी श्रेष्ठसमेत*
- ०६६-CI-०२५८, लिखत बदर, *श्यामबहादुर श्रेष्ठ वि. नानीछोरी श्रेष्ठसमेत*
- ०६६-CI-०२५९, लिखत बदर, *श्यामबहादुर श्रेष्ठ वि. नानीछोरी श्रेष्ठसमेत*
- ०६६-CI-०२६० र ०६६-CI-०२६१, लिखत बदर, *श्यामबहादुर श्रेष्ठ वि. नानीछोरी श्रेष्ठसमेत डवाङ इन्देन शेर्पा वि. नानीछोरी श्रेष्ठसमेत*

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-२१०४, *झुट्ठा विवरण दिई नेपाली नागरिकता लिएको, नेपाल सरकार वि. दिपनारायण शुक्लासमेत*

निवेदक प्रतिवादी मोहम्मद रफिक खानलाई जन्मका आधारमा नेपाली नागरिकता प्रमाणपत्र दिएमा पछिसम्म फरक पर्ने छैन । फरक परेमा प्रचलित कानूनबमोजिम सहुँला बुझाउँला भनी प्रतिवादी राधेश्याम अहिरसमेतका व्यक्तिहरूले सनाखत सहीछाप गरिदिएको मिसिल संलग्न स्थलगत सर्जमिन मुचुल्काको कागजबाट देखिएको छ । उक्त स्थलगत सर्जमिन मुचुल्काको रोहवरमा नेपाली काँग्रेस पार्टी प्रतिनिधिको तर्फबाट दिपनारायण शुक्ला र बद्रीप्रसाद कुर्मी, एमालेको तर्फबाट मोतीलाल कुर्मी, सदभावना आनन्दीदेवीको प्रतिनिधि चन्द्रभान यादव, ने.क.पा. मालेको तर्फबाट अनिलकुमार यादव, जनमोर्चाको प्रतिनिधि ईनुस मोहम्मद मियाँसमेत यो स्थलगत सर्जमिन मुचुल्का गरेको ठीक हो भनी पार्टी प्रतिनिधिको रूपमा रोहवरमा बसेको देखिन्छ । सो मुचुल्कामा रोहवरमा बस्ने प्रतिनिधिहरूले कुनै किसिमको आफ्नो बेहोरा लेखाएको नभई सर्जमिनमा बस्ने व्यक्तिहरूको भनाइमा आधारित भई रोहवरमा सम्म बसेको देखिन्छ । यस्तो स्थितिमा रोहवरमा बसेकै कारणले मात्र यी प्रतिवादीहरूलाई कारणीसरह मानी आरोपित कसुर गरेका हुन् भनी भन्न न्यायोचित देखिँदैन । यी प्रतिवादीहरू जना ६ ले झुट्टा विवरण लेखी लेखाई रोहवरमा बसी निज भारतीय नागरिक मोहम्मद रफिक मियाँलाई नागरिकता दिने दिलाउने कार्यमा प्रत्यक्षरूपमा संलग्न रहेको भनी मान्न मिल्ने अवस्था देखिन आएन । तसर्थ, निजहरूको हकमा अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी मोहम्मद रफिक खानले हात हतियार मुद्दामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा रू.५,०००।- लिएको अवस्थामा नागरिकता प्रमाणपत्र प्राप्त गरेको हुँ भनी पोल गरेका आधारमा मात्र निज प्रतिवादी हलिम मुसलमानउपर नागरिकता ऐन, २०६३ को दफा २१ को उपदफा ७ बमोजिम अभियोग प्रस्तुत भएको देखिन्छ । यस मुद्दाको अनुसन्धानको क्रममा बुझिएका र बयान गर्ने कुनै पनि प्रतिवादीहरूले प्रतिवादी हलिम मुसलमानको कुनै किसिमको सहयोग थियो भनी खुलाउन सकेको पाइँदैन । अन्य मुद्दाको सम्बन्धमा अनुसन्धानमा लेखिएको बयानलाई मात्र आधार मानी अभियोग दाबीअनुसार प्रतिवादीबाट कसुर गरेको रहेछ भन्न मिल्ने हुँदैन । नागरिकता लिने दिने वा दिलाउने कार्यमा संलग्न रहेको अवस्था देखिएमा मात्र कसुर मान्न सकिन्छ । सो कुरा वादी पक्षले स्वतन्त्र सबुद प्रमाणबाट पुष्टि गर्न सकेको हुनुपर्छ । यी प्रतिवादीको उक्त नागरिकता दिने दिलाउने विषयमा कहीँकतै संलग्नता रहेको मिसिल संलग्न प्रमाण कागजातबाट नदेखिएको स्थितिमा कसुरबाट सफाइ पाउने गरी भएको सुरू फैसला कानूनत मिलेको छैन भन्नेसमेतको पुनरावेदन जिकिर वस्तुनिष्ठ आधारको अभावमा निजको हकमा समेत अभियोग दाबीबमोजिम गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी विजुवा गा.वि.स.का गा.वि.स. सचिव भई सरकारी कर्मचारी भएकोमा स्थानीय निर्वाचनको चुनाव नभई रिक्त निर्वाचित पदाधिकारीको कार्यभारसमेत कर्मचारीलाई अख्तियारी सुम्पिने क्रममा यी प्रतिवादीले विजुवा गा.वि.स. अध्यक्षको हैसियतले समेत काम गरी आएको मिसिल प्रमाणबाट देखिन्छ । निवेदक मोहम्मद रफिक खानले नेपाली नागरिकता पाउन माग गरेबमोजिम नागरिकता वितरण टोली नं. २ विजुवा कपिलवस्तुसमक्ष जन्मका आधारमा नागरिकता दिन भनी मिति २०६३।११।२२ मा सिफारिस गरी दिएको जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट प्राप्त मिसिल संलग्न छुट्टै गरिएको सिफारिस पत्रबाट देखिन्छ । सोमा निज प्रतिवादीको हैसियत (पद) गा.वि.स. सचिव भनी उल्लेख भएबाट सोही हैसियतले

सिफारिस भएको र नागरिकता नियमावली, २०६३ को अनुसूची १ को ढाँचा र कार्यविधिमा गा.वि.स.को सिफारिस महलमा नाम पद सहिछाप कसैको नभई खाली भई छुट्टै सिफारिस गरिएको अवस्था देखिएकोले प्रतिवादी मोहम्मद रफिक खानलाई चिनेको थिएन, उक्त सर्जमिन सनाखतका व्यक्तिहरूलाई नागरिकताको आधारमा र राजनीतिक दलका प्रतिनिधिलाई राम्रोसँग चिनेको छु भनी लेखाउँदै तत्कालीन अवस्थामा नागरिकता प्रमाणपत्रलगायत प्रमाणपत्र प्राप्त गर्न कागजात नपुग देखिएकोले कार्यालयबाट बुझी नेपाली नागरिकता प्रमाणपत्र दिन मिल्ने भए उपलब्ध गराउने भन्ने बेहोरा प्रेषित गरिएकोमा हस्ताक्षर गरेको र सिफारिसमा भएको फोटो प्रमाणित गरी हस्ताक्षर गरेको छु भनी लेखाइदिएको छु भनी प्रतिवादीले गरेको बयानलाई अस्वाभाविक मान्न मिलेन । गा.वि.स.को सिफारिसले त स्थानीयस्तरमा चिनजानका व्यक्तिहरूले उठाएको सवालहरूलाई उनीहरूकै हितबमोजिम कानूनी दायरामा ल्याई नियमितता प्रदान गर्नु गा.वि.स.को उद्देश्य रहेको र नियमावलीको अनुसूची ५ को ढाँचामा सनाखत र रोहवर सहिछाप भइसकेपछि सम्बन्धित गा.वि.स.ले सिफारिस गर्नुपर्ने कानूनी प्रक्रिया अवलम्बन गरी प्रेषित गरेको देखिन्छ । यसरी स्थलगत सर्जमिन सनाखतका मानिसहरूले गरिदिएको सर्जमिन र निजहरूको नागरिकता तथा राजनीतिक दलका प्रतिनिधिहरूसमेत रोहवरमा बसेको अवस्था देखिसकेपश्चात् सोही आधारमा सिफारिस गरेको देखिँदा निजले कसुरजन्य कार्य गरेको भन्न मिल्ने नदेखिने।

अतः विवेचित आधार, कारणहरूसमेतबाट प्रतिवादीहरू सनाखत रोहवरमा सम्म बसेको तथा नागरिकता बदर भइसकेको अवस्थामा प्रतिवादीहरू दिपनारायण शुक्ला, अनिलकुमार यादव, चन्द्रभान यादव, मोतीलाल कुर्मी, बद्रीप्रसाद कुर्मी, ईनुस मोहम्मद मियाँ र पट्टु भन्ने हलिम मुसलमानसमेतलाई आरोपित कसुरबाट सफाइ हुने ठहरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।०२।२६ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट भएको फैसला सदर हुने तथा प्रतिवादी तिलकराम यादवलाई नेपाल नागरिकता ऐन, २०६३ को दफा २१(२) को कसुरमा सोही ऐनको दफा २१(२) बमोजिम रू.२५,०००।- जरिवाना हुने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको मिति २०७१।२।२६ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी तिलकराम यादवले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।१०।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-CR-०५६२, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. सलिना बुढा मगरसमेत*

प्रतिवादी सरिता पुन मगर आफ्नो पतिको मृत्युपश्चात् दाङ जिल्ला गिठेपानी बसी घर बनाउने लेवरको काम गरिरहेकी र एक दिन एक जना मगर भाइ भन्ने मानिस आई तिम्रो श्रीमान् र म साथी हो भनी चुरोट दिई खाएको र पछि पनि आइरहने गरेको र खान मन लागे खानु भनी मगर भाइले ६४ पोका दिएको र पछि सोही मगर भाइले देखाइदिएकाले प्रहरी आई पक्राउमा परेको भन्ने विवरण खुलाएको देखिन्छ। सो बरामदी लागु औषध प्रतिवादी सरिता पुन मगरलाई मगर भाइले दिइराखेको र सो वस्तु लागु औषध हेरोइन हो भनी नजानी अन्जानमा चुरोटमा राखी पिर हराउनको लागि सेवनसम्म गरेकोमा साबित भएको

देखिन्छ। प्रतिवादीले सो लागु औषध बिक्री वितरणका लागि राखेको वा कुनै प्रकारबाट कारोबार गरेको भन्ने नदेखिने।

प्रतिवादी शान्ता भन्ने सरिता पुन मगरले आफ्नो कोठाबाट बरामद लागु औषध ब्राउन सुगर कसैलाई बिक्री वितरण नगरी आफैँ सेवन गर्ने गरेकोसम्म देखिएको छ। तसर्थ निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १(एक) वर्ष कैद र रू. २,०००।– जरिवाना हुने र अर्का प्रतिवादी सलिना बुढा मगरले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०७२।०८।२७ मा भएको फैसला मनासिब नै देखिने।

अत: उल्लिखित आधार कारण र प्रमाणहरूबाट प्रतिवादीहरू शान्ता भन्ने सरिता पुन मगरले आफ्नो कोठाबाट बरामद लागु औषध ब्राउन सुगर कसैलाई बिक्री वितरण नगरी आफैँ सेवन गर्न राखेको देखिँदा प्रतिवादी शान्ता भन्ने सरिता पुन मगरलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम १ (एक) वर्ष कैद र रू.२,०००।- (दुई हजार रूपैयाँ) जरिवाना हुने र अर्का प्रतिवादी सलिना बुढामगरले सफाइ पाउने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२।८।२७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-CR-१२४४, *आगो लगाई गाई मारेको (गौवध)*, *नेपाल सरकार वि. प्रेमबहादुर दर्जी*

जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का र नमुना परीक्षण प्रतिवेदनसमेतबाट आगलागीको जरियाबाट गाईको मृत्यु भएको भन्ने तथ्य प्रस्ट रूपमा स्थापित हुन आएको देखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था रहेको छ। यसअनुरूप वादीबाट प्रतिवादीले गरेको कसुर स-प्रमाण पुष्टि गर्नुपर्नेमा वादीको तर्फबाट जाहेरवाला, वस्तुस्थिति मुचुल्काका मानिसहरू र अन्य साक्षीहरूको बकपत्रसमेत हुन सकेको अवस्था देखिएन। मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी र निजका घर परिवारका सदस्यहरूबिच घरायसी काम व्यवहारको कुरामा केही मनमुटाव र झैझगडा हुने गरेको र प्रतिवादीले आफ्नो पत्नी र छोरालाई कुटपिट गर्ने गरेको तथ्य खुल्न आएको छ। वारदातको मिति र समयमा प्रतिवादी नसाको सुरमा रहेको देखिएको छ। प्रतिवादीले अदालतमा बयान गर्दा गाई मार्ने नियतले आगो लगाएको होइन, चुरोटको कारण आगो लाग्न पुगेछ भनी बयान गरेको देखियो। आफ्नो निर्दोषिताको पक्षमा प्रतिवादीले लिएको जिकिर संवेदनशील र विचारणीय प्रकृतिको देखिने।

मुलुकी ऐन, चौपायाको महलको १ नं. कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा हेर्दा प्रतिवादीले जानी जानी गाई मार्ने मनसाय राखेर आगो लगाएको देखिँदैन। आफ्नै गोठमा रहेको गाईलाई जानी जानी आफैँले आगो लगाएर मार्नु स्वाभाविक पनि हुँदैन। मादक पदार्थ सेवन गरेको अवस्थामा खाएको चुरोट जथाभावी फालेको कारणबाट आगो लागेको देखिन्छ। तसर्थ, धनकुटा जिल्ला अदालतले गरेको सुरू फैसला उल्टी भई प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सफाइ दिने ठहऱ्याएको उच्च अदालतको फैसला मनासिब नै देखिने।

अत: विवेचित आधार र कारणसमेतबाट प्रतिवादी प्रेमबहादुर दर्जीलाई मुलुकी ऐन, चौपायाको महलको १ नं. को कसुर अपराधमा सोही महलको ११

नं. बमोजिम १२ वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू धनकुटा जिल्ला अदालतबाट मिति २०७२।११।१७ मा भएको फैसला उल्टी गरी आरोपित कसुरबाट प्रतिवादी प्रेमबहादुर दर्जीले सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७३।८।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७४-CR-०००८, *हाडनाता जबरजस्ती करणी*, *पशुपति शर्मा वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादीले उक्त वारदातको दिनमा पर्वत मल्लाजको टुनीवोटमा जन्त गएको भनी विपरीत स्थानमा उपस्थित भएको भन्ने Alibi को जिकिर लिएको भए तापनि सो तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन । पट्टु वि.क. (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार विरूद्ध वासुदेव सावद भएको जबरजस्ती करणी मुद्दा (ने.का.प. २०७४, भाग ५९, अङ्क ९, नि.नं. ९८७९) मा "वारदातको दिन आफूलाई सो वारदातमा नभई अन्य ठाउँमा छु भनी देखाउने व्यक्तिले त्यस ठाउँमा भएको सबुद गुजार्नु पर्ने" भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । प्रतिवादीले मौकामा अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा आफू वारदात मितिमा अन्यत्र रहेको भनी Alibi को जिकिर लिन नसकेपछि पुनरावेदनको रोहमा मात्र लिएको जिकिरलाई सही सत्य मानी प्रमाणमा ग्रहण गर्न मिल्ने देखिँदैन । यसरी वारदात मिति र समयमा आफू वारदातस्थलमा नभई अन्यत्र रहेको भनी बयान गर्दाकै अवस्थामा तथ्यसहित उल्लेख गरी सो Alibi को जिकिरलाई प्रतिवादीले सो कुरा विश्वासनीय प्रमाण प्रस्तुत गरी समर्थित गराएको अवस्थामा मात्र प्रमाणमा ग्रहण गर्न हुने।

तसर्थ, पीडितको जाहेरी दरखास्त सो जाहेरी दरखास्तलाई समर्थन गरी गरेको अदालतको बकपत्र, मौकामा बुझिएका मानिसहरूको भनाइ र अदालतको बकपत्र, स्वास्थ्य परीक्षण प्रतिवेदन एवम् सो प्रतिवेदनलाई समर्थन गर्ने गरी भएको चिकित्सकको बकपत्रसमेतबाट यी प्रतिवादीले आफ्नो भाइ बुहारी नाताकी पीडितलाई जबरजस्ती करणी गरेको स्थापित भएको देखिएकाले सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७२।०१।११ मा प्रतिवादीले कसुर गरेको ठहऱ्याई सजाय गर्ने गरी भएको फैसला सदर हुने ठहर गरी उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट मिति २०७३।८।१ मा भएको फैसला मनासिब देखिन आउने।

अतः विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट प्रतिवादीले आफ्नै भाइ बुहारी जाहेरवालीलाई जबरजस्ती करणी गरेको तथा अन्य दिन जबरजस्ती करणी गर्ने प्रयास गरेको पुष्टि हुन आएकोले निजको कसुर मुलुकी ऐन, करणीको महलको १ नं. विपरीत ३(२) नं. र हाडनाता करणीको २(१) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी पशुपति शर्मालाई मुलुकी ऐन, जबरजस्ती करणीको ३(२) नं. बमोजिम ८(आठ) वर्ष कैद र हाडनाता करणी महलको २(१) नं. बमोजिम ४(चार) वर्ष कैद सजाय गरी जम्मा १२(बाह्र) वर्ष कैद सजाय र पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.५०,०००।– (पचास हजार रूपैयाँ) भरी पाउने ठहरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०७३।०१।१६ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट मिति २०७३।०८।०१ मा भएको

फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर १ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CI-०५२६, ०५६५, निर्णय दर्ता बदर हक कायमसमेत, *सोमबहादुर गुरूङ वि. गणेशप्रसाद भन्ने रामलाल प्रधान, कृष्णप्यारी प्रधानसमेत वि. कान्छी वलामी नगरकोटी*

विवादित कित्ता नं. ९७ को जग्गामा त्रिपक्षीय दाबी पेस भइरहेको अवस्थामा मालपोत कार्यालय, काठमाडौंबाट जग्गाको मोही कान्छी बलामी नगरकोटीका नाउँमा एकलौटी रै.प. दर्ता हुने गरी टिप्पणी सदर गरी मिति २०६७।२।१४ मा निर्णय भएको देखियो। सो निर्णयउपरमा गंगाबहादुर बलामी नगरकोटी साबिक पुनरावेदन अदालत पाटनसमक्ष पुनरावेदनको रोहमा गएकोमा पुनरावेदन अदालत पाटनबाट सुरू मालपोत कार्यालय, डिल्लीबजारबाट भएको निर्णय बदर गरी हक बेहकमा निर्णयका लागि काठमाडौं जिल्ला अदालतमा जाने गरी भएको फैसलाउपर यस अदालतमा पुनरावेदन परेको रहेछ। गणेशप्रसाद भन्ने रामलाल प्रधान मालपोत कार्यालयको निर्णय बदर गरी हक कायम गरिपाउँ भनी काठमाडौं जिल्ला अदालत प्रवेश गरेको देखिन्छ। काठमाडौं जिल्ला अदालतले वादी दाबी पुग्न नसक्ने ठहराएपश्चात् पुनरावेदन गरेकोमा लगाउमा रहेको गंगाबहादुर बलामी पुनरावेदक भएको छुट जग्गा दर्तासमेत मुद्दामा हकबेहकमा पुनः निर्णय गर्न काठमाडौं जिल्ला अदालतमा जाने गरी निर्णय भएको र उक्त मुद्दासँग अन्तरप्रभावी रहेको प्रस्तुत मुद्दाबाट केही बोलिरहन नपर्ने भन्ने बेहोराको मिति २०६९।४।११ मा फैसला भएपछि सोउपर यस अदालतमा पुनरावेदन गरेको रहेछ। अर्का पुनरावेदक गंगाबहादुर बलामीसमेतले यस अदालतमा पुनरावेदन गरेकोमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ९२ नं. बमोजिम पुनरावेदन जिकिर पुऱ्याउन नसक्ने भनी पुनरावेदन फिर्ता लिएको देखिँदा सो सम्बन्धमा केही बोलिरहन नपर्ने।

प्रस्तुत मुद्दामा रामलाल प्रधानले विवादित कित्ता नं. ९७ को जग्गा दर्ता गराई पाउन निवेदन दिएपश्चात् कान्छी बलामी नगरकोटी र गंगाबहादुर बलामी नगरकोटीसमेतको दाबी परेको अवस्थामा प्रमाणको मूल्याङ्कन गरी कान्छी बलामीका नाउँमा रै.प. दर्ता गर्ने निर्णय गरेको, हक बेहकको प्रश्न उठेको अवस्थामा सम्बन्धित जिल्ला अदालतबाट हककायम गराई आउन सुनाउनु पर्नेमा प्रमाणको मूल्याङ्कन गरी कान्छी बलामीका नाउँमा हक कायम गरी जग्गा दर्ता गरिदिने गरी निर्णय गरेको देखियो। यसरी हकबेहकमा प्रमाण बुझी निर्णय गर्ने अख्तियारी मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको देखिएन। त्यस्तो निर्णयलाई चुनौती दिँदै त्यस्तो निर्णय बदर गरी हक कायम गरिपाउँ भनी जिल्ला अदालतमा गएकोलाई अन्यथा भन्न मिल्ने पनि देखिँदैन।

अतः कान्छी बलामी नगरकोटीका नाउँमा रै.प. गरी हक कायम दर्ता गर्ने गरी मालपोत कार्यालय, काठमाडौंबाट भएको निर्णय बदर गराई माग्न पुनरावेदन अदालतमा पुनरावेदनको रोहमा आउनु पर्नेमा त्यस्तो निर्णय बदरको लागि काठमाडौं जिल्ला अदालतमा फिरादपत्र दिएको र त्यस्तो फिरादपत्रका आधारमा मुद्दाको तथ्यमा प्रवेश गरी दाबी नपुग्ने ठहर गरेको फैसला बदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।४।११ को फैसला त्रुटिपूर्ण देखिँदा बदर गरिदिएको छ। अब जे जो बुझ्नुपर्छ ताहाँ अदालतबाट नै बुझी कानूनबमोजिम पुनः इन्साफ गर्नु भनी मिसिलसहित उच्च अदालत पाटनमा पठाई दिने।

पुनरावेदक कान्छी बलामी नगरकोटीको

पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा जे जो बुझ्नुपर्ने प्रमाण बुझी पुनः इन्साफका लागि उच्च अदालत जाने निर्णय भएको सन्दर्भमा थप केही बोलिरहन नपर्ने।

इजलास अधिकृत: शा.अ. तीर्थराज भट्टराई
इति संवत् २०७५ साल असोज ७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-WO-०५६३, उत्प्रेषण / परमादेश, *रत्ना थापा वि. विश्वबन्धु खड्कासमेत*

प्रस्तुत रिट निवेदनमा नेपालको अन्तरिम संविधानको धारा १२, १३ र १९ को हकको रक्षाका लागि निवेदक यस अदालतमा असाधारण अधिकार क्षेत्रबाट प्रवेश गरेको देखिन्छ। धारा १२ मा स्वतन्त्रताको हक, धारा १३ मा समानताको हक र धारा १९ मा सम्पत्तिको हकको संवैधानिक व्यवस्था रहेको छ। यी निवेदकलाई आफ्नो पेसा व्यवसाय गर्नबाट रोक लगाएको वा कानूनको समान संरक्षणबाट वञ्चित गरेको वा सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्नबाट विपक्षीहरूले यो यसरी वञ्चित गरेको भनी ठोस रूपमा रिट निवेदनमा उल्लेख गर्न सकेको नदेखिने।

श्रम ऐन, २०४८ को दफा ६० को खण्ड (ग) बमोजिम रत्ना होटलको व्यवस्थापनले गरेको निर्णयउपर श्रम अदालतले पुनरावेदन सुनी दुवै पक्षका प्रमाणसमेत बुझी फैसला गरेको छ। असाधारण क्षेत्राधिकार कानूनप्रतिकूलको क्षेत्राधिकार नभई कानूनकै परिपूरकको क्षेत्राधिकार हो। यसको प्रयोग सामान्य अवस्थामा हुने होइन। कानूनले स्पष्टरूपमा कार्यविधि तोकी गरेको व्यवस्थाअनुरूप भएका काम कारबाहीहरूको परीक्षण सबै अवस्थामा असाधारण अधिकार क्षेत्रबाट गर्न थालियो भने साधारण अधिकार क्षेत्रको प्रयोगको औचित्य समाप्त हुन जान्छ। असाधारण अधिकार क्षेत्रको प्रयोग क्षेत्राधिकारको अभाव, क्षेत्राधिकारको इन्कारी, कानूनको त्रुटि, कार्यविधिको त्रुटि, दूषित निर्णय आदि भएमा मात्र हुने हो। उल्लिखित अवस्था विद्यमान रहेको भन्ने रिट निवेदनबाट स्पष्ट नदेखिएको अवस्थामा मुद्दाको तथ्यमा प्रवेश गरी रिट क्षेत्रबाट हेर्न मिल्दैन। रिट क्षेत्रमा प्रवेश गर्न कानूनको स्पष्ट उल्लङ्घन भएको देखिनुपर्दछ र त्यसबाट निवेदकको हक अधिकारमा प्रतिकूल असर परी आघात पुगेको देखिनु पर्ने।

प्रस्तुत रिट निवेदनमा श्रम अदालतले निर्णय गर्दा कुन कानूनको उल्लङ्घन गर्‍यो, आफ्नो अधिकार क्षेत्रभन्दा बढी कुन अधिकार प्रयोग गरी फैसला गर्‍यो, कुन चाहिँ प्रमाण इन्कार गरेको कारणले निर्णय प्रभावित भयो, कस्तो बदनियत राख्यो र राख्नु पर्ने कारण के हो भन्ने स्पष्ट रूपमा उल्लेख गर्न नसकेको अवस्थामा अधिकार क्षेत्रभित्र रही प्रमाणको यथोचित मूल्याङ्कन गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि नहुनुका साथै निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात पुगेको नदेखिने।

श्रम अदालतबाट श्रम कानूनले निश्चित गरेको कार्यविधि र क्षेत्राधिकारको प्रयोग गरी दुवै पक्षका प्रमाणहरू बुझी प्रमाणहरूको मूल्याङ्कन गरी यी लिखित जवाफ प्रस्तुतकर्ताको कर्मचारीको विरूद्धमा लगाएको अभियोग ठोस र वस्तुगत प्रमाणका आधारमा प्रमाणित हुन नसकेको भन्ने आधारमा व्यवस्थापनबाट भएको निर्णय बदर गर्ने गरी मिति २०६९।३।२२ मा फैसला भएको छ। सो फैसलामा कानूनी त्रुटि वा अधिकार क्षेत्रात्मक त्रुटि भएको भनी निवेदकले भन्न नसकी केबल आफ्नो संविधान प्रदत्त हक अधिकार हनन भएको भन्ने जिकिर लिएको देखिने।

श्रम अदालतको फैसलामा अधिकार क्षेत्रात्मक त्रुटि र कानूनी त्रुटि विद्यमान देखिएको अवस्थामा बाहेक त्यस्तो फैसलाबाट निरूपण भइसकेको

विषयमा यस अदालतको असाधारण अधिकार क्षेत्रबाट उक्त फैसलालगायतका काम कारबाही पुनरावेदन हेरेजस्तो परीक्षण गरी बदर गर्न मिल्ने होइन । यसरी कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी कानूनद्वारा प्रदत्त अधिकारअन्तर्गत रही प्रमाणको मूल्याङ्कन गरी भएको निर्णयमा कुनै त्रुटि विद्यमान नदेखिँदा यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग गरी निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था देखिन नआउने ।

तसर्थ विवेचित आधार कारण र उल्लिखित कानूनी सिद्धान्त नजिरसमेतबाट श्रम अदालतबाट दुवै पक्षका प्रमाणहरू बुझी प्रमाणहरूको मूल्याङ्कन गरी गरेको मिति २०६९।३।२२ को फैसलामा अधिकार क्षेत्रात्मक त्रुटि र कानूनी त्रुटि विद्यमान नदेखिएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । रिट निवेदन खारेज हुने ।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल असार २७ गते रोज ४ शुभम् ।

- ०६९-WO-०५६१, उत्प्रेषण / परमादेश, *रत्ना थापा वि. केशवबहादुर बुढाथोकीसमेत*
- ०६९-WO-०५६२, उत्प्रेषण / परमादेश, *रत्ना थापा वि. पारस गुरूङसमेत*
- ०६९-WO-०५६४, उत्प्रेषण / परमादेश, *रत्ना थापा वि. दुर्गाप्रसाद उप्रेतीसमेत*

८

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-WO-११३०, उत्प्रेषण, *गिता पोखरेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकहरूको मागबमोजिमको सामाजिक परिचालिकाहरूले सम्पादन गर्दै आएको सामाजिक परिचालनको कार्यक्रमको विषय साबिकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयअन्तर्गत जिल्लास्थित महिला तथा बालबालिका कार्यालयबाट सम्पादन हुँदै आएकोमा उक्त कार्यहरू स्थानीय तहमा हस्तान्तरण भइसकेको भन्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१४ मिति २०७५।०४।२७ को परिपत्रबाट देखिएको छ । निवेदकहरूले सामाजिक परिचालिकाहरूबाट सम्पादन हुँदै आएको सामाजिक परिचालन कार्यक्रम स्थानीय तहमा हस्तान्तरण भई सोहीबमोजिम आफूहरूले स्थानीय तहको विभिन्न जिल्लाहरूको ग्रामीण क्षेत्रमा महिला उत्थानको कार्यक्रममा काम गर्दै आएको बेहोरा निवेदनको प्रकरण २ मा उल्लेख गरेबाट प्रकारान्तरले आफूहरूको सामाजिक परिचालनको कार्यक्रम स्थानीय तहमा हस्तान्तरण भएको कुरालाई निवेदकहरूले स्वीकार गरेको स्थापित हुने ।

बीसौं वर्षको अनुभवप्राप्त सामाजिक परिचालिकाहरूले सम्पादन गर्दै आएको कार्यहरूले स्थानीय तहबाट हुने सामाजिक एवम् आर्थिक क्रियाकलापमा सहयोगी हुने देखिएकोले नियमानुसार सेवाको निरन्तरताको लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट भएको मिति २०७४।१२।२९ को माननीय मन्त्रिस्तरीय निर्णय, च.नं.७४९ मिति २०७४।१२।२९ पत्रबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस भएको देखिएको छ । सामाजिक परिचालिकाहरूलाई महिला जागृति तथा आय आर्जन कार्यक्रमको निर्देशिका, २०५७ बमोजिम आवश्यक व्यवस्थापनको लागि निर्णयानुसार अनुरोध छ भनी स्थानीय तहहरूमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट च.नं.१४ मिति २०७५।४।२७ को परिपत्र जारी

भएको पनि देखिएको छ । स्थानीय तहले सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेमा विगतमा अनुभवप्राप्त महिला जागृति कार्यक्रमका सामाजिक परिचालिकालाई प्राथमिकता दिई काममा लगाउन सकिने र त्यसको सम्पूर्ण खर्च सम्बन्धित स्थानीय तहले नै बेहोर्ने भनी उल्लेख गरेको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.११० मिति २०७५।११।०३ को पत्रबाट देखिएको अवस्था छँदाछँदै निवेदकहरू स्थानीय तहमा आफ्ना मागबमोजिम गरिपाउन गएको भन्ने निवेदन बेहोराबाट देखिँदैन । स्थानीय तहले निवेदकहरूलाई हटाउनेतर्फ कुनै कारबाही भए गरेको भनी खुलाएको पनि देखिँदैन । निवेदकहरूको कानूनद्वारा प्रदत्त हकमा आघात परेको नदेखिएको अवस्थामा यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनमा असाधारण रिट क्षेत्राधिकार आकर्षित हुने देखिन नआउने ।

अतः निवेदकहरूलाई महिला जागृति तथा आय आर्जन कार्यक्रमको निर्देशिका, २०५७ बमोजिम स्थानीय तहमा आवश्यक व्यवस्थापनको लागि मिति २०७५।४।२७ मा परिपत्र भएको देखिएको र स्थानीय तहले आफ्नो आवश्यकता र स्रोतको उपलब्धताको आधारमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेमा विगतमा अनुभवप्राप्त महिला जागृति कार्यक्रमका सामाजिक परिचालिकालाई प्राथमिकता दिई काममा लगाउन सकिने भन्ने मिति २०७५।०४।०३ को सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मन्त्रिस्तरीय निर्णय संविधान एवम् कानूनसम्मत भएको देखिनुका साथै स्थानीय तहले यी निवेदकहरूलाई हटाउनेतर्फ कारबाही चलाएको अवस्था पनि नरहेकोले निवेदकहरूको कानूनद्वारा प्रदत्त हकमा आघात परेको नदेखिँदा निवेदन मागअनुसार उत्प्रेषणसमेतको आदेश जारी हुनसक्ने अवस्था विद्यमान देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७६ साल असार २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-०६०८, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. श्यामबहादुर राउतसमेत*

घटना विवरणका धनबहादुर कार्की, बलबहादुर कार्कीले मेलामा विवाद हुँदा प्रतिवादी श्यामबहादुर रावतले आफ्नो साथ रहेको चक्कुले पीडित दीर्घबहादुरको बायाँ कोखमा प्रहार गरी घाइते बनाएको भनी अनुसन्धानको क्रममा गरेको घटना विवरण कागज बेहोरालाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरेका देखिन्छ । त्यस्तै जाहेरवाला कुम्भ रावतले पनि प्रतिवादी श्यामबहादुरले छुरी प्रहार गरी पीडितलाई घाइते बनाएको भनी अदालतमा बकपत्र गरेको देखिन्छ । यसरी प्रतिवादी श्यामबहादुर रावतले पीडित दीर्घ रावतलाई पेटमा धारिलो हतियार छुरीले प्रहार गरेको भन्ने अभियोग दाबी तथ्ययुक्त रूपमा पुष्टि हुन आएको देखिने ।

मेलामा गएको अवस्थामा वादविवाद भई प्रतिवादी श्यामबहादुर रावतले पीडित दीर्घबहादुरको पेटमा ९ से.मि. लामो चक्कु हतियारले पेटमा रोपेको कार्यबाट मानिस मर्न सक्छ भन्ने पूर्व अनुमान सामान्य समझको व्यक्तिलाई थाहा जानकारी हुनसक्ने भन्ने कुरामा विवाद छैन । सो चोट पीडितको बायाँ कोखामा लागेको घा जाँच केस फारामबाट देखिन्छ । सो चोटको स्थानीय अस्पतालमा उपचार हुन नसकी हेलिकप्टरबाट नेपालगन्ज ल्याई थप उपचार गराएको

कारणबाट नै पीडितको ज्यान बच्न गएको तथ्य रहेको देखिने।

मेलाको बिचमा एक आपसमा धकेला धकेल भई सामान्य वादविवादको क्रममा वारदात भएको अवस्था, घटना प्रकृति तथा पीडितलाई परेको घा चोट र पूर्वरिसइवीले छुरी प्रहार गरेको भन्ने देखिन नआएबाट प्रतिवादीलाई कसुरको मात्राअनुसार ज्यानसम्बन्धीको १५ नं. अनुसार न्युनतम् ५ वर्ष कैद तोक्दा पनि न्यायको उद्धेश्य प्राप्त हुनसक्ने अवस्था देखिएकाले प्रतिवादी श्यामबहादुर रावतलाई ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम ५ (पाँच) वर्ष कैद हुने।

जाहेरी दरखास्त, पीडितको कागज र अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूले पीडित दीर्घ रावतलाई छुरा प्रहार गर्न प्रतिवादीहरू दानबहादुर रावत र पूर्णसिंह रावतले बचन दिएका हुन् भनी लेखाएको देखिन आए पनि निज प्रतिवादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा कसुरमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ। तत्काल मौकामा घा जाँच केस फाराम गरिपाउँ भनी निवेदक कृष्ण कार्कीले दिएको निवेदनमा प्रतिवादी श्यामबहादुर रावतले छुरी (चक्कु) प्रहार गरेको हो भनी उल्लेख भई अन्य यी प्रतिवादीहरूले कसुर अपराध गरेको हुन् भन्ने कुरा खुलेको पाइएन । सहअभियुक्त श्यामबहादुर रावतले तत्काल मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले पीडित दिर्घ रावतलाई चक्कुले हानेको हुँ। कसैले वचन दिएको होइन भनी बयान गरेसमेतबाट पनि पीडितलाई अन्य यी प्रतिवादीहरूले चक्कु प्रहार गर्ने वचन दिएको भन्ने दाबी तथ्ययुक्त आधार र प्रमाणहरूबाट शंकारहित तवरबाट पुष्टि हुन सकेको देखिन आएन। विश्वसनीय, ठोस र तथ्ययुक्त प्रमाणको अभावमा कसैलाई पनि दोषी ठहर गर्नु फौजदारी न्याय सिद्धान्तको विपरीत पनि हुन्छ । त्यसकारण प्रतिवादी दानबहादुर रावत र पूर्णसिंह रावतलाई पनि अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको जिकिर पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत जुम्लाको फैसला मिलेकै देखिँदा अन्यथा भन्न नमिल्ने।

तसर्थ, उल्लिखित विवेचित आधार र कारणहरूबाट पुनरावेदक प्रतिवादी श्यामबहादुर रावतलाई ज्यानसम्बन्धीको १५ नं. ले १० (दश) वर्ष कैद सजाय गरी प्रतिवादी दानबहादुर रावत र पूर्णसिंह रावतलाई कसुरबाट सफाइ दिने ठहऱ्याई सुरू हुम्ला जिल्ला अदालतबाट मिति २०६९।६।२३ मा भएको फैसला केही उल्टी गरी पुनरावेदन अदालत जुम्लाले मिति २०७०।२।५ मा गरेको फैसलाले प्रतिवादी श्यामबहादुर रावतलाई ६(छ) वर्ष कैद गरेकोमा सो कैदको हदसम्म नमिलेकोले केही उल्टी भई पुनरावेदक प्रतिवादी श्यामबहादुर रावतलाई ज्यानसम्बन्धीको १५ नं. ले ५(पाँच) वर्ष कैद सजाय हुने ठहर्छ। अन्य प्रतिवादीहरू दानबहादुर रावत र पूर्णसिंह रावतलाई समेत अभियोग दाबीबाट सफाइ दिनेगरी भएको पुनरावेदन अदालत जुम्लाको फैसला सो हदसम्म सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल असार २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०९५१, उत्प्रेषण / परमादेश, *अम्बिकादत्त मिश्र वि. जिल्ला शिक्षा कार्यालय, पर्सा वीरगन्जसमेत*

रिट निवेदक श्रीमती मन मिश्र निम्न माध्यमिक विद्यालय, टेढा, सिमरा, पर्सामा मिति २०७१।७।२८ देखि मिति २०७१।८।२९ सम्म अध्ययन अध्यापन गरेको तर तलब सुविधा नलिएको

बेहोरा सो विद्यालयको मिति २०७२।१।९ को पत्रबाट देखिन्छ। उक्त तथ्यलाई समेत विपक्षीहरूले अन्यथा भनेको अवस्था नहुँदा निवेदक मिति २०७१।८।२९ सम्म विद्यालयमा रूजु हाजिर भई सेवारत रहेको भन्ने तथ्यमा विवाद रहेन। रिट निवेदकले कानूनले तोकेकोभन्दा बढी अवधिसम्म सेवामा रहने उद्देश्यले बदनियतका साथ कामकाज गरेको भन्ने मिसिल संलग्न कागजातबाट खुलेको छैन । शिक्षकहरूको अवकाशसम्बन्धी अभिलेख राख्ने निकायबाट निवेदक अवकाश हुने मिति सम्बन्धमा निर्णय भएपश्चात् पनि निवेदकले कामकाज गरी सुविधा लिएको अवस्था पनि होइन । उल्लिखित पृष्ठभूमिमा निवेदकलाई विपक्षीहरूले औपचारिक रूपले अवकाशको जानकारी नदिएकोले अवकाशपश्चात् पनि साबिक झैं आफ्नो सेवामा सेवारत रहनुलाई अन्यथा भन्न मिल्ने नदेखिने।

रिट निवेदक सामुदायिक विद्यालयमा शिक्षकको रूपमा कार्यरत रहेकोमा निजको अवकाश लागू हुने मिति २०७०।४।७ भन्ने भए पनि सो अवकाश मितिपश्चात् निज निवेदक मिति २०७१।८।२९ सम्म कार्यरत रहेको देखिन्छ। यस बिचमा निज निवेदकलाई विपक्षी जिल्ला शिक्षा कार्यालय, पर्साले मिति २०७१।६।१३ मा सरूवासमेत गरी शिक्षण काममा लगाएको देखिन्छ । विपक्षी जिल्ला शिक्षा कार्यालय, पर्साबाट अवकाश मिति पछि पनि निवेदकलाई सरूवा गरी कामकाज गराइरहेको र शैक्षिक प्रमाणपत्रको जन्ममितिबाट अवकाशको अवधि बाँकी नै रहेको भन्ने ठानी नियमित रूपमा सरकारी निकायबाट खटाइएको विद्यालयमा गई अध्यापन गरिरहेको देखिँदा निवेदकले जानीजानी गलत मनसायका साथ बढी अवधि सेवा गरेको भन्ने पनि देखिँदैन । यसरी एउटा सरकारी निकायले ढिलो गरी अवकाशको जानकारी दिएको र निज निवेदकलाई विपक्षी कार्यालयले नै सरूवासमेत गरी काममा लगाएको अवस्थामा सो समयमा काम गरेको अवधिको तलब सुविधा निज निवेदकले नियमानुसार पाउने नै देखिने।

औपचारिक रूपमा अवकाशको जानकारी नभएका यी रिट निवेदक बदनियतसाथ वा छल गरी आफ्नो सेवामा कार्यरत रहेको नदेखिएको अवस्थामा निवेदकले काम गरेको अवधिको तलब भत्ता सुविधा पाउनु पर्ने नै देखिन आयो। यस्तो स्थितिमा निवेदकले कामकाज गरेबापत कानूनबमोजिम बुझेको तलब भत्ता तथा सञ्चय कोषको रकमसमेत निजको औषधी उपचार र बिरामी बिदाको रकमबाट कट्टा गर्ने भनी भएको निर्णय कानूनबमोजिम देखिन नआउने।

तसर्थ विवेचित आधार र कारणहरूबाट रिट निवेदक अवकाश भएको जानकारी प्राप्त नभएको अवस्थामा आफू कार्यरत पदमा अविच्छिन्न रही कामकाज गरेको देखिएको र उल्लिखित कार्यमा निवेदकको बदनियतसमेत नदेखिएको अवस्थामा निजले आफूले कामकाज गरेको अवधिको तलब भत्ता तथा अन्य सुविधा प्राप्त गर्न सक्ने नै हुँदा निवेदकले खाइपाइसकेको रकम औषधी उपचार र बिमारी बिदाको रकमबाट रू.३,८८,१६६।- कट्टा गर्नु भनी विद्यालय शिक्षक किताबखानाबाट मिति २०७२।२।२४ मा भएको निर्णय र यस सम्बन्धमा भए गरेका अन्य निर्णय एवम् पत्राचारहरूसमेत विधिसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । रिट निवेदक अवकाश हुने भनिएको मिति २०७०।४।७ देखि निवेदक विद्यालयमा रूजु हाजिर रही शिक्षक पदमा काम गरी आएको मिति २०७१।०८।२९ सम्मको अवधिको नियमानुसार प्राप्त गरिसकेको रकम निवेदकले प्राप्त गर्ने औषधी उपचार, बिरामी बिदाको रकमसमेतबाट कट्टा नगर्नु, नगराउनु र उक्त सेवा गरेको अवधिसम्मको नियमानुसार प्राप्त हुने तलब, भत्ता तथा सञ्चयकोष सुविधा तथा औषधि उपचार, बिरामी

बिदाको रकमसमेत निवेदकलाई भुक्तानी दिनु दिलाउनु भनी विपक्षी कार्यालयका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः कल्याण खड्का

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल साउन २९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०९४२ र ०७२-CR-११७४, कर्तव्य ज्यान, *विष्णुबहादुर राना वि. नेपाल सरकार र नेपाल सरकार वि. विष्णुबहादुर रानासमेत*

मृतकको पोस्टमार्टम रिपोर्ट हेर्दा छातीको पछाडिको भागबाट गोली लागि अगाडिबाट निस्किएको भन्ने देखिएको हुँदा आफैँले लिएको बन्दुक पड्कँदा बन्दुक बोक्नेको शरीरको पछाडिको भागमा लास जाँच प्रकृति मुचुल्कामा उल्लिखित रीतसँग गोली लाग्ने अवस्था देखिन आएन। घटनास्थलको रेखाचित्र हेर्दा मृतकको लास र निजले बोकेको बन्दुकको दुरी ५० फिटको दुरीमा रहेको छ। आफैँले बोकेको उक्त बन्दुक पड्किएको कारणले मृत्यु भएको देखिँदैन। आँफैले बोकेको बन्दुक लागेर मृत्यु भएको भए ५० फिटको दुरीमा मृतकले बोकेको बन्दुक रहने अवस्था नहुने हुँदा मृतकको लासबाट यति टाढा निजले बोकेको बन्दुक के कसरी रहन गएको हो भन्ने आधार कारण निज प्रतिवादीले खुलाउनसमेत सकेको देखिँदैन। प्रतिवादी विष्णुबहादुर रानाले प्रयोग गरेको अवैध बन्दुक सम्बन्धमा पुनरावेदन अदालतमा यसै मुद्दामा लगाउमा रहेको यिनै पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी प्र.ना.नि.हरिबहादुर बस्नेतको जाहेरीले नेपाल सरकार भएको ०७१-CS-०१८४ नं. को हातहतियार खरखजाना मुद्दामा हतियार बन्दुक चलाई सोही बन्दुकको गोली लागी किसानबहादुर थापाको मृत्यु भएको भनी निज प्रतिवादी विष्णुबहादुर रानालाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) र २०(३) बमोजिम ३ वर्ष कैद र २०,०००।- जरिवाना हुने ठहरी जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट भएको फैसला सदर हुने ठहरी मिति २०७२।२।१८ मा पुनरावेदन अदालत बुटवलबाट फैसला भएको समेतका माथि उल्लिखित प्रमाणहरूबाट प्रतिवादी विष्णुबहादुर रानाले नै बन्दुकले गोली हानी किसानबहादुर थापालाई कर्तव्य गरी मारेको तथ्य प्रमाणित हुने।

प्रतिवादीहरूमध्ये मोहन सिंह थापा, रनबहादुर थापा र खुमबहादुरलगायतका अन्य प्रतिवादीहरूले विष्णुबहादुरको कर्तव्यबाट मृतक मारिएको थाहा पाएको मिसिल संलग्न प्रमाणबाट देखिँदैन। विष्णुबहादुर रानाले आफैँले बोकेको बन्दुक पड्किएर मृतक मरेको हो भनेको र मृतकको आफ्नै बाबु प्रतिवादीमध्येको मनबहादुर थापाले समेत सोही कुरा गरेकोले सबैको सल्लाहमा लास गाडेको भनी बयान गरेको देखिन्छ। यी प्रतिवादीहरूले कर्तव्यबाट किसानबहादुरको मृत्यु भएको थाहा पाई लास गाड्नमा सहयोग गरेको भन्ने पनि प्रमाणित भएको छैन। वादी पक्षले यी प्रतिवादीहरूले कर्तव्यको वारदात घटेको जानकारी प्राप्त गरी जानी जानी लास दबाउन भूमिका खेलेका हुन् भनी शङ्कारहित तवरले पुष्टि गर्ने स्वतन्त्र, विश्वसनीय र तथ्ययुक्त प्रमाण देखाउन सकेको अवस्थासमेत देखिन नआउने।

प्रतिवादी विष्णुबहादुर रानाले नै बन्दुकले हानी मृतक किसानबहादुरलाई मारेकोमा निजले सो कुरा अन्य प्रतिवादीलाई प्रकट नगरेको, आफूले कर्तव्य गरेको कुरा प्रकट गरेमा अन्य प्रतिवादीहरूले आफूलाई प्रहरीमा उजुर गर्छन् र कसुरदार बनाउँछन् भन्ने ठानी मृतक आफैँले बोकेको बन्दुक पड्किएर मृत्यु भएको भनी कर्तव्यबाट बच्ने उद्देश्यले अन्य प्रतिवादीहरूसँग मिली लास गाडेकोसम्म देखिन्छ। यी प्रतिवादीले मृतक लास दबाउने छिपाउने नियतले गाडेको भन्दा पनि आफू कर्तव्यबाट जोगिनका लागि मृतक आफैँले बोकेको

बन्दुक पड्केको भनी लास गाडी कर्तव्यबाट जोगिने प्रयास गरेकोमा प्रतिवादी विष्णुबहादुर रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिमको कसुर गरेको ठहर गरी सजाय भइसकेको अवस्था हुँदा यी प्रतिवादीका हकमा वादी नेपाल सरकारले लिएको जिकिर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं को कसुरमा ऐ. को २२ र २५ नं. बमोजिम सजाय गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी विष्णुबहादुर रानाले लिएको बन्दुकले गोली हानी किसानबहादुर थापालाई कर्तव्य गरी मारेको तथ्य प्रमाणित भएको देखिन आएकोले निजलाई सो कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरेको र प्रतिवादीहरू वीरबहादुर राना, सन्तबहादुर राना र मनबहादुर थापाले आरोपित कसुर गरेको पुष्टि भएकोले सोही महलको २५ नं. बमोजिम रू.२०।- जरिवाना र ऐ.४ नं. बमोजिम थप ६ महिना कैद हुने ठहऱ्याएको र अन्य प्रतिवादीहरू मोहन सिं थापा खुमबहादुर दर्लामी, रणबहादुर थापा, मिलन थापा, शेरबहादुर सारू (१९ वर्ष) शेरबहादुर सारू (५० वर्ष) मिनबहादुर थापा कुँवर, बोमबहादुर पाटा, खुमबहादुर पाटा, टेकबहादुर थापा, वीरबहादुर रूचाल, लक्ष्मणबहादुर रूचाल, टेकबहादुर लुङ्गेली, भिमबहादुर जर्घा, चन्द्रबहादुर गाहा, खेमबहादुर गाहा, गणेश गाहा र दलवीर गाहाले आरोपित कसुर गरेको भन्ने स्वतन्त्र विश्वसनीय र तथ्ययुक्त प्रमाणको अभावमा मृतकको मलामी भई गएकै कारणले सजाय गर्न न्यायोचित नहुने हुँदा निजहरूले सफाइ पाउने ठहऱ्याई गरेको सुरू पाल्पा जिल्ला अदालतको इन्साफ मनासिब ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७२।२।१८ को फैसला मनासिब नै देखिँदा सदर हुने।

मृतक र मृतकका बाबुसमेतका प्रतिवादीहरू एउटै उद्देश्यबाट एकै प्रकृतिका हतियार बोकी मृतकसँगै जंगल गएको देखिन्छ, ३ जनाले बोकेको बन्दुकमध्ये कुन बन्दुक पड्केको हो भनी हतियार परीक्षणसमेत भएको पाइँदैन। मृतक र यी प्रतिवादीहरू बन्दुक लिएर समूहमा सिकार खेल्न जंगलमा गएको पाइन्छ । वारदातस्थलमा अलग अलग स्थानमा छरिएर प्रतिवादीहरू रहेका र जंगल भएको हुँदा एक अर्कोलाई देख्न नसक्ने अवस्थामा हुने र शिकार खेल्न गएको जंगलमा मृतकको आफ्नै बाबुसमेत समूह भई गएको स्थितिसमेतलाई विचार गर्दा निजलाई भएको सर्वस्वसहित जन्मकैदको सजाय चर्को भई कसुरको गाम्भीर्यको आधारमा कम सजाय गर्दासमेत न्यायको मक्सद पूरा हुने भई अ.बं.१८८ नं. बमोजिम निज विष्णुबहादुर रानालाई ८ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७४ साल पुस १८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-०७४० र ०७४-RC-००२१, खुन डाँका (ज्यान), *नेपाल सरकार वि. अशोक अग्रवाल र नेपाल सरकार वि. नरेश अग्रवालसमेत*

प्रतिवादी अशोक अग्रवालले अभियोग दाबीबमोजिम मृतक सगिर अहमदलाई कर्तव्य गरी मार्ने कार्यमा मतियारको रूपमा सहयोग गरेको र चोरीको गाडी बिक्री गरी बाँडी खाने उद्देश्य लिएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको छैन। वस्तुस्थिति मुचुल्काका अर्जुन नेपालीले अदालतमा आई बकपत्र गर्दा मृतकलाई कहिले, कहाँ कसले मारे मलाई थाहा छैन, प्रतिवादीहरू कसैलाई चिन्दिन भनी बकपत्र गरेको देखिन्छ। निजले मृतकलाई मार्ने कार्यमा के कस्तो मतलब राखी कसरी सहयोग पुऱ्याएको हो

भन्ने जाहेरी तथा अन्य प्रतिवादीहरूको बयानबाट समेत खुल्न आएको छैन । सो आरोपित कार्यमा निज प्रतिवादीको संलग्नतालाई वादी पक्षबाट शङ्कारहित तवरले स्थापित गराउन सकेको नदेखिने ।

अत: अभियोग दाबीबमोजिम मृतकलाई मार्ने कार्यमा यी प्रतिवादी अशोक अग्रवालले सहयोग पुऱ्याएको हो भन्ने कुरा शङ्कारहित तवरले पुष्टि हुन नआएको हुँदा आरोपित कसुरबाट निज प्रतिवादी अशोक अग्रवाललाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत दिपायलबाट भएको फैसला सो हदसम्म मिलेकै देखिने ।

प्रतिवादीहरू रामबहादुर र नरेश अग्रवालको प्रत्यक्ष कार्यबाट मृतकको मृत्यु भएको भन्ने स्पष्ट खुल्न र शङ्कारहित तवरले स्थापित हुन नआएको अवस्थामा निज प्रतिवादीहरू दुवैजनालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैदको सजाय गरेको हदसम्म पुनरावेदन अदालत दिपायल डोटीको फैसला मिलेको देखिएन । तर प्रतिवादी रामबहादुर महत्तरा मृतकलाई मारेकोमा इन्कार रहेको भए पनि प्रतिवादी विजेश बर्मासमेतसँग पहिलेदेखि चिनजान भएको र उक्त जिप बिक्री गर्न लैजान भन्सार रकमको व्यवस्था गर्न पहल गर्ने र विट्टु भन्ने नरेश अग्रवालले उक्त रकम उपलब्ध गराउने कार्य गर्ने भूमिका निभाएको कुरा निज रामबहादुरले अदालतमा गरेको बयानसमेतबाट देखिएकोले प्रतिवादीहरू रामबहादुर महत्तरा र नरेश अग्रवाल पूर्णत: आरोप मुक्त रहेको छन् भनी मान्न सक्ने अवस्था भने नदेखिने ।

चोरी गरी ल्याएको गाडी प्रहरीबाट चेकजाँच हुँदाकै अवस्थामा प्रतिवादी रामबहादुर महत्तरा पक्राउ परेको, निजले भारतबाट ल्याएको गाडी भन्सार बनाई सुर्खेतमा रहेका काका पर्ने डा. तानसेन एम.सि. सँग उक्त गाडी किनबेचका लागि कुरा गरेको र नरेश अग्रवालले सो गाडीका लागि भन्सार रकम उपलब्ध गराएको तथ्य निज प्रतिवादी रामबहादुर महत्तराको अदालतमा गरेको बयानसमेतबाट पुष्टि हुन आएको छ । निज प्रतिवादीहरू ज्यान मार्नलाई अरू किसिममा मतलबी भएको पुष्टि हुन आएको देखियो । अत: निज प्रतिवादीले ज्यानसम्बन्धी महलको १७ नं. मा उल्लेख भएबमोजिम आरोपित कसुरको मतलबी भई मतियारको रूपमा कसुरदार रहेको देखिएकोले निज प्रतिवादीहरू रामबहादुर महत्तरा र नरेश अग्रवाललाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद हुने देखिने ।

भारतीय नागरिकहरू विजेश बर्मा, प्रमोद गुप्ता, तिन्चु गुप्ता र विनोद बर्मा चारजनाले भारतबाट चोरी गरी गाडी ल्याएको भन्ने देखिन्छ । ती बाहेक अन्य प्रतिवादीहरू गाडी चोरीका लागि भारत गएको भन्ने देखिँदैन । उल्लिखित ४ जना भारतीय व्यक्तिहरूले भारतबाट गाडी चोरी गरी ल्याएको कार्य चोरीको ६ नं. बमोजिम डाँका चोरीको कसुर भन्ने देखिएन । उक्त गाडीका ड्राइभर सगिर अहमदलाई मारी निजबाट जबरजस्ती गाडी चोरी गरी नेपालतर्फ ल्याएको पाइएकोले उक्त कार्य चोरीको ४ नं. विपरीत जबरजस्ती चोरीको कसुर देखिन आउने ।

प्रतिवादीहरू चोरीको ४ नं. बमोजिमको जबरजस्ती चोरीको कसुरमा चोरीको २० नं. बमोजिम मतियारको रूपमा संलग्न रहेको पाइएकोले बिगो रू.२,००,०००।- (दुई लाख) देखिएको हुँदा चोरीको २० नं. र १४(२) नं. बमोजिम पहिलो पटक १ महिना १५ दिन कैद तथा बिगोको डेढी रू.३,००,०००।- (तीन लाख) जरिवाना गरी उक्त जरिवानाबापत समेत कैद सजाय हुने देखियो । जरिवानाबापत समेत कैद सजाय हुने देखिएकोमा प्रचलित मुलुकी अपराध (संहिता) ऐन, २०७४ को परिच्छेद २० मा कुनै पनि चोरीको कसुरमा जरिवानाबापत कैद हुने कानूनी

व्यवस्था रहेको नपाइएको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेजी गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा उल्लिखित प्रतिबन्धात्मक वाक्यांशमा "कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ" भन्ने कानूनी प्रावधान रहेकोले निज प्रतिवादीहरू रामबहादुर महत्तरा र नरेश अग्रवाललाई सो बिगोबमोजिमको जरिवानाबापत समेत कैद सजाय गर्न मिलेन । त्यसैले निज प्रतिवादीहरूलाई जरिवानाबापत कैद नगरी सो बिगोको डेढी रू.३,००,०००।- (तीन लाख) जरिवाना हुने देखियो। भारतबाट चोरी गरी ल्याएको गाडी बिक्री गर्न लैजाने क्रममा बाटोमा नै पक्राउ परेकोले चोरीको माल बाँडी लिन खान नपाएको हुँदा निज प्रतिवादीहरूबाट उक्त चोरीको बिगो जाहेरवालालाई भराउन नपर्नेसमेत देखिने।

प्रतिवादी तानसेन एम.सि. महत्तराको हकमा विचार गर्दा निज प्रतिवादी सुर्खेतमा रहेको र चोरी गरी ल्याएको गाडी खरिद गर्ने बन्दोबस्तीमा रहेकोसम्म देखिन्छ । निज रहेको स्थान सुर्खेतमा चोरी गरी ल्याएको गाडी अन्य प्रतिवादीहरूले बुझाउने कार्य गरेको छैन । निजले मृतकलाई मार्ने कार्यमा सरिक रहेको कुनै प्रमाणबाट पुष्टि हुँदैन । यी प्रतिवादीका साक्षीहरू दलबहादुर के.सी. र डोरबहादुरले वारदात अवधि अर्थात् २०५६ पुष १५ देखि माघ ४ सम्म निज प्रतिवादी सुर्खेतमै रहेको भनी बकपत्र गरिदिएबाट निज वारदात अवस्थामा सुर्खेतमै रहेको भन्ने देखिन्छ । साथै गाडी चोरी गरी ल्याएको भन्ने निज सुर्खेतमा रहेको व्यक्तिलाई थाहा जानकारी दिइएको र निजले थाहा पाई जानीजानी त्यस्तो गाडी खरिद गर्न खोजेको भन्नेसमेत कुनै प्रमाणबाट पुष्टि भएको पाइएन । सो गाडी सुर्खेतसम्म पुगी खरिद बिक्री भएको पनि देखिएन । यी प्रतिवादीका साक्षीहरूको बकपत्रसमेतका उल्लिखित आधार र कारणले निज प्रतिवादीले आरोपित कसुर गरेको प्रमाणबाट पुष्टि भएको नदेखिँदा शङ्का र अनुमानको भरमा कसुरदार ठहऱ्याउन मिल्दैन । अत: कर्तव्य ज्यानको कसुर गरेको पुष्टि नभएको अवस्थामा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैद तथा चोरीको ६ नं. को कसुरमा ऐ. १४(४) बमोजिम ३ लाख जरिवाना तथा ६ वर्ष कैद हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला निजको हकमा मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई निज प्रतिवादी तानसेन एम.सि. महत्तराले अभियोग दाबीबाट सफाइ पाउने देखिने।

अत: विवेचना गरिएको आधार, कारण एवम् न्यायिक सिद्धान्तसमेतका आधारमा फरार रहेका भारतीय नागरिकहरू विजेश बर्मा, प्रमोद गुप्ता, तिन्चु गुप्ता र विनोद बर्माको हकमा नेपाल सरहदमा पक्राउ परेका बखत कारबाही चलाउने गरी र फरार रहेका अन्य प्रतिवादीहरू नरेश अग्रवाल र अशोक अग्रवालका हकमा अ.बं. १९० नं. बमोजिम मुद्दा मुल्तबीमा राखी प्रतिवादीहरू तानसेन एम. सि. महत्तरा र रामबहादुर महत्तरालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद तथा चोरीको ६ नं. को कसुरमा ऐ. १४(४) बमोजिम ३ लाख जरिवाना तथा ६ वर्ष कैद हुने ठहर गरेको कैलाली जिल्ला अदालतको मिति २०७२।२।३१ को फैसला सदर गर्ने र प्रतिवादी अशोक अग्रवाललाई आरोपित कसुरबाट सफाइ दिई नरेश अग्रवाललाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सुर्वस्वसहित जन्मकैद गर्ने ठहर गरेको कैलाली जिल्ला अदालतको मिति २०६६।१२।१९ को फैसला नरेश अग्रवाललाई सर्वस्वसहित जन्मकैद गरेको हदसम्म केही उल्टी गरी निज नरेश अग्रवाललाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद

हुने ठहर गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०६९।०३।२५ मा भएको फैसला प्रतिवादीहरू तानसेन एम. सि. महत्तरा, रामबहादुर महत्तरा र नरेश अग्रवालको हकमा मात्र मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई मृत्यु भइसकेका प्रतिवादी तानसेन एम. सि. महत्तराले अभियोग दाबीबाट सफाइ पाउने, प्रतिवादीहरू रामबहादुर महत्तरा र नरेश अग्रवाललाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ३ वर्ष कैद तथा चोरीको २० नं. र १४(२) नं. बमोजिम जनही पहिलो पटक १ महिना १५ दिन कैद र बिगोको डेढी रू.३,००,०००।- (तीन लाख) जरिवानासमेत हुने। साथै चोरीको माल बाँडी लिन खान नपाएकोले निज प्रतिवादीहरूबाट जाहेरवालालाई चोरीको बिगो भराउन नपर्ने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल फागुन ०२ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०११०, मानव अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. शिवराज सोडारीसमेत*

मौकामा बुझिएका व्यक्ति तथा पीडित कमल शाहीलाई अपहरण गर्दाको अवस्थाको प्रत्यक्षदर्शी जाहेरवालाको श्रीमती बसन्ती शाही र शिवा शाहीले प्रतिवादी शिवराज सोडारीको घटनामा संलग्नता रहेको कुरा अनभिज्ञता जाहेर गरेको र प्रतिवादीहरूसँग हातहतियार थियो थिएन देखेनौं भनी मौकामा कागज गरी दिएको देखिन्छ। त्यस्तै पीडित कमल शाहीले समेत मौकामा कागज गर्दा प्रतिवादीहरूले हातहतियार देखाई अपहरण गरेको शारीरिक तथा मानसिक पीडा दिएको भन्ने कुरा व्यक्त गरेको पाइँदैन भने जाहेरीमा उल्लेख गरेबमोजिमको रकम आफ्नो मामासँग माग गरेको र रकमको सौदाबाजी गरेको भन्ने कुरासमेत खुलेको पाइँदैन, यसरी प्रस्तुत मुद्दामा जाहेरी दरखास्तको बेहोरालाई मौकामा बुझिएका व्यक्ति र पीडितको भनाइले समर्थन पुष्टि गरेको नदेखिने।

जाहेरवालालाई अदालतमा उपस्थित गराउन अदालतबाट मुलुकी ऐन, अ.बं. ११५ नं. को प्रक्रिया अवलम्बन गरी पक्राउ पुर्जी काटी जरिवाना गर्दासमेत वादी पक्षले जाहेरवाला कमल शाहीलाई अदालतमा उपस्थित गराई जाहेरी दर्खास्तलाई पुष्टि हुने गरी बकपत्र गराउन सकेको अवस्थासमेत नदेखिने।

वादी नेपाल सरकारको साक्षी तेजबहादुर देउवाले मिति २०६८।८।१८ मा पीडित कमल शाहीलाई को कसले के उद्देश्यका लागि अपहरण गरे मलाई थाहा छैन भनी अदालतमा आई बकपत्र गरेको मौकामा बुझिएका टेकराज आचार्यले सो सम्बन्धमा मलाई केही थाहा छैन। "मैले मिति २०६८।९।८ गते लेखिएको कागजको बेहोरा मैले भनी लेखाएको होइन भनी अदालतमा बकपत्र गरेको" र मौकामा बुझिएकीमध्ये इन्द्रादेवी बोगटीले "म कुनै कसैलाई चिन्दिन, मेरो घरमा प्रहरी आएपछि मात्र थाहा पाएकी हुँ" भनी अदालतमा आई बकपत्र गरेको देखिन्छ। त्यस्तै प्रतिवादी शिवराज सोडारीले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुर गरेको कुरामा पूर्ण इन्कारी रहेको र निजको इन्कारीलाई निजका साक्षी प्रकाश मिश्रको बकपत्रबाट पुष्टि भएको देखिन्छ भने प्रतिवादी जशबहादुर शाहीले वारदातको उद्देश्यबारे अधिकारप्राप्त अधिकारीसमक्ष अनभिज्ञता प्रकट गरी बयान गरेको र अदालतमा आई कसुर गरेको कुरामा पूर्ण इन्कारी रहेको, निजको इन्कारी बयानलाई समर्थन हुने गरी निजका साक्षी दिप वटलाले बकपत्र गरेको साथै प्रतिवादी टेकराज चन्द (सोडारी) ले समेत अदालतमा आई कसुरमा इन्कार रहेको र निजको इन्कारीलाई पुष्टि हुने गरी निजका साक्षी सुल्तान चौधरीले बकपत्र

गरी दिएको पाइन्छ । यसरी फौजदारी मुद्दामा वादी दाबी शङ्कारहित तथा निर्विवाद तवरमा प्रमाणित हुनु पर्दछ। वादी दाबी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षमा रहन्छ । प्रस्तुत मुद्दामा वादी पक्षबाट दाबी तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि गर्न सकेकोसमेत नदेखिने।

प्रतिवादीहरू कसुर गरेकोमा इन्कार रही बयान गरेको अवस्था निजका साक्षीहरूले इन्कारीलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको, जाहेरवाला अदालतमा उपस्थित नभएको अवस्था र मिसिल संलग्न अन्य कागज प्रमाणसमेतको विवेचनाको आधारमा यिनै प्रतिवादीहरूले पीडित कमल शाहीलाई निजको मामा जाहेरवाला कमल शाहीबाट ६ करोड फिरौती रकम माग्ने उद्देश्यबाट वा अन्य उद्देश्यबाट अपहरण गरेको भन्ने तथ्यबाट पुष्टि भएको देखिँदैन। केवल शङ्काको आधारमा दिएको जाहेरीबाट मात्र अदालत स्वयम्ले अनुमानको भरमा कसुरदार हुन् भनी ठहऱ्याउन मिल्दैन । त्यसकारण प्रमाणको अभावमा अदालतमा उपस्थित प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको फैसलालाई अन्यथा भन्न मान्न नमिल्ने।

अदालती प्रक्रियामा सहभागी प्रतिवादीहरूउपरको अभियोग दाबी मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि हुन नसक्ने आधारमा सुरू फैसला उल्टी भई निजहरूले कसुरबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालतबाट फैसला भइसकेको अवस्था विद्यमान रहेको यस मुद्दामा सुरू जिल्ला अदालत कैलालीको मिति २०७०।१।९ को फैसलाले निज प्रतिवादीहरूलाई कसुरदार ठहर गरी सजाय गरेको देखिन्छ । सो सुरू फैसलाबाट निजहरू कारागारमा कैद भुक्तान गरिरहेको परिप्रेक्ष्यमा निर्दोष ठहरिएका प्रतिवादीहरूको हकमा तत्काल फैसला नगरी अनन्तकालसम्म निजहरूलाई कैदमा राख्दा निजहरूको वैयक्तिक स्वतन्त्रताको अपहरण भई मानव अधिकारको हनन हुनुको साथै "बरू नौ अपराधी छुटुन् एक निरपराधी नथुनियोस्" भन्ने मान्य न्यायिक शुक्तीसमेत विपरीत हुन जान्छ। यसको अलावा न्याय प्रशासन ऐन, २०७३ को दफा १४ ले पुनरावेदन सुन्ने अदालतको अधिकारअन्तर्गत ऐ. दफा १४(१) (घ) मा.... मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने...बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालतमा पठाउने भन्नेसमेत कानूनी व्यवस्था रहेको देखिन्छ । तसर्थ निर्दोष प्रतिवादीहरूको हकमा फैसला गरी कानूनले मुल्तबी राख्नु नपर्ने अन्य प्रतिवादीहरूको हकमा राखेको मुल्तबी बदर गरी निजहरूको हकमा इन्साफ गर्न मिसिल सुरूमा पठाएको पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत: पुनरावेदन गर्ने प्रतिवादीहरू शिवराज सोडारी र जशबहादुर शाहीलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुरमा ऐ.३ नं. बमोजिम २५,०००।– (पच्चिस हजार रूपैयाँ) जरिवाना र ४ (चार) वर्ष कैद र सोही महलको ७ नं. बमोजिम जनही थप २ वर्ष कैद हुने ठहरी गरेको सुरू कैलाली जिल्ला अदालतको मिति २०७१।१।९ को फैसला मिलेको नदेखिँदा उल्टी गरी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने र पुनरावेदन नगर्ने प्रतिवादी टेकराज चन्द सोडारीको हकमा समेत मुलुकी ऐन, अ.बं. २०५ नं. बमोजिम सुरूको फैसला उल्टी भई निजले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरू भद्रबहादुर शाही र उदे भन्ने उमेश शाहीको हकमा अ.बं. १९० नं. बमोजिम मुल्तबी राखेको हकमा नमिलेको हुँदा बदर गरी निजहरूको हकमा कानूनबमोजिम निर्णय गर्नु भनी सुरू कैलाली जिल्ला अदालतमा पठाइदिनेसमेत ठहऱ्याएको

पुनरावेदन अदालत दिपायलको मिति २०७१।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल असार २७ गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०६९३, उत्प्रेषण / परमादेश, *प्रमोदकुमार चौधरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

प्रस्तुत विवाद कम्पनीको आन्तरिक विवाद मात्र नभई कम्पनी ऐन, २०६३ को दफा १७७(७), बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ७०(१)(ख) र मर्जरसम्बन्धी विनियमावलीको व्यवस्थाहरूसँग सम्बन्धित विवाद देखियो । नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकसमेतबाट भएको निर्णयबाट दुई छुट्टाछुट्टै संस्थालाई गाभ्नेसम्बन्धी विवाद हुँदा रिट क्षेत्राधिकारबाट हेर्न नमिल्ने भन्ने जिकिर मनासिब देखिएन । वैकल्पिक कानूनी उपचार प्राप्त हुन प्रस्ट र किटानी व्यवस्था नदेखिएको र कम्पनी ऐन, २०६३ को दफा १३९ मा उल्लेख गरिएभन्दा फरक प्रकृतिको विवाद देखिँदा रिट क्षेत्राधिकारअन्तर्गत विवादको निरूपण गर्न मनासिब नै हुने अवस्था देखिने।

उल्लिखित दुई बैंक गाभिनुभन्दा अगाडि दुवै बैंक आ-आफ्नै स्वतन्त्र अस्तित्वमा रहेको पाइन्छ । "गाभ्ने गाभिने" कार्यले गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कुरालाई जनाउँदछ । गाभिनुपूर्व दुवै बैंक तथा संस्थाको सेयर स्वाप अनुपात (Share Swap Ratio) र आधार नेट वर्थ (Base Net Worth) यकिन गर्दा संस्थाको वित्तीय अवस्थासमेतका विभिन्न आधारमा गरिनुपर्ने मान्यता वा प्रचलनसमेत रहेको छ । Due Diligence Audit अनुसार एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि. को प्रति कित्ता सेयरको मूल्य रू. ४४८४।३० कायम भएको र सो मूल्यको आधारमा एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को १ कित्ता सेयर बराबर राष्ट्रिय वाणिज्य बैंकको ६.३१०८ कित्ता सेयर अर्थात् १:६.३१०८ सेयर स्वाप अनुपात कायम हुने भनी उल्लेख गरिएको देखिन आउँछ । एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि. मा सर्वसाधारणको ०.७४ प्रतिशत (३०९१० कित्ता) सेयर रहेको देखिन्छ । यसबाट सर्वसाधारण सेयरधनीहरू अल्पसंख्यक रहेको तथ्य प्रस्ट छ । कुनै कम्पनीको कानूनी हैसियत परिवर्तन गर्दा वा कम्पनीको कुनै नीतिगत निर्णय गर्दा अल्पसंख्यक सेयरधनी (Minority Shareholders) को वैध स्वार्थ वा हित प्रतिकूल हुने गरी स्वेच्छाचारी तवरबाट निर्णय गर्न हुँदैन। अल्पसंख्यक सेयरधनीको हित संरक्षणतर्फ पनि समुचित दृष्टि दिनु आवश्यक हुने।

प्रस्तुत विवादतर्फ दृष्टिगत गर्दा दुई बैंक मर्जर हुने निर्णय हुनुपूर्वको मूल्याङ्कनबाट दुई बैंकको सेयर स्वाप अनुपात समान रहेको भन्ने देखिँदैन। एन.आइ. डि.सी. डेभलपमेन्ट बैंक लि.को १ कित्ता सेयर बराबर रू. ४,४८४।३० रकम दिने भन्ने कुरालाई पनि विपक्षीतर्फबाट स्वीकार गरिएकै छ । निवेदकतर्फबाट एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को १ सेयर बराबर राष्ट्रिय वाणिज्य बैंकको मर्जर अगाडिको मूल्याङ्कनबाट १:६.३१०८ सेयर स्वाप अनुपात रहेको भन्ने दाबी लिइएको र सो कुरालाई विपक्षीबाट अन्यथा भनी खण्डन भएको पनि देखिएन । यसरी एकातर्फ १:६.३१०८ को सेयर स्वाप अनुपातलाई स्वीकार गर्ने अर्कोतर्फ सेयर दिँदा १:१ को अनुपातमा दिने भन्ने विषय नै विरोधाभाषपूर्ण देखिन्छ; न्यायोचित

नदेखिने ।

अतः विवेचित आधार कारणबाट एन.आइ. डि.सी. डेभलपमेन्ट बैंक लि. र राष्ट्रिय वाणिज्य बैंक आपसमा गाभिएको (मर्जर भएको) देखियो । सो गाभ्ने गाभिने सम्बन्धमा कुनै प्रक्रियागत कानूनी त्रुटि कायम रहेको भई निर्णय बदर गर्नुपर्नेसम्मको अवस्था विद्यमान रहेको देखिन आएन । तसर्थ मर्जर सम्बन्धमा भएका काम कारबाही र निर्णय बदर गर्न उत्प्रेषणको आदेश जारी गर्न परेन । सेयरधनीहरूको सेयर समायोजन सम्बन्धमा सेयर अनुपात अनुकूल समायोजन गर्नु न्यायोचित हुने भएकाले Due Dilegence Audit Report तथा एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.को मिति २०७४।१०।३ को पत्रसमेतका आधारमा सर्वसाधारणको एन.आइ.डि.सी. डेभलपमेन्ट बैंक लि.मा रहेको सेयरबापत प्रति कित्ता रू. ४,४८४।३० का दरले रकम फिर्ता दिनु दिलाउनु अथवा एन.आइ. डि.सी. डेभलपमेन्ट बैंक लि. को १ कित्ता सेयरबापत राष्ट्रिय वाणिज्य बैंकको ६.३१०८ सेयर (अर्थात् १=६.३१०८ सेयर) को अनुपातमा सर्वसाधारण सेयर धनीलाई राष्ट्रिय वाणिज्य बैंकको सेयर उपलब्ध गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल वैशाख ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-WO-०४३०, उत्प्रेषण / परमादेश, *कृपाश्वर खड्का वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत*

निवेदकले आफ्नो कार्य सम्पादन मूल्याङ्कन फाराम भरी समयमा नै बुझाइसकेपछि त्यसपछिका चरणमा गर्नुपर्ने कार्य दर्तादेखि मूल्याङ्कन, अभिलेखीकरण र सम्बन्धित निकायमा पठाउने जस्ता कार्यको दायित्व सम्बन्धित निकाय र पदाधिकारीमा नै रहने ।

निवेदकको कार्य सम्पादन मूल्याङ्कन फारामको खास ठाउँमा सम्बद्ध अधिकारीले दस्तखत नगरेको भन्ने कुराको दुष्परिणाम रिट निवेदकलाई बहन गराएको नतिजा आउने गरी अर्थ लगाउनु उचित नदेखिने ।

विवादित कार्य सम्पादन मूल्याङ्कन फाराम पुनरावलोकन समितिले मूल्याङ्कन गरी प्रमाणित गरेको देखिन्छ । सुपरीवेक्षकले सहिछाप गर्ने महलमा सही गरेको नदेखिए पनि निजले प्रदान गर्ने अङ्क प्रदान गरिएको अवस्था देखिन्छ । यसरी सुपरीवेक्षकले सही गरी प्रमाणित गर्नुपर्ने कार्य नगरेको कुराको दुष्परिणाम निवेदकलाई बहन गराउनु कुनै अर्थमा पनि विवेकपूर्ण नहुने । अत: २०६७ र २०६९ सालको कार्य सालको कार्य सम्पादन मूल्याङ्कनबापतको नम्बर गणना नगरी यी निवेदकलाई बढुवा हुनबाट वञ्चित गरिएको शिक्षक सेवा आयोगको निर्णयलाई कानूनसम्मत् मान्न मिल्ने नदेखिने ।

निवेदकलाई २०६७ र २०६९ सालको कार्य सम्पादन मूल्याङ्कनबापतको पूरा अङ्क गणना नगरेको कारणबाट नै समयमा बढुवा हुन वञ्चित भएको देखिन्छ । तथापि रिट निवेदकको २०७२।६।२९ मा बढुवा भइसकेको, विपक्षीमध्येका बढुवा सूचीमा परेका विजयालक्ष्मी श्रेष्ठ र मञ्जु तुलाधरले बढुवा नियुक्ति लिइसकेको र तीमध्ये विजयालक्ष्मीले अनिवार्य अवकाशसमेत पाइसकेको अवस्था देखियो । बढुवाको पुनरावलोकन हुँदा बढुवा सूचीबाट हटेका विपक्षी धनलाल महर्जनले समेत पछिल्लो मितिबाट बढुवा पाई माध्यमिक तह प्रथम श्रेणीको शिक्षक पदबाट अवकाशप्राप्त गरिसकेको देखिन आएको छ । यस अवस्थामा शिक्षक सेवा आयोगले गरेको बढुवासम्बन्धी निर्णयलाई बदर गर्नु युक्तिसङ्गत र औचित्यपूर्ण

देखिएन । तसर्थ शिक्षक सेवा आयोगको विवादित बढुवासम्बन्धी निर्णय बदर गर्नु नपर्ने ।

समयमा विवरण भरी कार्यालयमा दर्ता गराएको कार्य सम्पादन मूल्याङ्कन फाराम कसैको लापरवाही तथा हेलचेक्र्याइँको कारणले मूल्याङ्कन नहुनु र सोही कारण कर्मचारीको बढुवा नहुनुलाई नियतिको हिसाबले मात्र हेर्न वाञ्छनीय हुँदैन । निवेदकले कार्य सम्पादन मूल्याङ्कन फाराम भरी समयमा पेस गर्ने कर्तव्य पूरा गरेको देखिएको अवस्थामा निवेदकको कुनै गल्ती वा दोष बेगर अरूले गरेको त्रुटिको दुष्परिणाम निवेदकले भोग्नुपर्छ भन्नु न्यायको रोहमा उचित नठहर्ने ।

निवेदकले पेस गरेको कार्य सम्पादन मूल्याङ्कन फाराममा सम्बन्धित पदाधिकारीले सिफारिस वा प्रमाणित नगरेकै कारण निवेदकको बढुवा हुन नसकेको अवस्थामा निवेदक पछिल्लो विज्ञापनका सन्दर्भमा बढुवा भए पनि निजले पूर्ण उपचार प्राप्त गरेको सम्झन हुँदैन । त्यसैले अघिल्लो मितिबाटै जेष्ठता गणना गरिनु न्यायोचित देखिने ।

अतः माथि विवेचित आधार र कारणबाट रिट निवेदकको कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्न अनुचित तवरबाट अस्वीकार गरेको परिणामस्वरूप निज बढुवा हुनबाट वञ्चित भएको देखिएको र प्रस्तुत विवाद अदालतमा विचाराधीन रहिरहेको अवस्थामा निवेदक पछिल्लो विज्ञापनमा बढुवा भए पनि जुन मितिमा बढुवा हुनुपर्ने हो सो मितिमा बढुवा हुन नपाएकोले निजलाई अघिल्लो मितिबाटै जेष्ठता कायम हुनबाट वञ्चित गर्नु न्यायोचित नहुने भएकोसमेतका कारणबाट विपक्षीमध्येका विजयालक्ष्मी श्रेष्ठ र मञ्जु तुलाधरको बढुवाको जेष्ठता कायम भएको मितिबाटै निवेदक कृपाश्वर खड्काको समेत माध्यमिक तह प्रथम श्रेणीको शिक्षक पदमा बढुवा भएको मिति (जेष्ठता) कायम गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

माथि उल्लेख गरिएअनुसार निवेदकको बढुवा भइसकेको र जेष्ठता प्रयोजनका लागि विपक्षीमध्येका विजयालक्ष्मी श्रेष्ठको बढुवा भएको मितिलाई नै निजको बढुवा मिति कायम गरिदिने गरी परमादेशको आदेश जारी भएबाट निवेदकले कानूनी उपचार प्राप्त गरिसकेको देखिँदा विपक्षी विजयालक्ष्मी श्रेष्ठसमेतलाई बढुवा गर्ने गरी भएको निर्णय एवम् सोसम्बन्धी काम कारबाही बदर गर्न उत्प्रेषणको आदेश जारी गरिरहनु परेन । उत्प्रेषणको आदेश जारी गर्न नपर्ने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल असार २७ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०७१-WO-०६३६, उत्प्रेषण / परमादेश, *हरिभक्त श्रेष्ठ वि. शिक्षक सेवा आयोग, सानोठिमी भक्तपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-CR-१७४५, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. प्रेमबहादुर तामाङसमेत*

मिसिल संलग्न प्रमाणबाट प्रतिवादी राजुराम चौधरीले वैदेशिक रोजगारमा पठाउन भनी चारजना जाहेरवालाको प्रतिव्यक्ति रू.२ लाखका दरले रू.८ लाख लिएको र सो कार्य गर्न नसकेकोले रकम फिर्ता गर्ने छु भन्ने उल्लेख गरेको देखिन्छ । सोही आधारमा बिगो र हर्जाना भराउने ठहर भएको अवस्था छ । जाहेरवालाको मौखिक भनाइबाहेक निजहरूले भनेबमोजिमकै रकम प्रतिवादीलाई बुझाएको हो भन्ने पुष्टि हुने अन्य प्रमाण मिसिल सामेल देखिँदैन । रकम बुझेको देखिने कागज प्रमाणकै आधारमा बिगो कायम गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट फैसला भएकोमा जाहेरीमा उल्लिखित रकम बराबरकै बिगो कायम गर्नुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन

जिकिर मनासिब नदेखिने ।

प्रतिवादी प्रेमबहादुर तामाङले जाहेरवालालाई कागज गरिदिएको वा अर्का प्रतिवादी राजुराम चौधरीले गरिदिएको कागजमा निजको कुनै संलग्नता रहेको देखिँदैन । जाहेरवालाहरूले पैसा बुझाएको भने पनि प्रतिवादी प्रेमबहादुर तामाङ अधिकारप्राप्त अधिकारी र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । फौजदारी अभियोगमा जाहेरवालाको मौखिक भनाइ र जाहेरीकै आधारमा मात्र कसुरदार ठहर गर्न न्यायोचित हुँदैन । यस अवस्थामा प्रतिवादी प्रेमबहादुर तामाङलाई अभियोग दाबीबमोजिम सजाय हुनपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिर र नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार कारणबाट प्रतिवादीमध्येका राजुराम चौधरीले अभियोग दाबीबमोजिम कसुर गरेको देखिई निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४२ बमोजिम वर्ष १।६।० (एक वर्ष छ महिना) कैद र रू. १,५०,०००।– (एक लाख पचास हजार) जरिवाना हुने र जाहेरवालाको बिगो जनही रू. २ लाखका दरले हुने रू. ८ लाख र सोको हर्जाना रकम रू. ४,००,०००।– (चार लाख) गरी जम्मा रू.१२,००,०००।– (बाह्र लाख) जाहेरवालाहरूले प्रतिवादी राजुराम चौधरीबाट भराई पाउने तथा प्रतिवादी प्रेमबहादुर तामाङका हकमा निजउपर लगाइएको आरोपित कसुर पुष्टि हुने प्रमाणको अभावमा अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको मिति २०७४।१।१२ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RC-०१११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सवितादेवी साह*

प्रतिवादी सवितादेवी साह खोलाको बिचमा उभिई पानीमा टाउको डुबाउने निकाल्ने गरेको देखी निजलाई तिमी किन यसो गरेको भनी खोलाबाट निकालेको हुँ निजले छोरीहरू डुबाई मारिसकेको छु, खोलाको पानीमा छन् भनेकीले खोज्दा पानीमा लास फेला पारी मैले नै निकालेको हुँ भनी सविर पालले मौकामा कागज गरेको र घटनास्थल मुचुल्का, प्रतिवादीको बयान र संकलित सबुद प्रमाणसमेतबाट सो कुरा पुष्टि भएको सन्दर्भमा प्रतिवादी सवितादेवी साहकै कर्तव्यबाट नाबालिका छोरीहरूको मृत्यु भएको देखिन्छ । प्रतिवादी सवितादेवीबाहेक अन्य कसैको वारदातमा संलग्नता रहेको भन्ने देखिँदैन । नाबालिका स्वयम् डुबेर मरेको अवस्था र कारणसमेत नदेखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सजाय गरिपाउँ भन्ने अभियोग दाबीबमोजिम सजाय गरेको सुरू फैसलालाई सदर गरेको उच्च अदालतको फैसला मनासिब देखियो । मुलुकी फौजदारी संहिता, २०७४ मा सर्वस्वको सजायसम्बन्धी व्यवस्था नरहेको र सो संहिताको दफा ४० को उपदफा (२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन, प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने व्यवस्था रहेको र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा "कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारणका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको सन्दर्भमा अब सर्वस्व गर्न नपर्ने हुँदा प्रतिवादीलाई जन्मकैदसम्म हुने ठहर गरेको फैसला

कानूनअनुकूल नै देखिने ।

प्रतिवादीलाई जन्मकैद हुने ठहरे पनि सुरू अदालत तथा उच्च अदालतबाट मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई ५ (पाँच) वर्ष मात्र कैद हुने गरी राय व्यक्त गरेको सम्बन्धमा विचार गर्दा प्रतिवादी सवितादेवी साहले घर परिवारको गाली गलौज र मानसिक पीडाको कारण विक्षिप्त भई आफ्ना वर्ष ३ र वर्ष ४ का दुई छोरीहरूलाई पानीमा डुबाई मारी आफू पनि मर्न भनी खोलामा डुबेको अवस्थामा अर्को व्यक्तिले देखी मर्नबाट बचाएको वारदातको प्रकृति देखिन्छ । आफैँले जन्म दिएका छोरीहरूलाई मार्नु पर्नेसम्मको कुनै आपराधिक रिसइवी देखिँदैन । आफू मरेपछि छोरीहरूको भविष्यको चिन्ताको कारण नै छोरीहरूलाई मारी आफू पनि मर्न लागेको देखिन्छ । आफ्नो कुनै व्यक्तिगत स्वार्थ र इरादा पूरा गर्न छोरीहरूको हत्या गरेको हो कि भन्नलाई पनि त्यस्तो कुनै संकेत मिसिलबाट देखिँदैन । नाजुक र प्रतिकूल पारिवारिक अवस्था एवम् परिस्थितिको सिकार भोगेकी अर्थात् Battered Women Syndrom को परिणाम स्वरूप कसुर हुन पुगेको देखिँदा निजलाई जन्मकैदको पूरा सजाय गर्दा चर्को पर्ने देखियो । तसर्थ सुरू र उच्च अदालतबाट मुलुकी ऐन, अ.बं.१८८ बमोजिम ५ (पाँच) वर्ष मात्र कैद गर्ने गरी व्यक्त गरेको रायसमेत मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल फागुन १७ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७२-CR-१५८१, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सर्वेश नाउसमेत*

अभियोग पत्रमा दाबी लिएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको उद्योग प्रतिवादीहरूले गरेको भन्ने अभियोग दाबीका सन्दर्भमा विचार गर्दा मानव बेचबिखनको उद्योगको कार्य गर्नको लागि सर्वप्रथम यी प्रतिवादीहरूको सो कार्य गर्ने मनसायलाई पुष्टि गर्ने कुनै कागजात अभियोजन पक्षले पेस गर्न सकेको पाइँदैन भने मिसिलका कागजातबाट यी प्रतिवादीहरूले बिक्री गर्ने मनसायका साथ जाहेरवालीलगायतलाई ललाई फकाई गरेको वा झुक्याउने कार्य गरेकोसमेत देखिँदैन । त्यस्तै यी प्रतिवादीहरूले जाहेरवालीसमेतलाई बेच्न के कस्तो तयारी गरे कसलाई कहाँ के कति मूल्यमा बेच्ने योजना गरे, जाहेरवालीलाई के कस्तो परिबन्ध एवम् अप्ठारोमा पारी के कस्तो क्रियाकलापहरू गर्न बाध्य तुल्याए वा जाहेरवालीसमेतले के कस्तो शोषण र हिंसा सहनुपर्‍यो र प्रतिवादीहरूले मानव बेचबिखनका लागि पर्याप्त हुने के कार्य गरे वा गरिरहेकोमा के वा कसरी सोको निरन्तरता हुन नपाई यी जाहेरवाली प्रतिवादीहरूको हात कब्जा वा बन्धनबाट उम्किई बेचबिखन हुनबाट बच्न गएकी हुन् सोसमेत कहीँकतैबाट खुल्न नसकेको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्नु कानूनसङ्गत एवम् युक्तिपूर्ण हुनेसमेत नदेखिने हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलले गरेको फैसला मनासिब नै देखिँदा अन्यथा मान्न नमिल्ने ।

प्रतिवादीहरूको मौकाको बयान तथा अदालतको बयान तथा हम्बल होटलका सञ्चालक, शान्ति पुनस्थापना गृह कृष्णनगरका संयोजकको कागज, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रतिनिधिको वारदातको मितिपश्चात्‌को स्थलगत प्रतिवेदन एवम् मौकाको कागज, बुटवलको भुँडीपूराण होटलका सञ्चालकले यी प्रतिवादीहरू तथा जाहेरवाली वारदात पहिला पनि कोठा लिई बस्ने गरेको भनी उल्लेख गरेको

घटना विवरण कागज, प्रतिवादीले पेस गरेका प्रेमपत्र तथा हस्ताक्षर परीक्षण प्रतिवेदन, जाहेरवाली तथा प्रतिवादी सर्वेश नाउँका विचका वारदातपश्चात्का कुरा फोन रेकर्डसमेतका समग्र घट्नाका परिस्थिति जन्य प्रमाणहरू आपसमा मालाकार रूपमा मिल्न भिड्न गई प्रतिवादीहरूले जाहेरवालीलाई ललाई फकाई बिक्री वितरणको उद्देश्यले कृष्णनगर पुऱ्याएको देखिँदैन भने जाहेरवाली एवम् नाम परिवर्तित आर पी यादवसमेतको संयुक्त जाहेरी दरखास्त, जाहेरवालीको मौकाको प्रमाणित बयान र बकपत्रमा उल्लिखित विवरणसमेत आफैँमा पूर्ण नदेखिँदा तथा प्रेम सम्बन्धमा जातीय तथा पारिवारिक अहमताका कारण विवाहमा अवरोध गर्न यस्तो परिस्थिति देखिएको विभिन्न प्रतिवेदन तथा बयान प्रमाणबाट पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र यस अदालतको दोहोऱ्याई हेर्ने निस्सा आदेशसँग समेत सहमत हुन नसकिने।

अतः पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल जेठ १ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७०-CI-०५७६, रोक्का बदर, *मचाभाई डंगोलसमेत वि. मालपोत कार्यालय, ललितपुरसमेत*

पुनरावेदकहरूको पारिवारिक स्थितिलाई हेर्दा विपक्षी वादी रत्नकाजी डंगोल मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. बमोजिमको घरको मुख्य भई कामकाज गर्ने व्यक्तिसमेत रहे भएको देखिँदैन । बन्डा हुनुपूर्व नेपाल बैंक लिमिटेड, बालाजु शाखाबाट लिएको ऋण २०६२ सालमा चुक्ता भएको भन्ने तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६८।४।९ मा भएको फैसलामा उल्लेख भएको देखिन्छ। सगोलको मानिएको ऋण चुक्ता भइसकेपछि पुनः मिति २०५५।०९।२६, मिति २०५५।१०।०६ र मिति २०५५।१०।०७ मा नेपाल बैंक लिमिटेड, काठमाडौंबाट हिमगिरी ट्रेडिङ प्रा.लि.का नाउँमा सो प्रा.लि. का सञ्चालक विपक्षी रत्नकाजी डंगोलले ऋण लिएको देखिन्छ । नेपाल बैंक लिमिटेडबाट लिएको कर्जाबापतमा नेपाल बैंक लिमिटेडले मिति २०५९।०२।३० मा उक्त कि.नं. ३९ को जग्गा रोक्का राख्नका लागि मालपोत कार्यालय, ललितपुरमा पत्र पठाएको र मिति २०५९।२।३० मा नै मालपोत कार्यालय, ललितपुरबाट उक्त कि.नं. ३९ को जग्गा रोक्का राखेको देखिएको छ। तर यो रोक्का राखिएको समयमा विवादित कि.नं. ३९ को क्षेत्रफल रोपनी १-४-२-० जग्गा विपक्षी रत्नकाजी डंगोलको नाउँमा दर्ता नभई निजको बाबु भाई डंगोल भन्ने मचाभाई डंगोलको नाउँमा दर्ता रहेको देखिने।

रत्नकाजी डंगोलले ऋण लिँदा जग्गाको दर्तावाला र अन्य अंशियारहरूको सहमती मन्जुरी लिएको देखिँदैन । रत्नकाजी डंगोललाई कर्जा प्रवाह गर्दा यो यस मितिमा धितो लिइएको हो भनी बैंकले भन्नसकेको अवस्थासमेत देखिँदैन। रत्नकाजी डंगोलले उल्लिखित विभिन्न मितिमा हिमगिरी ट्रेडिङ प्रा.लि.को लागि लिएको ऋण कर्जामा निज रत्नकाजीबाहेक अन्य अंशियारको संलग्नता रहेकोसमेत देखिँदैन । यसरी रत्नकाजी डंगोललाई कर्जा प्रवाह गरी निजको बाबु भाई डंगोल भन्ने मचाभाई डंगोलको नाउँमा दर्ता रहेको जग्गा निज जग्गा दर्तावाला र निजका अन्य

अंशियारहरूको मन्जुरी स्वीकृतिसमेत केही नलिई बैंकबाट जग्गा रोक्का गर्ने कार्य कानूनबमोजिम भए गरेको भनी मान्न सकिने अवस्थासमेत देखिएन । त्यसमा पनि मिति २०५५।९।२६, मिति २०५५।१०।६ र मिति २०५५।१०।७ मा रत्नकाजीले हिमगिरी ट्रेडिङ प्रा.लि. का नाउँमा कर्जा लिनुभन्दा अगाडि नै अर्थात् मिति २०५४।९।२२ मा नै अंशियारहरूका बिचमा रीतपूर्वकको अंशबन्डा भइसकेको र सो बन्डा लिखतउपर कसैको उजुर दाबीसमेत रहेको नदेखिएबाट रत्नकाजी डंगोलले लिएको ऋणमा अन्य अंशियारको सरोकार रहेको नदेखिने ।

अदालतको मिति २०६९।३।३ को आदेशबमोजिम ऋण असुली न्यायाधिकरणबाट प्राप्त भएको मिसिललाई अध्ययन गर्दा, हिमगिरी ट्रेडिङ प्रा.लि., ऐ. प्रा.लि.का सञ्चालक रत्नकाजी डंगोल, जमानीवाला ज्ञालेन्द्र श्रेष्ठ, जमानीवाला नारायणबहादुर कार्की, जमानीवाला शंकर श्रेष्ठ, जमानीवाला नरेन्द्रमान सिंह र धितो तथा मञ्जुरवाला श्यामप्रसाद बजगाईलाई प्रतिवादी बनाई कर्जा असुलउपर गरिपाउँ भनी नेपाल बैंक लि. प्रधान कार्यालय एवम् ऐ. बैंकको काठमाडौं बैंकिङ अफिससमेतको तर्फबाट ऋण असुली न्यायाधिकरणमा मिति २०६३।३।३० मा उजुरी निवेदन दिएको देखिन्छ । सो उजुरी निवेदन अध्ययन गर्दा उजुरकर्ता बैंकले उल्लिखित कि.नं. ३९ को जग्गाबाट कर्जा असुलउपर हुनुपर्ने भनी मागदाबी लिएको नदेखिने ।

सो मुद्दामा ऋण असुली न्यायाधिकरणबाट मिति २०६९।०८।२६ मा फैसला हुँदा वादी नेपाल बैंक लिमिटेडले प्रतिवादी हिमगिरी ट्रेडिङ प्रा.लि.बाट २०६२ साल चैत्र मसान्तसम्म असुल गर्न बाँकी देखिएको एकमुष्ठ साँवा ब्याज रू.२,३५,४२,५९२।३१ र मिति २०६३।०१।०१ देखि निर्णय मिति अर्थात् २०६९।०८।२६ सम्म जम्मा दिन २४३४ को वार्षिक १४.५ प्रतिशतका दरले हुन आउने ब्याज रू.२,२७,६४,०७४।२५ समेत गरी कुल रू.४,६३,०६,६६६।५६ वादी नेपाल बैंक लि. लाई प्रथमतः हिमगिरी ट्रेडिङ प्रा.लि.को चल अचल जायजेथाबाट भराइदिनु पर्ने, सोबाट वादी बैंकको लेना बाँकी रकम असुल हुन नसकेमा असुल हुन नपुग जति रकम प्रतिवादीहरू नरेन्द्रमान सिंह, ज्ञालेन्द्र श्रेष्ठ र नारायणबहादुर कार्कीको चल अचल जायजेथाबाट निजहरूले गरिदिएको व्यक्तिगत धनजमानीको लिखतको अधीनमा रही प्रचलित कानूनबमोजिम भराइदिनु पर्ने र सोबाट समेत वादीको लेना बाँकी रकम असुल हुन नसके त्यसरी असुल हुन नसकेको जति रकम प्रतिवादीहरू नरेन्द्रमान सिंह, ज्ञालेन्द्र श्रेष्ठ र नारायणबहादुर कार्की र शंकर श्रेष्ठको चल अचल जायजेथाबाट निज प्रतिवादीहरू र वादी बैंकबिच मिति ५।१।२००६ मा भएको Loan Regularization Agreement को सर्तअनुसार प्रचलित कानूनबमोजिम भराइदिनु पर्ने ठहर्छ भन्नेसमेत उल्लेख भएको पाइन्छ । उक्त फैसलामा रत्नकाजी डंगोलबाहेकका अन्य अंशियारहरूको दायित्व रहने वा कि.नं. ३९ को जग्गाबाट भराउने आदि कुनै कुरा उल्लेख भएको देखिँदैन । ऋण असुली न्यायाधिकरणबाट भएको उक्त फैसला अन्तिम भएर बसेको अवस्थासमेत देखिने ।

वादी रत्नकाजी डंगोल र पुनरावेदक प्रतिवादीहरूबिचमा मिति २०५४।९।२२ मा नै बन्डापत्र भएको देखिएको छ । रत्नकाजी डंगोल मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं. बमोजिम घरको मुख्य भई कामकाज गर्ने व्यक्तिसमेत नभएको र मिति २०५४।९।२२ मा बन्डा भएपछि विपक्षी रत्नकाजी डंगोलले आफू सञ्चालक रहेको हिमगिरी ट्रेडिङ प्रा. लि. का नाउँमा नेपाल बैंक लिमिटेडबाट क्रमशः मिति २०५५।०९।२६, मिति २०५५।१०।०६ र मिति २०५५।१०।०७ मा ऋण कर्जा लिएको

देखिएको छ । हिमगिरी ट्रेडिङ प्रा.लि. का नाउँमा कर्जा प्रवाह गर्दा नेपाल बैंकले यी पुनरावेदकहरूसँग कुनै मन्जुरी सहमति लिएकोसमेत देखिँदैन । नेपाल बैंक लिमिटेडले रोक्का गराएको कि.नं.३९ को जग्गा रत्नकाजी डंगोलको एकलौटी हकभोग भएको अवस्था छैन । मिति २०५४।९।२२ को बन्डा लिखतअनुसार विपक्षी वादी र पुनरावेदकहरू ६ अंशियार रहेको भन्ने स्पष्ट देखिन्छ । यसबाट कि.नं. ३९ को जग्गामा यी रत्नकाजी डंगोलको ६ भागको १ भाग मात्र अंशहक पुग्ने कुरामा कुनै सन्देह छैन । यसर्थ नेपाल बैंक लि. ले कि.नं. ३९ को जग्गा रोक्का राख्ने सन्दर्भमा मिति २०५९।२।३० मा मालपोत कार्यालय, ललितपुरलाई लेखेको पत्र, सो पत्रको आधारमा उक्त ससिमै जग्गा रोक्का राख्ने गरी मालपोत कार्यालयबाट भएको निर्णय र उक्त रोक्का पत्र तथा जग्गा रोक्का राख्ने निर्णयलाई सदर गर्ने पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको नदेखिने ।

अतः उपर्युक्त विवेचित आधार र कारणसमेतबाट भाई डंगोल भन्ने मचाभाई डंगोलका नाउँमा दर्ता रहेको ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. २(ञ) कि.नं. ३९ को क्षेत्रफल रोपनी १-४-२-० जग्गामा नरम गरम मिलाई रत्नकाजी डंगोलको भागमा पर्न आउने ६ खण्डको १ खण्ड जग्गासम्म रोक्का गरी सोबाहेकको बाँकी ५ खण्ड जग्गा फुकुवा गर्नुपर्नेमा सो नगर्ने गरेको पुनरावेदन अदालत पाटन, ललितपुरबाट मिति २०६९।४।९ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई कि.न. ३९ को क्षेत्रफल रोपनी १-४-२-० जग्गामध्ये नरम गरम मिलाई रत्नकाजी डंगोलको हिस्सामा पर्ने ६ खण्डको १ खण्ड जग्गा मात्र रोक्का राखी बाँकी ५ खण्ड जग्गाको रोक्का बदर भई फुकुवासमेत हुने ।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

इति संवत् २०७५ साल चैत १५ गते रोज ६ शुभम् ।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-०१३३, उत्प्रेषण / परमादेश, *नरेश डंगोल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले दाबी गरेको कि.नं. ६१ मा साबिकमा २-८-०-० क्षेत्रफल जग्गा रहेकोमा नयाँ नापी भई कायम भएको कि.नं.२५ मा ४-१५-२-१ जग्गा देखिई सो कि.नं.२५ मा सरकारी जग्गासमेत छ भन्ने कुरा निवेदकले स्वीकारै गरेको देखिन्छ । यही तथ्यलाई विचार गरी सार्वजनिक तथा सरकारी जग्गा संरक्षण सम्बन्धमा गठित उच्चस्तरीय आयोग (रावल आयोग) ले रोक्का राखेकोमा साबिक कि.नं.६१ को जग्गा भिडी हाल कि.नं. १३२ जग्गा तत्कालीन श्री ५ को सरकार र हाल नेपाल सरकारको नाममा रहने उल्लेख भएअनुसार उक्त जग्गाको फिल्डबुकमा नेपाल सरकार जनिएको देखिएको, उक्त जग्गाको प्लट रजिस्ट्रमा पनि नेपाल सरकार कायम भएको अवस्था देखिने ।

साबिक ६१ बाट नयाँ नापीमा कायम भएको कि.नं.२५ बाट कित्ताकाट भई कि.नं. १२५ को क्षे.फ.०-१२-०-० जग्गा रामहरी डंगोलका नाममा कि.नं. १२६ को क्षे.फ.०-१२-०-० जग्गा श्यामहरी डंगोलका नाममा कायम भएको र कि.नं.१२७ बाट पुनः कित्ताकाट भई कायम कि.नं.२३६ को क्षे.फ.०-१२-७-० जग्गा निवेदक नरेश डंगोलका नाममा कायम भई क्षे.फ.२-४-०-० जग्गा निवेदक र निजका दाजुभाइले दर्ता गरी विभिन्न समयमा विभिन्न व्यक्तिहरूलाई हक हस्तान्तरण गरिसकेको बेहोरा मिसिल संलग्न कागजातबाट देखिने ।

साबिक जग्गालाई नयाँ नापी भई हाल साबिक गर्दा कुनै पनि जग्गाको क्षेत्रफलमा केही तलमाथि भई नरघटी नरबढी हुन सक्ने अवस्थासमेत रहन्छ ।

निवेदकका सोभन्दा बाहेक पनि जग्गा छन् भन्ने जिकिर भएको भए सोही समयमा उजुरी गरी कारबाही अगाडि बढाउनुपर्नेमा सो गरेको अवस्था पनि नदेखिने ।

साधारणतया कानूनको मार्ग एवम् प्रक्रियाबाट उपचार प्राप्त गर्न सकिने विषयवस्तुमा सोही मार्ग एवम् प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । सामान्य कानूनी मार्गबाट उपचार प्राप्त हुने विषयलाई रिट क्षेत्रबाट हेरी न्याय निरूपण गर्न पनि मिल्दैन । साबिक नगर २३ञ कि.नं. ६१ बाट नयाँ नापीमा कायम भएको कि.नं. २५ को जग्गामध्ये केही जग्गा दर्ता भएको अवस्थामा केही जग्गा बाँकी भए साबिक स्रेस्ताको आधारमा साधारण क्षेत्राधिकारअन्तर्गत हक कायममा फिराद दिन सक्ने अधिकार निवेदकको रहेकै देखिन्छ । रिट क्षेत्रबाट जग्गा दर्ता गर्ने प्रकृतिको आदेश जारी गर्न मिल्ने पनि होइन । रिट क्षेत्रबाट स्थापित भइसकेको हक हनन भएको अवस्थामा प्रचलनसम्म हुने हो । हक नै स्थापित भइसकेको छैन भने सो हक उल्लङ्घन भयो भन्ने प्रश्न नै नउठ्ने ।

अतः उल्लिखित आधार र कारणबाट मालपोत कार्यालय चाबहिलको मिति २०५८।९।४ को निर्णयबमोजिम कि.नं.२५ बाट केही जग्गाहरू दर्ता गराइसकेको र सो दर्ता गराउँदा आफ्नो जग्गा अझै दर्ता बाँकी छ भन्न नसकेको अवस्थामा मिति २०५०।२।७ र २०५८।९।४ को निर्णयसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी बाँकी छुट जग्गा दर्ता गरिदिनु भन्ने परमादेशको आदेशसमेत जारी गरिपाउँ भनी दायर भएको प्रस्तुत रिट निवेदनबाट कुनै आदेश जारी हुनुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-०५८६, उत्प्रेषण / परमादेश, *केशवबहादुर श्रेष्ठ वि. मालपोत कार्यालय, मकवानपुर*

मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं.९ को साबिक कि.नं.१४४५ को ज.वि.२-९-४ १/२ को जग्गा मेरो हकभोगको जग्गा हो, नापीको समयमा दर्ता छुट भएकाले दर्ता गरिपाउँ भन्ने जग्गाधनी गंगादेवी सुवेदीको निवेदन मागबमोजिम तत्कालीन हेटौंडा नगरपालिका वडा नं.९ को सिफारिस, उक्त जग्गामा गई साँधसँधियार तथा वडाका प्रतिनिधिको रोहवरमा गरिएको सर्जमिन, तिरो तिरेको रसिदलगायतका प्रमाणको आधारमा मिति २०३९।३।३ मा मालपोत कार्यालय, हेटौंडाबाट गंगादेवी सुवेदीका नाममा जग्गा दर्ता गर्ने निर्णय भएको पाइन्छ । यसरी जग्गा दर्ता भइसकेपछि निजले लिलाबहादुर मगरसमेतका १० जना व्यक्तिहरूलाई बिक्री गरिसकेपछि गंगादेवी सुवेदी र अन्य १० जनासमेतले सामूहिक रूपमा विद्यालयलाई उक्त सबै जग्गा मिति २०३९।०३।३१ मा दानपत्र रजिस्ट्रेसन पारित गरिदिएको मिसिल संलग्न कागजातबाट देखिने ।

विद्यालयलाई जग्गा दानपत्र गरिदिएउपर लिलाबहादुर मगरकी श्रीमती काइली मगरनीले जिल्ला अदालत मकवानपुरमा मुद्दा दिएकीमा तह-तह गरी फैसला हुँदा उक्त जग्गा विद्यालयको कायम हुने गरी अदालतबाट फैसला भएकोसमेत देखिने ।

विद्यालयले प्राप्त गरेको साबिक कि.नं. १४४५ को जग्गा कानूनबमोजिम सबै प्रक्रिया पूरा गरी प्राप्त गरेको देखिएको छ । प्रगति उच्च मा.वि. हेटौंडा पनि सरकारी सामुदायिक विद्यालय भई त्यस क्षेत्रमा शिक्षा विस्तार गर्ने कार्य गर्दै आएको, विद्यालयले जग्गा प्राप्त गरेउपर अदालतमा मुद्दा परी तह-तह हुँदै अन्तिममा मिति २०५२।११।१६ मा पुनरावेदन अदालतबाट फैसला भई बसेको कुरा मिसिल संलग्न अदालतको फैसलाको प्रतिलिपिबाट देखिने ।

कानूनले तोकेको सबै प्रक्रिया पूरा गरी स्थानीय जनताले विद्यालयलाई जग्गा दानपत्र दिइसकेपछि आफैँ जग्गा दर्ता गर्ने, लिखत पारित गरी बिक्री वितरण गर्ने र विद्यालयलाई दानपत्र गरी हक हस्तान्तरण गरिसकेपछि नापीको फिल्डबुकमा खर भिर जनिएको र जग्गा धनीमा श्री ५ को सरकार जनिएको भन्ने उल्लेख गरी आफ्नै निर्णयविपरीत विद्यालयको नाममा जग्गा कायम गर्न नमिल्ने भनी मिति २०६९।५।८ मा मालपोत कार्यालय, हेटौंडाले गरेको निर्णय कानूनसङ्गत नदेखिने।

अतः मालपोत कार्यालय, मकवानपुर, हेटौंडाको मिति २०३९।०३।०३ को आफ्नै निर्णयविपरीत आफ्नै कार्यालयमा रहनुपर्ने मिसिल फेला नपरेको, मकवानपुर जिल्ला हेटौंडा नगरपालिका वडा नं.९ साबिक कि.नं.१४४५ को ज.वि.२-९-४$^{१}/_{२}$ को फिल्डबुकमा खर भिर र जग्गाधनी नेपाल सरकार जनिएको भनी कानूनबमोजिम दा.खा. गर्नुपर्ने जग्गा नगर्ने भनी मालपोत कार्यालय, मकवानपुर हेटौंडाबाट मिति २०६९।५।८ मा भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदक श्री प्रगति उच्च मा.वि. मकवानपुर हेटौंडाका नाममा दा.खा. दर्ता गरी स्रेस्ता कायम गरी जग्गाधनी प्रमाणपुर्जा बनाई दिनु भनी विपक्षी मालपोत कार्यालय, मकवानपुर, हेटौंडाका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-WO-०५८१, उत्प्रेषण, *लक्ष्मीकुमारी शर्मा वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

रिट निवेदिकाको जन्म सिराहा जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं.२ मा मिति २०५५।२।१५ मा भएको भन्ने तथ्य निवेदनसाथ पेस भएका गोविन्दपुर गा.वि.स. कार्यालय, सिराहाबाट प्रदान गरेको दर्ता नं. ५६६९ को जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र विद्यालयको चारित्रिक प्रमाण-पत्रसमेतका कागजातहरूबाट पुष्टि भएको अवस्था छ । हाल रिट निवेदिकासहित निजका परिवारहरू सिराहा जिल्लाबाट प्रदेश ३, काठमाडौं जिल्ला, गोकर्णेश्वर नगरपालिका वडा नं. ६ मा बसाइँ सरी आएको भन्ने स्थानीय पञ्जिकाधिकारीको कार्यालय, वडा नं. ६ गोकर्णेश्वरको मिति २०७४।४।१२ को दर्ता नं. २०३८०३२७००१५३-७ को बसाइँसराइँ दर्ताको प्रमाणपत्रबाट देखिने।

नेपालको संविधान जारी भएपश्चात् नेपाल नागरिकता ऐन, २०६३ मा परिमार्जन नभएको, संसद्बाट संशोधन विधेयक पारित भएपछि संघीय कानूनबमोजिम जन्मको आधारमा नागरिकता प्राप्त गर्ने नागरिकका सन्तानलाई नागरिकता प्रमाणपत्र प्रदान गर्न सकिने भन्नेसम्म उल्लेख गरेको देखिन्छ। संविधान देशको मूल कानून हो। संविधानको व्यवस्था प्रारम्भ भइसकेको अवस्था छ । उक्त धारा ११ को उपधारा (३) वा उपधारा (७) को प्रतिबन्धात्मक वाक्यांशमा उपधारा (६) वा (७) वा (८) मा उल्लेख भएजस्तो "संघीय कानूनबमोजिम" भन्ने वाक्यांश प्रयोग भएको छैन। तसर्थ विद्यमान नागरिकतासम्बन्धी ऐनमा आवश्यक संशोधन नभएको वा संघीय कानून नबनेको भन्ने कारण देखाई अनन्तकालसम्म संविधानले व्यवस्था गरेबमोजिम नागरिकता पाउनबाट वञ्चित गर्नु संविधानअनुकूल हुने नदेखिने।

नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हो। नागरिकता नहुँदा शिक्षा, व्यवसाय, विदेश भ्रमण आदि सम्पूर्ण कार्य रोकिन्छन् । सारभूत रूपमा नागरिक हो भन्ने

देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर नागरिकलाई समस्यामा पार्नु वा उसको संवेदनशीलतामा खेल्नु कदापि न्यायपूर्ण नहुने।

रिट निवेदिकाको आमा वंशजको आधारमा र बाबु जन्मको आधारमा नेपाली नागरिक भएको देखिएको र निजले आमाको नामबाट समेत नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने अवस्थाको विद्यमानता रहेकोसमेतलाई हेर्दा निज रिट निवेदिका लक्ष्मीकुमारी शर्मालाई कानूनको प्रक्रिया पूरा गरी वंशजको नागरिकता प्रदान गर्न मिल्ने नै देखिने।

अतः रिट निवेदिकाको आमाबुबाले नेपालको संविधान जारी हुनु अगावै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेको, निवेदिका उमेरसमेतबाट नेपाली नागरिकता प्राप्त गर्नलाई योग्य भइसकेको र हाल सिराहा जिल्लाबाट बसाइँ सराइँ गरी काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ६ मा बसोबास गरेको देखिँदा कानूनको प्रक्रिया पूरा गरी निवेदिका लक्ष्मीकुमारी शर्मालाई वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न योग्य देखिँदा कानूनको प्रक्रिया पूरा गरी निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल चैत १२ गते रोज ३ शुभम्।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CI-०८८५, सार्वजनिक जग्गा मिची घर बनाएकोले घरसमेत हटाई पाऊँ, *हेलकुमार प्रजापतिसमेत वि. भेलबहादुर ठकुरी*

न.नं.१० र १० क. कि.नं.२२५ को जग्गा रहेको देखिन्छ। नक्सा नं.२८, २९, ३०, ३१, ३२ र ३३ को जग्गा साबिकदेखि नै सर्भे नक्सामा समेत सडक देखाएको छ। उक्त नक्सा मुचुल्काबाट न.नं. ३१ पुरानो सडकको सार्वजनिक जग्गा रहेको देखिन्छ भने न.नं.१०क. कि.नं.२२५ मध्येको सार्वजनिक जग्गा रहेको देखिन्छ। पुनरावेदक प्रतिवादी हेलकुमार प्रजापतिले न.नं.३१ र न.नं.१०क मा घर निर्माण गरेको उक्त नक्साबाट देखिन्छ। उक्त नक्सा मुचुल्कालाई प्रतिवादीले स्वीकार गरी बसेको अवस्था छ। नक्सा बदरका लागि उजुरी परेको देखिँदैन। यसरी नेपाल सरकारको स्वामित्वमा रहेको देखिएको सार्वजनिक जग्गाहरू न.नं. १०क र ३१ मा खिचोला गरी पुनरावेदक प्रतिवादीले घर निर्माण गरेको देखिएको अवस्थामा नं.नं.१०क मा समेत खिचोला गरेको ठहर गरी न.नं.१०क मा रहेको घरसमेत पुनरावेदक प्रतिवादीले हटाउनु पर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको फैसला मनासिब नै देखिँदा अन्यथा गरिरहन नपर्ने।

अत: उपर्युक्त विवेचित आधार कारणसमेतबाट पुनरावेदन अदालत जनकपुरको मिति २०६८।३।१९ को फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल फागुन १७ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६९-CI-०८८४, जग्गा खिचोला मेटाई घर हटाई पाऊँ, *हेलकुमार प्रजापति वि. थर्कबहादुर राक्से* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-०८७६, मिलापत्र बदर, *मंगलादेवी साहसमेत वि. विणादेवी साह*

वादी प्रतिवादीहरू सगोलमा नै रहेको अवस्थामा वादी प्रतिवादीका पति / पिता पंचु साहले मिति २०४८।२।२२ मा कपाली तमसुल गरी प्रत्यर्थी

वादी विणादेवी साहसँगबाट रू.३,००,०००।– ऋण लिएको देखिन्छ । उक्त कपाली तमसुकउपर विणादेवी साहको फिराद परी उक्त रूपैयाँको सावाँ र ब्याजसमेत वादीले प्रतिवादीबाट भरी पाउने ठहर गरी धनुषा जिल्ला अदालतबाट मिति २०५९।३।३१ मा फैसला भएको देखिन्छ । उक्त ऋणको रूपैयाँ भरी पाउने गरी सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला अन्तिम भई बसेको र फैसला कार्यान्वयनको क्रममा निवेदनसमेत परेको मिसिल अध्ययनबाट देखिने ।

वादीले लेनदेनको बिगो भरी पाउने ठहरी फैसला भई कार्यान्वयनको निवेदनसमेत दर्ता गरी कारबाहीयुक्त रहेको अवस्थामा ०५९।३।३१ मा नै फैसला भएको अंश मुद्दामा सुरू जिल्ला अदालतको फैसलाउपर पुनरावेदन परेकोमा पुनरावेदन अदालतमा प्रतिवादीहरूको मिलेमतोमा वादीको रूपैयाँ असुलउपर हुन नसक्ने गरी ऋणीको नाउँमा कुनै सम्पत्ति नराखी ऋण तिर्ने दायित्व मात्र राखी मिलापत्र भएको भन्ने दाबी रहेको देखिने ।

मिति २०५९।१२।२४ मा यस मुद्दाका प्रतिवादीहरूबिच अंश मुद्दामा पुनरावेदन अदालत जनकपुरमा भएको मिलापत्र हेर्दा प्रतिवादीका पति / पिता पंचु साह र निजको श्रीमती प्रतिवादी मंगलादेवी साहले अंशबापत रू.२५,०००।- का दरले नगद रूपमा लिई मिलापत्र गरेको देखिन्छ । यस मुद्दाको वादी विणादेवी साहबाट प्रतिवादीहरूका पति / पिता पंचुसाहले ऋण लिएको विषयमा विवाद देखिँदैन । उक्त रूपैयाँबाट वादीको बिगो तिर्न बुझाउन सक्ने अवस्था पनि देखिँदैन । मिसिल हेर्दा प्रतिवादीहरू यस मुद्दाका वादीबाट पंचु साहले ऋण लिने समयमा सगोलमा नै रहे भएको देखिन्छ । अंशियार प्रतिवादीहरू सगोलमै रहेको अवस्थामा प्रतिवादीहरूका बाबुले लिएको ऋण तिर्ने सबै प्रतिवादीहरूको समान दायित्व हुन्छ । सबै प्रतिवादीहरूको ऋण तिर्ने समान दायित्व रहेको अवस्थामा ऋण तिर्न बुझाउन नपरोस् भन्ने हेतुले अंश मुद्दामा मिलापत्र गरी अचल सम्पत्ति छोराहरूले लिने र रू.२५,०००।- अंशबापत बुझी ऋण तिर्ने दायित्व बाबुको जिम्मामा राखेबाट वादीको लेनदेनको बिगो असुलउपर हुन नसक्ने स्थितिको सिर्जना गरेको देखियो । यस्तो अवस्थामा वादीको लेनदेनको बिगो असुलउपर नै हुन नसक्ने गरी प्रतिवादीहरूबिच अंश मुद्दामा भएको मिलापत्र बदरको माग गर्ने हकदैया वादीलाई छैन भनी अर्थ गर्न मिल्ने नदेखिने ।

तसर्थ वादी विणादेवी साहले प्रतिवादीहरूबाट लेनदेन मुद्दाको फैसलाबमोजिम भरी पाउने लेनदेनको बिगो असुलउपर हुन नसक्ने परिस्थितिको सिर्जना हुने गरी यस मुद्दाका प्रतिवादीहरूबिच अंश मुद्दामा मिति २०५९।१२।२४ मा भएको मिलापत्रले मान्यता पाउन सक्ने देखिएन । यस्तो अवस्थामा उक्त मिलापत्र बदर हुने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०९।२७ मा भएको फैसला मनासिब देखिँदा अन्यथा गर्न नपर्ने ।

अत: सुरू धनुषा जिल्ला अदालतबाट वादी दाबी खारेज हुने ठहर गरी मिति २०६३।०२।३० मा भएको फैसलालाई उल्टी गरी वादी दाबीबमोजिमको मिलापत्र बदर हुने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।०९।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल फागुन १५ गते रोज ४ शुभम् ।

७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७३-CR-१२७०, अवैध रक्तचन्दन ओसारपसार, *सिद्धिबहादुर कार्की वि. नेपाल सरकार*

प्रतिवादी सिद्धिबहादुर कार्की आफू प्रहरी

जवान जस्तो पदमा कार्यरत रहे पनि अवैध रक्त चन्दनसहित आफू कार्यरत रहेको प्रहरी चौकीभन्दा अन्यत्र नै रातको समयमा पक्राउ परेको देखिएको पाइन्छ । निजको उक्त अवैध चन्दन ओसारपसारको कसुरमा संलग्नता सम्बन्धमा उक्त बरामद भएको रक्त चन्दनका धनी अर्को प्रतिवादी रूद्रनारायण तिमिल्सिनासँग सोही समयमा बारम्बार भएको फोन सम्पर्क र घटना सम्बन्धमा प्रतिवेदन दिने प्रहरी कर्मचारीको प्रतिवेदन र निजहरूले गरेको बकपत्रसमेतबाट पुष्टि हुन आएको देखिँदा निज प्रतिवादी सिद्धीबहादुर कार्कीलाई सजाय गर्ने गरी भएको फैसला मिलेकै देखिने ।

अत: उल्लिखित आधार र कारणबाट मिति २०६८।५।१६ गते रातको २:३० बजे बा.६ च. ४०३८ नं. को गाडीसहित बरामद भएको अवैध रक्त चन्दन ओसारपसार कसुरमा प्रतिवादी सिद्धीबहादुर कार्कीको संलग्नता पुष्टि भएको देखिँदा निजलाई एक (१) वर्ष कैद र रू.२,४१, २००।- (दुई लाख एकचालिस हजार दुई सय) जरिवाना हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७३।१।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख ३ गते रोज ३ शुभम् ।

८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७४-WO-००७१, उत्प्रेषण / परमादेश, *रोमा मल्ल वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक रोमा मल्ल र विपक्षी पुनम थापा मगरबिचमा भएको लेनदेन व्यवहारबमोजिमको रूपैयाँ यी निवेदकले नबुझाएपछि निवेदकउपर विपक्षी पुनम थापा मगरले मिति २०७२।५।११ मा का.जि.अ.मा लेनदेन मुद्दा दायर गरी निवेदकबाट विपक्षी पुनम थापा मगरलाई सावाँ रू.१५,००,०००।- फिराद दायर गर्दा लागेको कोर्ट फीसमेत भराइ पाउने ठहरी मिति २०७२।११।११ मा फैसला भएको देखिने । उक्त फैसलाबमोजिमको रूपैयाँ असुलउपर गराइ पाउँ भनी वादीले फैसला कार्यान्वयनका लागि काठमाडौं जिल्ला अदालतमा निवेदन दिई त्यसको कारबाही चलिरहेको अवस्थामा उक्त मुद्दाकी प्रतिवादी निवेदकले आफ्नो नाउँको म्याद बेरीतपूर्वक तामेल भएकाले आफू विरूद्धको मुद्दामा आफूले प्रतिरक्षा गर्न नसकेको भनी मिति २०७२।९।३ को म्याद बदर गरी पुनरावेदन पत्र दर्ता गर्न पाउँ भनी मिति २०७३।११।५ मा निवेदकले सुरू का.जि.अ. मा निवेदन लिई गएको देखिन्छ । मुलुकी ऐन, अ.बं. २०८ को कानूनी व्यवस्थाको आधारमा उक्त निवेदन दर्ता गर्न मिलेन भनी उक्त अदालतका स्रेस्तेदारले मिति २०७३।१०।२७ मा उक्त निवेदन दरपिठ गरेको देखिन्छ । सोउपर इजलाससमक्ष पेस भई उक्त अदालत इजलासबाट समेत उक्त दरपिठ आदेश सदर भएपछि यी निवेदकले उच्च अदालत पाटनमा १७ नं. निवेदन दायर गरी उक्त उच्च अदालतबाट समेत स्रेस्तेदारको आदेश सदर भएको अवस्था देखिने । सो लेनदेन मुद्दामा वादीले बिगोबापत लेनदेन व्यवहारको १९ नं. बमोजिम प्रतिवादीलाई कैदमा राख्न सिधा रकमसमेत दाखिल गरी निवेदन गरेका कारण दण्ड सजायको ४२ नं. बमोजिम फैसला कार्यान्वयनको सिलसिलामा यी निवेदक हाल कारागारमा थुनामा रहेको देखिने ।

यसमा मिति २०७२।११।११ मा भएको फैसलाउपर यी निवेदक मिति २०७३।११।५ मा मात्र म्याद बदरका लागि निवेदन लिई अदालत प्रवेश गरेको पाइयो । यसरी कानूनले तोकेको समय सीमा नाघी यी निवेदकले म्याद बदरको लागि निवेदन लिई आएको देखियो । विपक्षी पुनम थापा मगरको लिखित

जवाफमा लेनदेन मुद्दाको म्याद तामेल गर्न जाँदा यी रिट निवेदकले नबुझेकाले घर दैलोमा टाँस भएको हो भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । सो होइन भन्ने भरपर्दो जिकिर निवेदकतर्फबाट आउन सकेको छैन । यस स्थितिमा म्याद बदर गरिपाउँ भन्ने निवेदन दर्ता गर्न नमिल्ने भनी काठमाडौं जिल्ला अदालतका स्रेस्तेदारबाट मिति २०७३।१०।२७ मा दरपिठ आदेश भएको देखिन्छ । सोही दरपिठ आदेशलाई सदर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७३।११।६ को आदेश र सोलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।३।१५ को आदेशमा कुनै कानूनी त्रुटि रहे भएको नदेखिने ।

तसर्थ काठमाडौं जिल्ला अदालतका स्रेस्तेदारबाट मिति २०७३।१०।२७ मा भएको दरपिठ आदेशलाई सदर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७३।११।०६ को आदेश र सोलाई सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७४।३।१५ को आदेश तथा सोको आधारमा निवेदकलाई पक्राउ गर्न लेखिएको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकका नाममा म्याद तामेल गरी कारबाही गर्नु भनी परमादेशसमेत जारी गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिएन; रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल वैशाख २२ गते रोज १ शुभम् ।

## इजलास नं. ११

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-०५१६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार खत्री*

प्रतिवादी तथा मृतकसमेत न्यून स्तरका परिवारका रहेको र मृतक पत्नी एवम् प्रतिवादीको आमासमेत घटनाको दिन ज्यामी काम गरेर फर्कंदा यो घट्ना भएको देखियो । निज जाहेरवाली पत्नी / आमाको भनाइमा पनि यी मृतक तथा प्रतिवादी रक्सी खाने लतमा रहेको र रक्सीको सुरमा पटकपटक झगडा हुने गरेको भन्ने पनि देखियो । वारदातको दिनमा प्रतिवादीले आफ्नो बयानमा बुबाले आफ्नो रू.१,०००।– चोरी गरी रक्सी खान गएकोमा सोही विषयमा तत्काल उठेको रिस थाम्न नसक्दा सोही विषयमा लात, मुक्काले हान्दा बुबा बोल्न छोड्नु भयो र उपचारको क्रममा मृत्यु भयो । पैसा चोरेको रिसमा कुटपिट गरेको हुँ, मार्ने योजना वा मनसाय थिएन / होइन भनी अदालतसमक्ष बयान गरेको देखिन्छ । कुटपिटको क्रममा प्रतिवादीले कुनै जोखिमी हातहतियार वा दाउरा, काठ, लठ्ठी जस्ता चोट दिने वस्तुको प्रयोग गरेको पनि देखिँदैन । घटना विवरण कागज गर्ने व्यक्तिहरूले समेत निजले मृतकलाई कुटपिट गरेको बेहोरा लेखाइदिएको पाइन्छ । शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Blunt force injury to the chest भनी उल्लेख गरिएबाट निजको मृत्यु प्रतिवादीको कुटपिटबाट भएको देखिए पनि प्रतिवादीले मार्नका मनसायले इविलाग वा रिसइवी लिई, योजना बनाई, धारिलो र जोखिमी हतियार प्रयोग गरी ज्यान लिएको भन्ने नदेखिने ।

प्रस्तुत मुद्दामा भएको घटनालाई विश्लेषण गरी निष्कर्ष निकाल्दा प्रतिवादीसँग निजको पिता मृतक कृष्णबहादुर खत्री र आफूबिच दराजमा राखेको रू.१,०००।– निकाली पिताले रक्सी खाएको विषयमा तत्काल उठेको रिस थाम्न नसकी आवेगमा लात, मुक्काले हान्दा सोही चोटका पिरले मृतकको मृत्यु भएको स्पष्ट रूपमा देखिन आएको र मार्नुपर्नेसम्मको कुनै रिस, इवी, मनसाय र कारण नदेखिएको अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र

१४ नं. विपरीतको कसुरमा ऐ. १४ नं. बमोजिम १० वर्ष कैद गर्ने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न मिलेन । उक्त फैसला प्रमाणको विश्लेषण र कानूनको प्रयोगको हिसाबले उपयुक्त र मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७३-CR-१६५९, कर्तव्य ज्यान, *बलिराम लोनिया वि. नेपाल सरकार*

प्रतिवादीले प्रस्तुत वारदातमा आत्मरक्षा साथै होस नपुऱ्याई हानेको चोटबाट मृतकको मृत्यु भएको, मृतकलाई मार्ने नियत, मनसाय र योजना केही नभएकोले फैसला उल्टी गरी भवितव्यमा सजाय गरिपाउँ भनी जिकिर लिएको देखिए तापनि मृतकको शव परीक्षण प्रतिवेदनमा मृतक कन्हई लोनियाको शरीर टाउको र आँखामा समेत चोटपटक रहे भएको भन्ने देखिन्छ । प्रतिवादीले आफ्नो कार्यले मृतकको मृत्यु हुन्छ भन्ने थाहा नभएको र तत्काल आत्मरक्षाको लागि प्रहार गरेको भन्ने जिकिर लिए पनि निजले मृतकलाई पटकपटक प्रहार गरेका कारण मृतकको शरीरका विभिन्न भागमा चोट परेको र सोही चोटका पिरले मृत्यु भएको देखिन्छ । मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Intracranial Hemorrhage भनी उल्लेख भएको तथा External Examination को महलमा 1"x0.5"x0.5" incised wound on frontal area of head 3" lateral to midline towards rights with frontal bone facture, bluish discoloration of left upper eyelid, bleeding from nose and ears present भन्ने उल्लेख भएको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) को "होस नपुऱ्याई वा हेलचक्राइँ गरी कुनै काम गर्दा भवितव्य परेकोमा पाँच सय रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ" भन्ने कानूनी व्यवस्थाको आधार लिई प्रतिवादीलाई भवितव्यमा सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर तथा विद्वान् वैतनिक कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्दा उचित हुने रायसहित भएको फैसलालाई विचार गरी उक्त कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, अ.बं. १८८ मा "सर्वस्वसहित जन्मकैद वा जन्मकैद गर्नुपर्ने भएका मुद्दामा साबित ठहरे पनि इन्साफ गर्ने हाकिमका चित्तले भवितव्य हो कि भन्ने हुनेसम्मको शङ्काले वा अपराध गरेको अवस्था विचार गर्दा कसुरदारलाई ऐनबमोजिम सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहऱ्याई आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ । अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भनी व्यवस्था गरेको पाइने ।

प्रस्तुत मुद्दामा समेत मृतक प्रतिवादीको आफ्नै भाइ रहेको र जग्गाको सम्बन्धमा भएको सामान्य विवादपश्चात् भएको हानाहान र प्रहारसमेतका चोटले र सोही चोटका पिरले मृतकको मृत्यु भएकोसमेतका परिस्थितिजन्य प्रमाणसमेतको विश्लेषण गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादीलाई ऐनबमोजिम सर्वस्वसहिति जन्मकैदको ठहर गरी अ.बं. १८८ नं. बमोजिम १० वर्ष सजाय गर्दा उचित हुने रायसहितको फैसलालाई अन्यथा भन्न मिलेन । उक्त

फैसला रायसहित सदर हुने ।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल जेठ १४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CR-०६२५, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. रानी भन्ने किरण गुप्तासमेत*

प्रतिवादीहरू किरण गुप्ता र नुरजहा राई (हलुवाई) को हकमा भएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला मिलेको छ, छैन भन्ने सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरू घरबेटी रहेको र निजको घरमा प्रतिवादी अमृता चन्द र निजका श्रीमान् भाडा गरी बस्दै आएको देखिन्छ। निज प्रतिवादी किरण गुप्ताले अदालतसमक्षको बयानमा जाहेरवाली पीडित अमृता चन्दसँग मेरो घरमा बसेकी थिइन् । अमृता चन्दले मलाई दिनुपर्ने घरभाडा नदिएपश्चात् मैले निजलाई घरबाट निकाली दिएको थिएँ। तत्पश्चात् नुरजहाको घरमा बसिन् । मैले आफ्नो घरभाडा माग्दा रिसइवी लिई मउपर त्यस्तो बेहोरा लेखाएकी हुन् । म निर्दोष भएकोले सजाय हुनुपर्ने होइन भन्ने बेहोराले बयान गरको देखिन्छ । त्यसैगरी अर्का प्रतिवादी नुरजहा राई हलुवाइले अमृता चन्दले निज पीडित केटीलाई आफूसँग राखेकी थिइन् । जाहेरी तथा बयान मेरो हकमा झुट्टा हो । पीडितलाई कसले मानव बेचबिखन गऱ्यो मलाई थाहा भएन । केटीको चालचलन ठिक नभएपछि मैले अमृता चन्दलाई कोठा खाली गरिदेउ भनेकोले सोही कारण मसमेतको नाम लेखाएकी हुन् । मैले घर भाडामा दिएकोसम्म सही हो । मैले घरमा बस्न नदिएकै कारण मउपर जाहेरी दिएकी हुन् । म निर्दोष भएकोले सजाय हुनुपर्ने होइन भनी सुरू अदालतसमक्ष बयान गरेको देखिने ।

जाहेरवालीलाई आफूले दिएको जाहेरी हेरी पुष्टि गर्नको लागि सुरू अदालत तथा उच्च अदालतबाट समेत म्याद जारी गर्दासमेत दुवै अदालतमा निज उपस्थित भएको नदेखिने । अनुसन्धानमा भएको बयानबाहेक अन्य कुनै पनि थप प्रमाणहरूले यी प्रतिवादीहरू किरण गुप्ता र नुरजहा राई (हलुवाई) उपर लागेको आरोप पुष्टि गर्न सकेको नदेखिने ।

जाहेरवाला अनुपस्थित रहेको अवस्थामा जाहेरीमा लगाइएका कसुर आरोप अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको अवस्थामा जाहेरवालाको अदालतको अनुपस्थिति गौण हुनसक्ने भए पनि प्रस्तुत मुद्दामा त्यस्तो स्थितिको विद्यमानता रहेकोसमेत नदेखिने ।

अतः अनुसन्धानमा भएको बयानलाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको नदेखिएको, अदालतको बयानमा प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहेको, अदालतको बयानलाई समर्थन गर्ने गरी साक्षीहरूले बकपत्र गरेको तथा जाहेरवाला अदालतमा उपस्थित भई जाहेरीको समर्थन गरेको नदेखिएको, प्रतिवादीहरू शनी भन्ने किरण गुप्ता र मुन्नी भन्ने नुरजहा राई (हलुवाई) ले आरोपित कसुर गरेको वा कसुरमा संलग्न रहे भएको भन्ने शङ्कारहित तवरबाट पुष्टि हुन नसकेको अवस्थामा वारदात तथा कसुर पुष्टि भएको प्रतिवादी अमृता चन्दलाई अभियोग माग दाबीबमोजिम सजाय हुने ठहर गरी प्रतिवादीहरू शनी भन्ने किरण गुप्ता र मुन्नी भन्ने नुरजहा राई (हलुवाई) लाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरी भएको उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासको फैसलालाई अन्यथा भन्न मिलेन । उक्त मिति २०७४।४।२४ को फैसला सदर हुने ।

इजलास अधिकृतः पाराश्वर कँडेल

इति संवत् २०७६ साल जेठ १४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०७४-CR-०९२३, जबरजस्ती करणी, *नेपाल सरकार वि. लोकबहादुर भुजेल*

पीडिताको मिति २०७२।१२।२१ मा भोजपुर जिल्ला अदालतमा गराइएको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको मानसिक अवस्था सामान्य व्यक्तिभन्दा कम रहेको भन्ने देखिए पनि पीडिताले आफैँ जाहेरी दरखास्त दिएको देखिन्छ भने अदालतमा आएर आफू स्वयम्ले गरेको बकपत्रमा कोही आफ्नो आफन्त वा नाताका मानिस रोहवर वा संरक्षणमा बसेको देखिँदैन। उक्त पीडिताको बकपत्रमा निज सुस्त मनस्थितिको भनी कहिँकतै उल्लेख भएकोसमेत नदेखिने।

पीडिता सुस्त मनस्थितिको भए आफैँ जाहेरी दरखास्त दिने, विना कसैको संरक्षण वा रोहवरमा अदालतमा बकपत्र गर्ने, अदालतबाट सोधिएका प्रश्नहरू स्पष्ट रूपमा बुझी सिलसिलेवर उत्तर दिने अवस्था रहँदैन। युक्तियुक्त जवाफका लागि कुनै पनि व्यक्ति मानसिक रूपमा स्वस्थ नै रहनुपर्ने हुन्छ। यसरी पीडिता सुस्त मनस्थितिको रहेको भन्ने विषयमा वादीको दाबी रहेकोमा वादीले यसको स्पष्ट र ठोस प्रमाण अदालतसमक्ष पेस गर्न र उक्त दाबीलाई प्रमाणित गर्न सकेको नदेखिने।

यसरी कुनै ठोस प्रमाणले पुष्टि गर्न नसकेको र केवल जाहेरी मात्रको भरमा जबरजस्ती करणी मुद्दामा थप ५ वर्ष कैद सजाय गर्नु न्यायका मान्य सिद्धान्त, फौजदारी न्यायका सिद्धान्तसमेतको आधारमा न्यायोचित नदेखिएकोमा सुरू अभियोग मागदाबीबमोजिम सजाय गर्ने ठहर्‍याएको सुरू भोजपुर जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(क) बमोजिम लिइएको थप सजायको मागदाबीबाट सफाइ पाउने ठहर गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७४।३।२५ को फैसलालाई अन्यथा भन्न मिलेन। उक्त फैसला सदर हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

इति संवत् २०७६ साल जेठ १४ गते रोज ३ शुभम्।

## इजलास नं. १२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७०-CR-०१२१, विना इजाजत वन पैदावर ओसारपसार, *नेपाल सरकार वि. अकबर मुसलमानसमेत*

वन ऐन, २०४९ को दफा ४९ को खण्ड (घ) बमोजिम वन क्षेत्रबाट वन पैदावर हटाउन, ओसारपसार गर्न वा बिक्री वितरण गर्न काम कारबाही गरेमा कसुर गरेको मानिने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थानुसार प्रतिवादी अकबर मुसलमान अवैध वन पैदावर ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने कार्यमा संलग्न रहेको नदेखिएको र आफ्नो नाममा दर्ता रहिरहेको विवादको ट्र्याक्टर प्रतिवादी रामचन्द्र आरखलाई घरसारमा बिक्री गरी नामसारी गर्नसम्म बाँकी रहेको त्यस्तो सवारी साधनलाई अवैध काठ ओसारपसार तथा बिक्री वितरण गर्ने कार्यमा प्रयोग गरेको कुरा प्रतिवादी अकबर मुसलमानलाई थाहा जानकारी हुन सक्ने भन्न मिल्ने देखिएन। यसै सन्दर्भमा ने.का.प. २०६८, अङ्क ६, नि.नं.८६२९, पृ.९०८ वादी नेपाल सरकार प्रतिवादी बेलबहादुर थापामगरसमेत भएको काठ चोरी निकासी मुद्दामा "अवैध रूपमा वन पैदावर ओसारपसार गर्ने कार्यमा सवारी धनी आफू संलग्न पनि नभएको वा अवैध वन पैदावर ओसारपसार गर्ने निजको मनसाय पनि नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावर ओसारपसार गर्ने कार्यमा प्रयोग हुँदै छ भन्ने

थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति वा सहमति रहेको पनि नदेखिएको अवस्थामा निजको सवारी साधन जफत हुन न्याय वा औचित्य कुनै पनि दृष्टिबाट तर्कसङ्गत नहुने" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ। प्रस्तुत मुद्दामा सवारी धनी आफू संलग्न भई अवैध काठ ओसारपसार गरेको कुनै प्रमाणबाट पुष्टि नभएको, सर्जमिनका मानिससमेतले उक्त ट्र्याक्टर रामचन्द्र आरखले प्रयोग गरेको भनी लेखाइदिएका तथा प्रतिवादी रामचन्द्र आरखले प्रतिवादी अकबर मुसलमानको संलग्नताबारे पोलसम्म पनि गरेको नदेखिएको, प्रतिवादी अकबर मुसलमानले आरोपित कसुरमा इन्कार रही गरेको बयान माथि विवेचित आधार प्रमाणबाट समर्थित रहेको देखिँदा प्रतिवादी अकबर मुसलमान विवादको अवैध काठ ओसारपसार गर्ने कार्यमा संलग्न रहेको देखिएन। अतः पुनरावेदन अदालत बुटवलले प्रतिवादी अकबर मुसलमानलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको फैसला मनासिब नै देखिने।

तसर्थ, प्रतिवादीमध्येको अकबर मुसलमानको हकमा सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी निजले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरेको मिति २०६८।११।०३ को पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साउन २५ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-१२४३, अंश दर्ता, *सावित्रीकुमारी दाहाल (खतिवडा) वि. डोरकुमारी खतिवडासमेत*

धनञ्जय खतिवडाको परलोकपश्चात् धनकुमारी खतिवडा, रामेश्वर खतिवडा, युवराज खतिवडा, राजन खतिवडा, केदार खतिवडा, पुष्कर खतिवडाबिचमा मिति २०५०।९।२६ मा अंशबन्डा लिखत मालपोत कार्यालय, सर्लाहीबाट रजिस्ट्रेसन पास गरी छुट्टी भिन्न भएको ततपश्चात् मिति २०५३।११।२६ मा सावित्रीकुमारी दाहालसँग विवाह भएको भन्ने प्रतिवादी पुष्कर खतिवडाको प्रतिउत्तर लेखबाट देखिन्छ। प्रतिवादीले उल्लिखित मितिमा अंशबन्डा भएको भनी जिकिर लिएकोमा सुरू अदालतबाट तायदाती माग गर्ने आदेश गर्दा मूल अंशियार धनकुमारी खतिवडा, रामेश्वर, युवराज, राजन, केदार र पुष्करप्रसाद खतिवडासमेतको बिचमा र.नं.२९७१ मिति २०५०।९।२६ मा रीतपूर्वकको अंशबन्डा लिखत गरी छुट्टी भिन्न भई बसेपश्चात् प्रतिवादीमध्येका पुष्करप्रसादसँग यी वादीको २०५३।११।२६ मा विवाह भएकोमा वादी आफ्नो पति पुष्करप्रसाद खतिवडाबाट अंश पाउन सक्ने अवस्था र स्थिति देखिँदा फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गरी सोभन्दा अघिल्लो दिनसम्मको तायदाती फाँटवारी वादी प्रतिवादी पुष्करप्रसाद खतिवडा र सरस्वती खतिवडाबाट दाखेला गराउने भनी आदेश भएको देखिन्छ। उक्त तायदाती आदेशलाई वादीले चित्त बुझाई निजको तर्फबाट तायदाती फाँटवारीसमेत पेस गरेको अवस्था हुँदा उक्त अंशबन्डाको अस्तित्वलाई वादीले स्वीकार गरेको देखिने।

वादीले पुनरावेदन गर्दा मिति २०५०।०९।२६ को बन्डापत्रमा रामेश्वर उपाध्याय खतिवडाको नामको जिल्ला धनुषा कुवारामपुर परिवर्तित जनकपुर न.पा.३ कि.नं. ३०६ को ०-६-१२ मध्ये उत्तर

पश्चिमबाट ०-०-१५ जग्गा पुष्करप्रसाद खतिवडाको अंश भाग भनी पारित बन्डामा प्रस्ट उल्लेख भएको जग्गा दा.खा. नगरी रामेश्वर उपाध्यायकै नाममा राखी रामेश्वर उपाध्यायको मृत्युपश्चात् मिति २०५७।५।१८ मा विपक्षी डोरकुमारीले आफ्नो हक भनी नामसारी गराई विभिन्न व्यक्तिहरूलाई बिक्री गरेको स्वयम् वादी पुनरावेदकले पुनरावेदन दायर गर्दा उल्लेख गरेको अवस्था रहेको छ। वादीको उक्त पुनरावेदन बेहोराबाट समेत यी वादीका पति पुष्करप्रसाद खतिवडा अन्य विपक्षी प्रतिवादीहरूबाट मिति २०५०।९।२६ मै अंशबन्डा लिखत गरी छुट्टी भिन्न भएको देखिन आयो। यसरी एक पटक एकासगोलका अंशियारहरूबिच विधिवत् रूपमा अंशबन्डा भई आफ्नो भागको अंश बुझिसकेपछि पुनः दोहोरो रूपमा त्यस्तो अंशियारले अंश प्राप्त गर्ने अवस्था नहुने।

प्रतिवादीमध्येका पुष्करप्रसाद खतिवडा मिति २०५०।९।२६ अंशबन्डा गरी छुट्टी भिन्न भएको भन्ने देखियो । यी प्रतिवादी सावित्रिकुमारी दाहालको निज प्रतिवादी पुष्करप्रसाद खतिवडासँग मिति २०५३।११।२६ मा विवाह भएको भन्ने देखिन्छ । उक्त कुरालाई यी वादीले अन्यथा भनेको अवस्था देखिँदैन । वादीको प्रतिवादी पुष्करप्रसाद खतिवडासँग विवाह हुनुभन्दा अगाडि नै प्रतिवादी पुष्करप्रसाद खतिवडाले आफ्नो अंश भाग बुझी लिइसकेकोमा त्यस्तो अंशबन्डाबाट पछि विवाह भएकी यी वादीको अंश हकमा असर पुग्न गएको भनी मान्न नमिल्ने।

अंश माग्ने भनेको आफूले अंश प्राप्त गर्नेसँगबाट हो भने प्राप्त गर्ने पनि निजैसँगबाट हो। आफूले अंश माग गर्नेले नै अंश नपाइसकेको अवस्थामा निजले समेत अंश पाउने अन्य अंशियारलाई विपक्षी बनाई अंश दायर गर्न सकिने कानूनी प्रचलन र न्यायिक परम्परा हो। प्रस्तुत मुद्दामा आफ्नो पति पुष्कर खतिवडासमेत अन्यलाई विपक्षी बनाउन पुष्कर खतिवडाले अन्य अंशियारबाट अंश नलिई वा नपाई एकासगोलमा रहेको अवस्था हुनुपर्दछ । त्यस्तो अवस्था मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन। रितादेवी खाती क्षेत्री विरूद्ध दमबहादुर खाती भएको अंश मुद्दामा (ने.का.प.२०५२ अङ्क ३, नि.नं.५०७३, संयुक्त इजलास) सिद्धान्त प्रतिपादन भई यी वादीले प्रतिवादी पुष्कर खतिवडा र अन्य अंशियारबिच मिति २०५०।९।२६ मा भएको अंशबन्डालाई स्वीकार गरेको अवस्थामा यी वादीले आफूले अंश प्राप्त गर्ने आफ्ना पति तथा प्रतिवादी पुष्करप्रसाद खतिवडाबाहेक अन्यलाई प्रतिवादी बनाउन र निजहरूबाट समेत अंश प्राप्त गर्ने भन्न मिल्ने नदेखिने।

प्रतिवादी पुष्करप्रसाद खतिवडाले उल्लिखित मितिमा अंशबन्डा लिखत गरी छुट्टी भिन्न भएको अवस्थामा यी वादी निजको पति तथा प्रतिवादी पुष्करप्रसाद खतिवडाको नाउँ तथा अंश भागमा परेको सम्पत्तिको अंशियारसम्म कायम हुने देखियो । प्रतिवादी पुष्करप्रसादका श्रीमती वादी सावित्रीकुमारी दाहाल र अर्की श्रीमती सरस्वती खड्का भन्ने देखिन्छ । प्रस्तुत अंश मुद्दा पर्दाको अवस्थामा निज प्रतिवादी पुष्करप्रसाद खतिवडाको दुई अविवाहित छोरीसमेत रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । यस्तो अवस्थामा प्रतिवादी पुष्करप्रसाद खतिवडाको अंश भाग पाउने निज पुष्करप्रसाद खतिवडा, श्रीमती सावित्रिकुमारी दाहाल, सरस्वती खतिवडा, दुई अविवाहित छोरीसमेत पाँच अंशियार कायम हुन जाने अवस्था देखियो । मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. मा अंश गर्दा यो नम्बर प्रारम्भ भएपछि अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्दछ भनी उल्लेख भएको र यी वादी, प्रतिवादी पुष्करप्रसाद

खतिवडा, निजकी अर्को श्रीमती सरस्वती खतिवडा र दुई छोरीसमेत पाँच अंशियार हुँदा वादीले पाँच भागको १ भाग अंश पाउने देखिन आउने।

अंशबन्डाको १७ नं. ले विवाह नभएका छोरा छोरीको विवाह खर्च पर सारी मात्र अंशबन्डा गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीका दुई छोरीहरू अविवाहित रहेको भन्ने देखिँदा निजहरूको विवाह खर्च पर सार्नु पर्ने देखिन्छ । यस स्थितिमा दुई छोरीको विवाह खर्च पर सार्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब देखिने।

डोरकुमारीका पति रामेश्वर र यी वादीका पति पुष्करप्रसाद खतिवडाबिच अंशबन्डा भइसकेको अवस्था देखिन्छ। अंश मुद्दामा प्रतिवादीहरूसँग अंश माग गर्दा सोको कानूनी आधारसहित वादीले दाबी लिनुपर्दछ। प्रस्तुत मुद्दामा वादीले डोरकुमारीसमेतका प्रतिवादीबाट समेत अंश पाउनु पर्ने भनी जिकिर लिए तापनि सोको स्पष्ट आधार देखाउन सकेको देखिँदैन। वादीका पति पुष्करप्रसाद खतिवडाले स्वयम् प्रतिउत्तर लगाउँदा वादीले आफूसँगबाट अंश प्राप्त गर्न सक्ने भनी जिकिर लिएको र निज प्रतिवादीले आफ्नो अंश बुझी लिइसकेको अवस्थामा अन्य प्रतिवादीहरूबाट समेत अंश पाउनु पर्ने भन्ने वादीको पुनरावेदन जिकिरमा सहमत हुनसक्ने अवस्था नरहने।

त्यसैगरी वादीले पुनरावेदन गर्दा प्रतिवादी डोरकुमारीले विभिन्न लिखत पारित गर्दा लिखतमा पुष्करप्रसाद खतिवडा एकासगोलको भनी उल्लेख गरेको भनी जिकिर लिएतर्फ हेर्दा एकासगोलमा रहेको भनी लेखिनु र साँच्चिकै एकासगोलमा रहनु फरक अवस्था हो। अंश नहुँदैको अवस्थामा अंशियार एकासगोलमा रहने अवस्था हुन्छ भने अंश भइसकेपछि पनि कानूनबमोजिम मानो जोरिएको लिखत पारित गरेको अवस्थामा एकासगोलमा रहेको भनी कानूनतः मान्न सकिने अवस्था हुन्छ । (यसै सम्बन्धमा ने.का.प.२०७१, भाग ५६, अङ्क १२, नि.नं.९३०७, संयुक्त इजलास) उमादेवी कार्की विरूद्ध कुमारी कार्की भएको अपुताली हक कायम नामसारी मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिँदा पुनरावेदिका वादीले प्रतिवादी पुष्करप्रसाद खतिवडा सासू डोरकुमारीसँग एकासगोलमा रहेको भन्ने कुरा पुष्टि हुनसक्ने आधार देखिएन । यसस्थितिमा एकासगोलमा रहेको भनी पारित लेखिएकै आधारमा एकासगोलमा रहेको भनी अर्थ गर्न मनासिब नहुने।

अतः विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत हेटौंडाले प्रतिवादी पुष्करप्रसाद खतिवडाका जम्मा ५ जना अंशियारहरू कायम गरी वादीले प्रतिवादीबाट ५ (पाँच) भागको १ (एक) भाग अंश पाउने ठहऱ्याई गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । पुष्करप्रसाद खतिवडाका नाम दर्ताको सर्लाही र सिन्धुली जिल्लाको कि.नं.२८, १६६, १६३, १६१, १६६, १७०, ७८, १०४, र १७१ को सम्पत्तिबाट विवाह नभएका २ जना छोरीहरूको विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहर्छ भनी पुनरावेदन अदालत हेटौंडाले मिति २०७३।२।१६ मा गरेको फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृत: जनकसिंह बोहरा

इति संवत् २०७६ साल असार २३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CI-१२४४, माना चामल, *सावित्रीकुमारी दाहाल (खतिवडा) वि. डोरकुमारी खतिवडासमेत* भएको मुद्दामा समेत यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७४-CR-०७४४, लागु औषध

खैरो हिरोइन, *जाहिरसमेत भन्ने ताहेर हुसेन मिया वि. नेपाल सरकार*

प्रतिवादी विनोद साह तुरहा र मनोजकुमार दासउपर अभियोग दायर भई अनुसन्धान भइरहेको अवस्था तत्काल फरार रहेका निज पुनरावेदक प्रतिवादीउपर पूरक अभियोग दायर भएको देखिन्छ । निज प्रतिवादीहरू मनोजकुमार दास र विनोद साह तुरहाले बयानमा पोल गरेका निजै पुनरावेदक प्रतिवादी हुन् होइनन् भनी यकिन हुन व्यक्ति सनाखत गरेकोसमेत देखिन्छ । सनाखत गर्ने क्रममा कानूनबमोजिम सनाखत गराउन पर्ने ताहेर हुसेन (मियाँ) समेतका सनाखत गराउन राखिएका उस्तै उमेर, वर्ण, पहिरन मिल्ने व्यक्तिहरू देखाउँदा देखी पाएँ। देखाइएको पाँचजना व्यक्तिमध्ये बायाँबाट गन्ती गर्दा तेस्रोमा उभिएका ताहेर मियाँ भन्ने व्यक्ति हुन्। निज ताहेर मियाँ भन्ने व्यक्तिले नै मलाई र मसँगै पक्राउमा परेका मनोजकुमार दासलाई लागु औषध खैरो हेरोइन भारत रक्सौलमा दिई भारत रक्सौलबाट काठमाडौं लगी जीवन परियार र मनोज पाण्डे भन्ने व्यक्तिलाई बिक्री गर्नु भनी मिति २०६७।९।२ गतेको बरामदी लागु औषध खैरो हेरोइन दिई पठाएका हुन्। निज ताहेर मियाँ भन्ने व्यक्तिलाई देखी, चिनी पहिचान गरी सनाखत गरिदिएँ भनी प्रतिवादी विनोद साह तुरहा व्यक्ति सनाखत गरेको देखिन्छ र सोही मिलानकै अर्का प्रतिवादी मनोजकुमार दासले समेत विनोद साह तुरहाको एकै मिलानको सनाखत कागज गरेको देखिएबाट निजै पुनरावेदक प्रतिवादीले मनोजकुमार दास र विनोद साह तुरहालाई लागु औषध दिई पठाएकोमा विवाद नरहने।

जहाँसम्म यी पुनरावेदक प्रतिवादीले मेरो नाम शेख ताहेर हो । ताहेर हुसेन भन्ने म होइन भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, निज पुनरावेदकले अनुसन्धानको सिलसिलामा गरेको बयानमा मेरो बाबुको नाम शेख ममसवदे मियाँ हो । मेरो नाम ताहेर हुसेन हो, जाहिर पनि भन्ने गर्छन् । गाउँघरमा जाहिर ताहेर दुवै नामले बोलाउने गर्छन् । मलाई ताहेर मियाँ पनि लेख्ने गरिन्छ भनी खुलाएको देखिन्छ । साथै अदालतमा समेत बयान गर्दा निजले मेरो नाम जाहिर भन्ने ताहेर हुसेन मियाँ हो । मेरो बाबुको नाम शेख ममसवदे मियाँ हो भनी लेखाएको पाइन्छ । निजले अदालतमा गरेको बयानको साथ प्रमाणको रूपमा भारत निर्वाचन आयोग पहचानपत्रको फोटोकपी पेस गरेको देखिन्छ। सो पहचानपत्र हेर्दा, BR.02.013.000661 निर्वाचकका नाम शेख ताहेर पिताका नाम शेख इलाकत Age as on 1.1.1995 को आयु २८ वर्ष भनी उल्लेख भएको पाइन्छ । प्रमाणको रूपमा पेस भएको उक्त भारत निर्वाचन आयोगको पहचानपत्र र पुनरावेदकको बयानसँग कुनै अन्तरसम्बन्ध रहेको देखिँदैन । निज पुनरावेदकले पुनरावेदनपत्रमा आफ्नो नाम परिवर्तन गर्ने प्रयाससम्म गरेको देखिन्छ। निजले अनुसन्धानमा तथा अदालतमा समेत बयान गर्दा आफ्नो नाम जाहिर हुसेन भन्ने ताहेर हुसेन मियाँ हो। मलाई गाउँघरमा जाहिर ताहेर दुवै नामले बोलाउँछन् भनी खुलाउनुका साथै यसपूर्व पनि लागु औषध मुद्दामा १० वर्षको सजाय भुक्तान गरेको भनी साबित रहेको देखिन्छ। निज पुनरावेदकले सहअभियुक्त मनोजकुमार दास र विनोद साह तुरहालाई पैसा दिन्छु, लागु औषध काठमाडौंमा पुऱ्याउनु भनी लागु औषध दिएर पठाएको कुरा सहअभियुक्तको बयान तथा निजै पुनरावेदकको बयानबाट समेत पुष्टि भइरहेको अवस्था हाल यी पुनरावेदकले कसुरबाट उन्मुक्ति पाउनको लागि आफ्नो बयानका साथ उनाउ व्यक्तिको पहचानपत्रको फोटोकपि पेस गरेको पुष्टि हुन आएकोले अभियोगपत्रमा उल्लेख भएका व्यक्ति यी पुनरावेदक होइनन् भन्न सकिने अवस्था विद्यमान नहुँदा पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिन आयो। उक्त फैसला

उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउनुपर्छ भन्ने पुनरावेदन जिकिर तथा बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः यी पुनरावेदक प्रतिवादी जाहिरसमेत भन्ने ताहेर हुसेन मियाँलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) अनुसार १५।६।० (पन्ध्र वर्ष छ महिना) कैद, रू.५,५०,०००।- जरिवाना हुने र ऐ.दफा १६ अनुसार थप ०।३।० (तीन महिना) कैद, रू.२५,०००।- जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।०९।१७ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।०९।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असोज ५ गते रोज १ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-MS-०००६, अदालतको अवहेलना, *मिनादेवी तिवारी वि. पुष्पकमल दाहाल (प्रचण्ड) समेत*

निवेदक भोजराज तिमल्सेना विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं.२०६३-wo-०९२० को उत्प्रेषण, परमादेश निवेदनमा यस अदालतबाट मिति २०६४।९।२ मा आदेश हुँदा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशात्मक आदेश जारी भएको देखियो। निवेदकले निवेदनमा उठाएका व्यवस्थापनसम्बन्धी कार्यहरू विपक्षी बनाइएको कुनै व्यक्ति विशेषबाट सम्पन्न गरी समस्याको निराकरण गर्न सक्ने प्रकृतिका नभई सरकारले कार्यकारिणी अधिकारको प्रयोग गरी समय तोकी प्रशासनिक निकायबाट कार्यान्वयन हुनसक्ने प्रकृतिका रहेको कुरामा विमति हुने अवस्था देखिँदैन। यहाँ विपक्षीमध्येका कुनचाहिँ व्यक्तिले यस अदालतबाट जारी भएको उक्त आदेशको अवज्ञा गरे वा उक्त आदेशको कार्यान्वयनमा के कसरी संलग्न भई बाधा अवरोध गरे भन्ने सम्बन्धमा निवेदकले कुनै वस्तुनिष्ठ आधार खुलाई निवेदन दिन सकेको तथा उक्त कुरालाई पुष्टि हुने गरी प्रमाणित गराउन सकेको नपाइने।

यस स्थितिमा यस अदालतबाट उक्त आदेश हुँदा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशात्मक आदेश जारी भएको अवस्था हुँदा सरकारको तर्फबाट मात्र सो काम सम्भव छ, छोटो समयमा नै सरकारको नेतृत्व परिवर्तन भइरहेको कारण काम सम्पन्न हुन नसकेको हो, उक्त आदेशानुसारको व्यवस्था हुन जरूरी छ, सोअनुसारको कार्य सम्पन्न गरी पीडितहरूलाई राहतको व्यवस्थापन गर्न सधैँ प्रतिबद्ध रहेकामा राजनीतिक नेतृत्व तथा पदीय हैसियत साबिकबमोजिमको हाल नरहेको, साबिकमा छोटो समय मात्र उक्त आदेश कार्यान्वयन गर्न सक्ने पदमा रहनु परेकोसमेत कारण तत्काल उक्त आदेशानुसारको नीतिगत कार्य पूरा गर्न नसकिएको तर उक्त आदेशानुसारको कार्य गर्नमा सधैँभरि सकारात्मक रहेको र अदालतको आदेश कानूनसरह मान्नु पर्दछ भन्नेमा सधैँ सचेत रहेको भन्ने विपक्षीहरूको लिखित जवाफलाई असान्दर्भिक भन्न नमिल्ने।

साथै मिति २०६४।९।२ मा भएको उक्त निर्देशात्मक आदेश कार्यान्वयन भएन भनी मिति २०६८।६।४ मा मात्र अति विलम्ब गरी अदालत प्रवेश गरेको र उक्त ०६३-WO-०९२० नं. को रिटमा विपक्षी नभई आदेशानुसार निर्देशन नपाएका व्यक्तिहरूलाई समेत सो आदेशानुसारको काम नगरेका विपक्षी बनाई

अदालतको अवहेलना गरेको भनी जिकिर लिई दायर भएको देखिएबाट निवेदन मागअनुसार अदालतको अवहेलनामा कारबाही गरिपाउँ भन्ने निवेदन जिकिर र विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित तथ्य, कानूनी व्यवस्था र आधारबाट अदालतको अवहेलना भएको अवस्था नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल असार ११ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** ०७१-CR-०४८२, नागरिकता, *महावीर कामैत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

प्रतिवादी महावीर कामैतले मिति २०२२ सालमा अनुसूची १(क) को फारम भर्दा आफ्नो जन्म नेपालबाहिर भारतको दरभङ्गामा भएको भनी लेखाएको र सो बेहोरा निजकै भएको भनी विशेषज्ञबाट राय र बकपत्र पनि भइसकेको स्थितिमा यी प्रतिवादीको जन्म नेपाल बाहिर नै भएको देखियो। आफ्नो जन्म भारतमा भएको भनी आफैँले मोहीको नागरिकतासम्बन्धी विवरणमा बेहोरा उल्लेख गरी, भरी स्वीकारिसकेपछि सो तथ्यलाई ढाँटी, झुक्याई २०३६ सालमा फेरि आफ्नो जन्म नेपालमा नै भएको भनी नेपालको नागरिकताको प्रमाणपत्र लिएको कार्यलाई कानूनसम्मत भन्न नमिल्ने।

प्रस्तुत मुद्दामा पनि यी पुनरावेदक प्रतिवादी महावीर कामैतले २०२२ सालमा मोहीको अनुसूची १(क) को फारम भर्दा आफ्नो जन्म भारतमा भएको भनी लेखाए पनि सो बेहोरालाई ढाकछोप गरी मिति २०३६।६।५ मा मोरङ जिल्लाबाट ना.प्र.नं. ३२९८।०३६ को नेपाली नागरिकता लिएको पाइने।

नागरिकता देशको विद्यमान संविधान एवम् नागरिकतासम्बन्धी ऐन, नियमावली एवम् सोका आधारमा जारी भएका निर्देशन एवम् परिपत्रका आधारमा नै प्रदान गरिने राष्ट्रको महत्त्वपूर्ण प्रमाणपत्र हो। यस्तो प्रमाणपत्र संविधान र कानूनबमोजिम नै जारी गर्दा पनि यस सम्बन्धमा संविधान र कानूनका अक्षर शब्दले गरेको व्यवस्थाको शाब्दिक व्याख्याभन्दा अलिकति पनि खुकुलो हुनुहुँदैन। नागरिकताको प्रमाणपत्र राष्ट्रकै अति महत्त्वपूर्ण र संवेदनशील प्रमाणपत्र हो। अतः यसलाई नेपालको संविधान र कानूनले नेपालको नागरिक ठम्याएको व्यक्तिलाई मात्र प्रदान गर्नुपर्ने।

नागरिकता कुनै पनि मुलुकका कानूनबमोजिम उमेर पुगेका नागरिकहरूका लागि राज्यबाट प्रदान गरिने औपचारिक राष्ट्रिय परिचयपत्र हो। यसकै आधारमा नागरिकको राष्ट्रिय पहिचान कायम हुने गर्छ। राज्यबाट प्राप्त हुने सेवा सुविधा पनि नागरिकताकै आधारमा निर्धारण हुने गर्दछन्। राष्ट्रियताको प्रतीकका रूपमा मानिने यस्तो विशेष किसिमको परिचयपत्र कुनै पनि गैरनागरिकले राज्यलाई ढाँटी, झुक्याई, गुमराहमा पारी अनधिकृत रूपमा लिन हुँदैन। यस्तो कार्य कानूनको नजरमा अपराध कायम भई क्षम्यसमेत हुन सक्दैन। यदि कोही गैरनागरिकले यस किसिमको कार्य गरेको पाइएमा अधिकारप्राप्त निकायले त्यसको विस्तृत छानबिन गरी त्यस्ता व्यक्तिले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रलाई तत्काल रद्द गर्नुपर्ने।

प्रस्तुत मुद्दाका सम्बन्धमा पनि यी पुनरावेदक प्रतिवादी महावीर कामैतले आफ्नो जन्म भारतमा भएको बेहोरा २०२२ सालमै मोहीको अनुसूची १(क) को फारम भर्दा लेखाएको भए पनि सो बेहोरालाई लुकाइ ढाँटी आफू नेपालमा नै जन्मेको भनी २०३६।६।५ मा मोरङ जिल्लाबाट ना.प्र.नं. ३२९८।०३६ को नेपाली नागरिकता लिएको स्थिति हुँदा निजले लिएको उक्त

नागरिकता गैरकानूनी रूपको हुँदा सो नागरिकता बदर गर्ने गरी गृह मन्त्रालयबाट मिति २०५४।५।१० मा भएको निर्णय र सोही निर्णयलाई नै सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६१।१०।२५ को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार प्रमाणसमेतबाट यी पुनरावेदक प्रतिवादी महावीर कामैत नेपाली नागरिक भएको नदेखिँदा निजले २०३६।६।५ मा मोरङ जिल्लाबाट लिएको ना.प्र.नं. ३२९८।०३६ को नेपाली नागरिकता बदर गर्ने गरी भएको गृह मन्त्रालयको मिति २०५४।५।१० मा भएको निर्णय र सोही निर्णयलाई नै सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६१।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल जेठ ३० गते रोज ५ शुभम्।

## इजलास नं. १५

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१३६६, लागु औषध, *नेपाल सरकार वि. ढाँसबहादुर सुनार*

समान हैसियत भएका श्रीमान् श्रीमतीलाई एक जनाको हकमा कसुर कायम गरी अर्को प्रतिवादी ढाँसबहादुर सुनारलाई सफाइ दिएकोमा मात्र नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी ढाँसबहादुर सुनारको अनुसन्धान अधिकारी र अदालतमा भएको बयानबाट निज प्रतिवादी लागु औषध बरामद हुँदाका अवस्थामा सोही स्थानमा रहेको र निजले बरामद भएकासम्मको तथ्यलाई स्वीकार गरेको देखिए तापनि निज आफ्नो व्यवसायको सिलसिलामा बाहिर रहेको र २०७१।११।२० गते मात्र घरमा आएको हुँ कहिलेकाहीँ मात्र डेरा कोठामा आउने गरेको भन्ने कुरा निज स्वयम्ले अदालतसमक्ष बयान गर्दा बताएका छन् । निज प्रतिवादी डेरा गरी बस्ने घरका धनी बीरबहादुर दरैले सुरू अदालतमा उपस्थित भई निज प्रतिवादी निजको डेरा कोठामा नबस्ने, कहिलेकाहीँ मात्र आउने गरेको र निज फागु पूर्णिमाभन्दा दुई दिनअगाडि मात्र आफू व्यवसाय गरेको स्थानबाट डेरा कोठामा आएको भनी बकपत्र गरेको देखिने।

मिसिल संलग्न साक्षी बकपत्र निजको बयान र घरधनीका बकपत्रसमेतबाट निजको अनुपस्थितिमा अर्का प्रतिवादी कमला सुनारले आफू बस्ने डेरा कोठामा लागु औषध राखेको उक्त कार्य लागु औषध बिक्री वितरण तथा सञ्चय गर्ने कार्य गरेको देखियो । निज प्रतिवादी ढाँसबहादुरले के कस्तो मत सल्लाहमा परेको हो र के कस्तो कार्य गरी उक्त वारदातमा संलग्न सहमति भएको हो प्रस्ट रूपले दाबीसमेत नभएको र अर्को प्रतिवादीको एकाघरको लोग्ने हुँदैमा उक्त वारदातमा संलग्न भएको कुरालाई समर्थित हुने तथ्यगत कुनै पनि प्रमाणबाट विवादरहित तवरले पुष्टि हुन आएको नदेखिने।

एकाघर परिवारको एक सदस्यले गरेको फौजदारी कसुरमा परिवारका सबै सदस्यको संलग्नता रहेको भनी अनुमानकै भरमा कसुरदार ठहर गर्न फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत भई निर्दोषले सजाय पाउनु कुनै पनि दृष्टिकोणबाट न्यायसङ्गत हुन सक्तैन । यो वर्ष यसप्रकारले आपराधिक कार्य गरेको भनी प्रस्ट दाबी भई निजको कसुर प्रमाणित हुनेगरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार विवादरहित तवरबाट पुष्टि हुनुपर्दछ अन्यथा कसुरदार कायम गर्नु न्यायोचित देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान अन्य वस्तुनिष्ठ प्रमाणबाट समर्थित भएको नदेखिएकोले निज प्रतिवादीको उक्त कसुरमा

प्रस्ट एवम् प्रत्यक्ष संलग्नता रहे भएको मान्न नमिल्ने।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी ढाँसबहादुर सुनारलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई भएको सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७२।१।३ मा भएको फैसलालाई सदर गर्नेगरी पुनरावेदन अदालत पोखराबाट मिति २०७२।७।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २६ गते रोज ६ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०६६५, हातहतियार खरखजाना, *नेपाल सरकार वि. सन्तोष भन्ने यमबहादुर गुरूङसमेत*

हातहतियार खरखजाना ऐन, २०१९ अनुसार अवैध हातहतियार खरखजाना आफूसाथ राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा राख्ने वा बिक्रीका लागि दिने जस्ता कार्यहरूलाई अपराधको रूपमा परिभाषित गरेको पाइन्छ। आपराधिक कार्य गरेबापत कसुरको प्रकृति, गाम्भिर्य र कसुर गर्दाको अवस्था, कसुर गर्दाको परिस्थिति, कसुरदारको दोषको मात्राको आधारमा सजाय तोक्दा नै न्यायिक मान्यता र सिद्धान्तअनुकूल हुने।

एकै मानिसलाई एकै मुद्दामा धेरै कलमको कैद ठेक्नुपर्दा जुन कलममा कैदको सबैभन्दा ठुलो हद छ सो हद ननाघ्ने गरी कैद ठेक्नुपर्छ भनी मुलुकी ऐन, दण्ड सजायको ४१ नं. मा कानूनी व्यवस्था रहेकोसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी सुमन भन्ने हर्क सिंह गुरूङलाई ठूलो सजाय कैद वर्ष ३ (तीन) र रू. १,००,०००।- (एक लाख) तथा अर्का पुनरावेदक प्रतिवादी सन्तोष भन्ने यमबहादुर गुरूङलाई ठुलो सजाय कैद वर्ष ३ (तीन) र रू. ६०,०००।- (साठी हजार) जरिवाना गरिएको प्रस्तुत मुद्दामा अरू सानो कसुरमा सजाय गर्नुपर्ने अवस्थाको विद्यमानता रहे भएको नपाइने।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रतिवादी सन्तोष भन्ने यमबहादुर गुरूङ, प्रतिवादी सुमन भन्ने हर्क सिंह गुरूङलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिम मात्र कैद जरिवाना ठेकी सजाय गर्नुपर्नेमा ऐ. ऐनको दफा २०(३) र दफा २१(१)(२) बमोजिमसमेत कैद र जरिवानासमेत ठेकी कैदी पुर्जीसमेत दिएको देखिँदा सो बढी कैदी पुर्जी ठेकेको हदसम्मको फैसला मिलेको नहुँदा सो हदसम्म उल्टी गरी प्रतिवादी सुमन भन्ने हर्क सिंह गुरूङलाई दफा २०(२) बमोजिम रू. १ लाख जरिवाना र कैद वर्ष ३ (तीन), प्रतिवादी सन्तोष भन्ने यमबहादुर गुरूङलाई ऐ. दफा २०(२) बमोजिम रू. ६०,०००।- जरिवाना र कैद वर्ष ३ (तीन) हुने गरी सजाय गरेको मिति २०७१।५।१३ को सुरू जिल्ला प्रशासन कार्यालय, कास्कीको फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत पोखराबाट मिति २०७१।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-०६७६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. निर्मल मल्ल*

प्रतिवादीहरूउपर घरमा आगो लगाई ज्यान मार्ने उद्योगको कसुर गरेको भन्ने अभियोग दाबी रहेकोमा

प्रमाण ऐन, ०३१ को दफा २५ को व्यवस्थाअनुसार आफूले लिएको दाबी प्रमाण प्रस्तुत गरी अभियोग दाबी प्रमाणित गराउने दायित्व अभियोजन पक्षकै हुन्छ । प्रतिवादीकै बयानबाट निजहरूले आफूले आगो लगाएको नभई लाग्न गएको हो भन्ने देखिन्छ । सो आगलागीबाट जाहेरवाला, निजकी पत्नी मात्र होइन प्रतिवादीहरूलाई समेत चोट लागेको र सेती अञ्चल अस्पताल, धनगढीमा उपचार गराएको भन्ने मिसिलबाट देखिन्छ । जाहेरवालासमेतलाई ज्यान मार्नु पर्नेसम्मको कुनै पूर्वरिसइवि वा मनसाय रहेको भन्ने मिसिलबाट देखिँदैन । प्रतिवादीहरू आफ्नो यौन इच्छा परिपूर्तिको लागि जाहेरवालाको घरमा गएको र त्यसैक्रममा टुकी ढली पेट्रोलमा परी आगलागी हुन गएको कुरालाई बिनाआधार प्रमाण अन्यथा भन्नुपर्नेसमेत नदेखिने ।

अनुसन्धानको क्रममा कागज गर्ने प्रकाश विक्रम शाही, जगतबहादुर वादी तथा वस्तुस्थिति मुचुल्कामा बस्ने पिउसरा वादी, केरबहादुर वादी, प्रेम वि.क.समेतका व्यक्तिहरूले घटनापछि थाहा पाएको भनेका छन् । निजहरू चस्मदित गवाह नरहेको अवस्था त छँदै छ सोको अलावा बकपत्रको लागि उनीहरू अदालतमा उपस्थित भएकोसमेत नपाइने ।

अभियोग दाबी वस्तुनिष्ठ र युक्तिसङ्गत् प्रमाणद्वारा पुष्टि भएको देखिनुपर्छ । प्रमाणको अभावमा कसैलाई पनि कसुरदार ठहऱ्याउन न्याय र इन्साफको रोहमा मनासिब हुँदैन । प्रतिवादीहरूले आगो लगाएको भन्ने प्रत्यक्ष, वस्तुनिष्ठ एवम् स्पष्ट प्रमाण अभियोजन पक्षले पेस गर्न सकेको मिसिलबाट नदेखिएको यस्तो अवस्थामा जाहेरवालाको घरमा प्रतिवादीहरू गएकै भन्ने आधारले अनुमान र शङ्काको आधारमा सो आगलागी प्रतिवादीहरूबाट नै भएको हो भनी भन्दा न्यायोचित नहुने ।

अतः प्रतिवादी निर्मल मल्लले आगो लगाई ज्यान मार्ने उद्योग गरेको भन्ने अभियोग दाबीबाट सफाइ दिनु पर्नेमा ज्यान मार्ने उद्योग गरेको ठहऱ्याई ज्यानसम्बन्धीको १५ नं. बमोजिम पाँच वर्ष कैद गर्ने गरेको सुरू कैलाली जिल्ला अदालतको मिति ०७१।३।२४ को फैसलालाई उल्टी गरी निज प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी गजेन्द्र मल्ल र कपिल शाहीको हकमा पुनरावेदन नपरे पनि प्रतिवादी निर्मल मल्लले सफाइ पाएको र निजहरू एकै मुद्दा र एकै प्रकृतिका प्रतिवादी रहेकोसमेतबाट अ.बं.२०५ नं. को कानूनी व्यवस्थाअनुसार निजहरूको हकमा समेत सुरू कैलाली जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी गजेन्द्र मल्ल र कपिल शाहीले समेत अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भनी पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।२।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत २६ गते रोज ३ शुभम् ।

**इजलास नं. १७**

**मा.न्या.श्री डम्बरबहादुर शाही र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** ०७२-CI-०८६५, अंश दपोट हक कायम, *हकीक खाँ वि. हनिफ खाँ*

प्रतिवादी तौकिर खाँको नाउँमा खरिद भएको कि.नं.२१७ को जग्गा खरिद हुँदाको अवस्थामा यी वादी मोहमद हनिफ खाँसमेत साक्षी बसेको भन्ने कुरा मालपोत कार्यालय, कपिलवस्तुको र.नं. २३४८ को राजीनामा लिखतको प्रमाणित प्रतिलिपिबाट देखिन आयो । यसरी उक्त कि.नं.२१७ को जग्गा तौकिर खाँको नाउँमा रहेको थाहा हुँदाहुँदै अंशबन्डा गर्दाको अवस्थामा कुनै उजुरबाजुर नै नगरी वादी हनिफ खाँले स्वीकार गरी बसेको देखिने ।

अर्का प्रतिवादी हकीक खाँको नाममा साबिकमा दर्ता रही हाल बकसपत्रको माध्यमले प्रतिवादी मोतिम खाँको नाममा रहेको सम्पत्तिसमेत पिता पुर्खाको पालाको सम्पत्ति हक सरेर आएको देखिन आउँदैन । जग्गा राजीनामा गरी लिने यी प्रतिवादी हकीक खाँले करिब १९ वर्ष सरकारी नोकरी गरी मिति २०४१।८।२२ मा अवकाश प्राप्त गरेको भन्ने कुरा सुरू मिसिलसाथ रहेको निवृत्तिभरण अधिकार पत्रको प्रतिलिपिसमेतबाट देखिन आउँछ । यसरी अवकाश लगत्तै राजीनामाबाट वादी दाबीका जग्गाहरू प्राप्त गरेको देखिएको हुँदा उक्त सम्पत्तिलाई पैतृक मान्न नमिल्ने।

दाबीको जग्गाहरू पिता पुर्खाको पालाबाट नामसारी हुँदै आएको नदेखिएको र सगोलको आर्जनबाट खरिद गरेको हो भन्ने पनि वादी जिकिरसमेत रहेको नदेखिँदा उल्लिखित जग्गाहरू स्वआर्जनको नै मान्नुपर्ने देखियो । वादीले आधार लिएको मिति २०६३।२।१० को बन्डापत्रमा नै बाबु बाजेको पैतृक सम्पत्ति घर जग्गा लुकाई छिपाई राखेमा दपोट हुने सर्त रहेको छ । तर विवादित जग्गा सम्पत्तिहरू पिता पुर्खाको पालाको नभई प्रतिवादीहरूले पछि आर्जन गरेको र सो जग्गाको बारेमा वादीलाई पूर्वज्ञान रहेको देखिँदा त्यसलाई लुकाई छिपाई राखेको भनी भन्न मिल्ने देखिएन। यदि सो सम्पत्ति बन्डा गर्ने प्रकृतिको थियो भने वादीले बन्डा हुँदाको बखतमा नै यो तथ्यलाई औंल्याउनु पर्दथ्यो। तर वादीले आफूले थाहा जानकारी पाएको उक्त सम्पत्ति बन्डापत्रमा उल्लेख नभएको भनी तत्काल कतै उजुर बाजुर गरेको पनि नपाइने।

तसर्थ, वादी दाबीको जग्गाहरू अंश दपोट हुने ठहऱ्याई भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१२।१५ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७१।५।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

शाखा अधिकृतः- शिवप्रसाद आचार्य

कम्प्युटरः- मन्दिरा रानाभाट

इति संवत् २०७६ साल असार २९ गते रोज १ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री गोपाल पराजुली,** ०७४-WO-०३१४, उत्प्रेषण / परमादेश, *उगेन सन्दुप श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंसमेत*

जग्गाधनी प्रमाणपुर्जामा उल्लिखित ४ जना जग्गाधनीमध्ये जग्गाधनी दलबहादुर श्रेष्ठ (छिमे) र जग्गाधनी नामग्याल भन्ने दिलबहादुर दुवैजना धर्मबहादुर श्रेष्ठका छोराहरू तथा निवेदक जग्गाधनी उगेनसम्दुप श्रेष्ठ र जग्गाधनी विजयबहादुर श्रेष्ठ दुवैजना धर्मबहादुर श्रेष्ठका नाति भई निजहरू छुट्टिभिन्न भएको कुनै कागजातसमेत पेस भएको नदेखिँदा एकाघरका नाताका पर्ने देखिएका छन्। संयुक्त जग्गाधनीमध्ये विपक्षी दलबहादुर श्रेष्ठ (छिमे) ले काठमाडौं महानगरपालिका प्रमुख तथा कार्यकारी अधिकृतको इजलासबाट मिति २०६९।३।८ मा घर टहरा भत्काउने गरी भएको निर्णय / फैसलाउपर पुनरावेदन अदालतसमक्ष पुनरावेदन गरेकोमा सुरू सदर हुने ठहरी मिति २०६९।११।९ मा फैसला भएको तथा सर्वोच्च अदालतमा समेत विपक्षी दलबहादुर श्रेष्ठ (छिमे) को तर्फबाट परेको ०६९-WO-१०७८ को रिट निवेदनसमेत रिट खारेज भएको देखिन्छ । यसरी एकाघरको काका नाताका व्यक्ति दलबहादुर श्रेष्ठ (छिमे) ले महानगरपालिकाले दाबीको घर जग्गा भत्काउने गरी गरेको निर्णयउपर तहतह मुद्दा गरेकोमा उक्त कार्यले मुद्दामा औचित्यपूर्ण प्रतिनिधित्व नगरेको वा निवेदक विरूद्ध बदनियतपूर्ण कार्य गरेको

भन्ने देखिँदैन । एकाघरको अन्यले थाहा पाएकोमा निवेदकले थाहा नपाउने कानूनी आधार प्रस्तुत मुद्दामा निवेदकले पेस नगरेको तथा पूर्व मुद्दामा दलबहादुर श्रेष्ठले निवेदकसमेतको उचित प्रतिनिधित्व नगरेको वा निवेदकलाई बदनियतसाथ असर पार्ने कार्य गरेको कुनै तथ्यपूर्ण आधार वा मागको भिन्नता प्रस्तुत निवेदनमा नखुलाएको अवस्थामा परिणामतः पूर्ववत् मुद्दाको स्थिति भन्दा फरक स्थिति रहेको मान्न नमिल्ने ।

मुद्दामा एकाघरको संयुक्त जग्गाधनीमध्ये एक जनाबाट मुद्दा गरी कानूनी प्रक्रियाबाट रीतपूर्वक फैसला अन्तिम भइसकेपछि उही बेहोराबाट वा तात्त्विक कारण बिना संयुक्त जग्गाधनी भएको भन्ने आधारमा मात्र एकाघरका अन्य सदस्यले पटकपटक मुद्दा गर्ने कार्य अन्ततः फैसला अन्तिमताको सिद्धान्तअनुरूप नहुने ।

वस्तुतः निवेदकले विवादित सम्पत्तिमा आफ्नो हक स्वामित्त्व पूर्ववत् कायम रहिरहेको वा स्थापित हुने कानूनी र औचित्यपूर्ण आधार पेस नगरेको तथा नक्साविपरीत घर बनाउन सुविधा पाएको स्थापित, युक्तियुक्त आधार कारण र प्रमाणसहित निवेदन दर्ता हुन नआएकोले फिराद दर्ता गर्न नमिल्ने भनी काठमाडौं महानगरपालिकाको मिति २०७३।१०।२८ को दरपिठ र सो दरपिठ आदेशलाई परिवर्तन नगरी सदर गरेको काठमाडौं जिल्ला अदालतको मिति २०७४।१।८ को आदेश बेरितपूर्ण नदेखिने ।

तसर्थ निवेदन मागबमोजिम रिट जारी हुने र दरपिठ बदर गर्ने आधार नदेखिँदा कारण देखाउ आदेश जारी गरी लिखित जवाफ मगाउनु परेन । प्रस्तुत निवेदन दाबी खारेज हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कात्तिक ३० गते रोज ५ शुभम् ।

- यसै लगाउको ०७४-WO-०३१५, उत्प्रेषण / परमादेश, *उगेन सन्दुप श्रेष्ठ वि. काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।